सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ कात्तिक २०८२, बुधबार (5 Nov 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

साना–ठुला सबै दलमा नेतृत्व ‘कब्जा’को संघर्ष

जेन-जी पुस्ताको परिवर्तनको आकांक्षा सम्बोधनतिर नलागी प्रमुख दलका नेताहरू पुनः नेतृत्व ‘कब्जा’को शक्ति-संघर्षमा उत्रेका छन्, जसका आधारमा उनीहरूबिच एकता-विभाजन तथा गठन-पुनर्गठनको नयाँ अध्याय सुरु भएको छ





माओवादी, एकीकृत समाजवादीलगायतका आठ दल-समूहको बुधबार हुने एकता सम्मेलनका लागि मंगलबार तयार भइरहेको भृकुटीमण्डपस्थित सभाहल । तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका



महाधिवेशनको मिति तय गर्न मंगलबार बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक । नियमित वा विशेष महाधिवेशन र मितिका विषयमा कांग्रेसका दुई समूहबिच माथापच्ची चलिरहेको छ ।

प्रेम गौतम/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि राजनीतिमा रूपान्तरण र नेतृत्व हस्तान्तरणका लागि तीव्र दबाब सिर्जना भए पनि प्रमुख दलका शीर्ष नेताहरू आफ्नो वर्चस्व कायम राख्ने दौडधुपमा छन् । सत्ता र पार्टी संगठन नियन्त्रणमा लिन नेतृत्व तहमा भएको शक्ति-संघर्षले दलहरूभित्र आन्तरिक विवाद र अविश्वास निम्त्याएको छ ।

नेताहरूमा देखिएको सत्ताकेन्द्रित राजनीतिक दौड एकता-विभाजन तथा पुनर्गठनतिर छ । कतिपय दलभित्रको असन्तुष्टि जुनसुकै वेला विस्फोट हुने अवस्थामा छ । विभाजन हुन बाँकी दलमा पनि सम्भावित फुट र नयाँ गुटबन्दीका रेखा कोरिएका छन् ।

माओवादी केन्द्र र एकीकृत समाजवादीले अन्य साना दल-समूहसँग एकताको

» पृष्ठ २ मा क्रमशः

■ यसरी हुँदै छ आज माओवादी-समाजवादी एकता सम्मेलन

पार्टीभित्रका असन्तुष्ट पक्ष छाडेर माओवादी र एकीकृत समाजवादीलगायत आठ दल-समूहले बुधबार पार्टी एकता घोषणा गर्दै छन् । भृकुटीमण्डपमा आयोजना हुने एकता घोषणालगत्तै नयाँ पार्टी निर्वाचन आयोगमा दर्ता गर्ने तयारी छ । एकता राष्ट्रिय सम्मेलनबाट पार्टी एकता घोषणा, घोषणापत्र र आन्तरिक विधान पारित गर्ने र केन्द्रीय समिति गठनलगायतका काम गर्ने तयारी छ । घोषणापत्रमा पार्टी बनाउनुको उद्देश्य, आधारभूत सिद्धान्त र आमनीति तथा प्रतिबद्धता उल्लेख छ ।

शीर्ष नेताहरूले मंगलबार साँझ पार्टीको नाम ‘नेपाली कम्युनिस्ट पार्टी’ (नेकपा) ठुंगो लगाएका छन् । एकता राष्ट्रिय सम्मेलन नयाँ पार्टीको नामसहित चुनाव चिह्न पाँचतारे तारा घोषणा गरिनेछ । यस्तै, पार्टीको संयोजक र सह-संयोजक पनि घोषणा हुनेछन् । माओवादी संयोजक प्रचण्ड एकीकृत पार्टीको संयोजक र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल सहसंयोजक रहनेछन् ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको माओवादी, माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी, महिन्द्रराय यादव नेतृत्वको नेसपा, सुवास काफ्ले नेतृत्वको जनसमाजवादी, राजु कार्की नेतृत्वको नेकपा समाजवादी, चिरण पुन नेतृत्वको नेकपा, कर्णजित बुढाथोकी नेतृत्वको माओवादी-समाजवादी र प्रेमबहादुर सिंह नेतृत्वको नेकपा साम्यवादी पार्टी एकतामा सहभागी छन् । एकताका लागि ती पार्टी-समूहले आ-आफ्नो पाटी-समूहभित्र निर्णय गराइसकेका छन् ।

» पृष्ठ २ मा क्रमशः

■ एकतामा आएनन् जनार्दन



माओवादी नेता जनार्दन शर्मा एकता प्रक्रियामा आएनन् । माओवादी बैठक चलिरहेको वेला उनले पत्रकार सम्मेलन गर्दै ‘प्रगतिशील अभियान नेपाल’ घोषणा गरेका छन् । नेताहरू राम कार्की, सुदन किराँती, अञ्जना बिसंखेलगायतका नेताको उनलाई साथ छ ।

समाजवादीको भुसाल समूह पुनर्गठनमा, झाँक्री समूह एमाले फर्किने तयारीमा

एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले पार्टी पुनर्गठन, रूपान्तरण र ध्रुवीकरणको मोडल अघि सार्ने भएका छन् । बुधबार पत्रकार सम्मेलनमार्फत त्यसको घोषणा गर्दै छन् । उता नेतृ रामकुमारी झाँक्री समूहले भिन्नै पत्रकार सम्मेलन बोलाएको छ । यो समूह एमालेमा फर्किने तयारीमा छ ।

महाधिवेशनबारे कांग्रेसमा दुई समूहका छुट्टाछुट्टै प्रस्ताव

● महामन्त्री **गगन थापाको प्रस्ताव**



१६ देखि १९ पुसमा १५औँ महाधिवेशन गरेर नयाँ नेतृत्वसहित चुनावमा जानुपर्छ ।

● संस्थापनका तर्फबाट सहमहामन्त्री **महेन्द्र यादवको प्रस्ताव**



निर्वाचनअगाडि होइन, २७ देखि ३० वैशाख ०८३ मा महाधिवेशन गर्नुपर्छ ।



● कृष्ण सिटौला, पूर्वमहामन्त्री

कांग्रेसजस्तो ठुलो दल नै चुनावमा नहोमिएर महाधिवेशनका नाममा आन्तरिक झगडा र प्रतिस्पर्धामा लाग्ने हो भने कसरी चुनावी वातावरण बन्छ ? अनि झगडा गरेर चुनावमा जाँदा हालत के हुन्छ ?

शुरोजंग पाण्डे/नयाँ पत्रिका

कम्युनिस्ट पार्टीहरूमा मात्र होइन, विघटित प्रतिनिधिसभाको सबैभन्दा ठुलो दल कांग्रेसमा पनि महाधिवेशनको मिति र प्रक्रियालाई लिएर आन्तरिक भाँडभैलो मच्चिएको छ । केन्द्रीय कार्यसम्पादन समितिमा लामो प्रयास र शीर्ष नेताहरूबिचको अनौपचारिक संवादपछि पनि समझदारी नबनेपछि केन्द्रीय कार्यसमिति बैठकमा संस्थापन र इतर पक्षले

» पृष्ठ २ मा क्रमशः

नारायणी अस्पतालले दुई करोडमा किनेको अक्सिजन प्लान्ट पाँच वर्षदेखि प्रयोगविहीन

वीरगन्जमा **तिवारी यादव**

वीरगन्जमा रहेको नारायणी अस्पतालले कोभिड- १९ को संक्रमणका वेला ०७७ मा दुई करोडमा किनेको अक्सिजन प्लान्ट अझै प्रयोगमा आएको छैन ।

पुरानै प्लान्ट सञ्चालनमै रहेका वेला खरिद गरिएपछि प्रयोगमै नआएको अस्पताल प्रशासनले जनाएको छ । त्यही भएर मेडिकल सुपरिटेन्डेन्ट बस्ने क्वार्टरको पछाडिको नयाँ भवननजिकै प्लान्ट छोपेर राखिएको छ ।

नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले थन्किएर बसेको अक्सिजन प्लान्ट अस्पतालको नयाँ भवनमा लगाउने तयारी भइरहेको बताए । अहिले अस्पतालमा पुरानै अक्सिजन प्लान्ट चलिरहेकाले अब निर्माण हुने भवनमा नयाँ प्लान्ट लगाइने उनले बताए ।

वीरगन्जका सागर साहले मधेश प्रदेशभरबाट बिरामी आउने भन्दै त्यसवेला प्लान्ट किनिए पनि हालसम्म

» पृष्ठ २ मा क्रमशः

■ अक्सिजन प्लान्ट तीनवटा छन्, एउटा मात्र चल्छ



नारायणी अस्पतालमा दुई करोडमा किनेर पाँच वर्षदेखि बेवारिसे छाडिएको अक्सिजन प्लान्ट । संघ सरकारअन्तर्गत मधेश प्रदेशमा रहेका दुई अस्पतालमध्ये नारायणी एक हो । मधेश क्षेत्रका बिरामीको चाप हुने यो अस्पतालमा हाल तीनवटा अक्सिजन प्लान्ट छन् । तर, एउटा लिक्विड बेस अक्सिजन प्लान्ट मात्र सञ्चालनमा छ ।

जेन–जी आन्दोलनको आडमा आपराधिक गतिविधिमा संलग्न ३७५ जना पक्राउ, १४१ मुद्दा दर्ता



प्रहरीले थाल्यो सर्वोच्च र काठमाडौं जिल्ला अदालत आगजनीको अनुसन्धान

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

‘यलुङ री हिमपहिरो’मा परेका दुई नेपालीको शव फेला

पाँच विदेशी अझै बेपत्ता

■ मृत भेटिएका नेपाली : **सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका- ५ का मेरे कार्की र दोलखा गौरीशंकर गाउँपालिका- ९ का पदम तामाङ**

■ बेपत्ता विदेशी : **इटालीका पाउलो कोको र मार्कस किचलर, जर्मनीका ज्याकोब श्राइवर, फ्रान्सका क्रिस्चियन आन्द्रे मनफ्रेडी र क्यानडाका मार्को डी मार्सेलो**

नयाँ पत्रिका

दोलखाको रोल्वालिङ हिमशृंखलाअन्तर्गतको यलुङ री हिमालमा गएको हिमपहिरोमा परेका आरोहीमध्ये दुई नेपालीको शव फेला परेको छ । पाँच विदेशी आरोही अझै बेपत्ता छन् ।

दोलखाका प्रहरी प्रमुख डिएसपी ज्ञानकुमार महतोका अनुसार उद्धार टोलीले कठिन

» पृष्ठ २ मा क्रमशः

■ गोरखामा हिमपातका कारण पदमार्गमा फसेका दुई पर्यटकको मृत्यु

गोरखाको चुमनुब्री गाउँपालिका- १, पाङबोचेस्थित पाङबारी पिक आरोहणमा जाँदा वर्षा र हिमपातका कारण पदमार्गमा फसेका दुई पर्यटकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी राजकुमार श्रेष्ठका अनुसार इटालियन नागरिक ६७ वर्षीय स्तेफानो फर्रीनातो र ३७ वर्षीय अलेस्सान्द्रो गापुटोको मृत्यु भएको हो । पाङबारी क्षेत्रमा पाँच दिनदेखि बेपत्ता उनीहरू मंगलबार हिउँले पुरिएको अवस्थामा मृत भेटिएको श्रेष्ठले बताए । सात हजार पाँच मिटर अग्लो पाङबारी हिमाल आरोहणका लागि गएका उनीहरू आरोहण गर्न नसकेपछि पहिलो शिविरबाट फर्कने क्रममा बाटोमै हिउँमा फसेका थिए ।



साना–ठुला...

पृष्ठ १ बाट क्रमशः

घोषणा गरेका छन् । तर, माओवादी र एकीकृत समाजवादीभित्रका असन्तुष्ट समूह अलग ध्रुवीकरण र पार्टी निर्माण प्रक्रियामा जुट्न थालेका छन् । कांग्रेसमा आसन्न महाधिवेशनलाई लिएर संस्थापन पक्ष र इतर समूहबिचको शक्ति-संघर्ष चरम विन्दुमा पुगेको छ । कांग्रेस नेताहरूको महाधिवेशनमाथिको नजर संगठन सुदृढीकरणभन्दा पद र प्रतिष्ठाको प्रतिस्पर्धाउन्मुख बन्दै गएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भित्र अध्यक्ष र महामन्त्रीबिचको विवाद सतहमा पोखिएको छ । दुवै पक्ष अलग-अलग भेला र छलफलमा व्यस्त छन् । 'राप्रपा पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन होस् वा पार्टी महामन्त्री धवलशमशेर राणा होस् यसरी गुट- उपगुटका भेला तत्काल बन्द गर्नुहोस्,' नेता ज्ञानेन्द्र शाहीले लेखेका छन्, 'यस्तो अवस्थामा राष्ट्रवादीहरू एक ढिक्का हुने हो फुटेर होइन जुटेर अगाडि बढ्ने हो । यदि तपाईंहरू मिलेर जान सक्दैनौ भने युवारूको भविष्य बर्बाद गर्ने तपाईंहरूको अधिकार छैन ।'

यसरी हुँदै छ...

पृष्ठ १ बाट क्रमशः

पुँजीवादी जनवादी क्रान्तिको उपलब्धिको रूपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, सामाजिक न्याय र आर्थिक-सामाजिक रूपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिस्ट आन्दोलनको एकीकरण आजको वस्तुगत आवश्यकता भएको उनीहरूको ठहर छ । पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, नेपाली क्रान्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुनेछ । पार्टीको तत्कालीन कार्यदिशा पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रूपान्तरण गर्दै समाजवादको आधार तयार गर्ने रहेको छ । आन्दोलनको स्वरूप मूलतः शान्तिपूर्ण हुने, परिस्थितिअनुसार सडक, सदन र सरकारलगायत आवश्यकताअनुसारका सबै मोर्चाहरू आन्दोलनका मोर्चा हुनेछन् । एकता प्रक्रियामा सहभागी भएका पार्टीहरूका साबिकका केन्द्रीय समितिहरूलाई समायोजन गर्दै आपसी सहमतिका आधारमा केन्द्रीय समिति गठन गर्ने तयारी छ । पार्टीका केन्द्रीय संरचनामा केन्द्रीय समिति, राजनीतिक समिति (पोलिटब्युरो), सचिवालय र कार्यसंयोजन समिति हुनेछ । प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरूमा पनि संयोजक र सह-संयोजक रहनेछन् ।

कुनै पनि सदस्य दुई तहको समितिमा रहन पाउने भएको छ । पार्टी समितिहरूको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप हुनेछ । आगामी ६ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने समझदारी छ । एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजक, संगठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने सहमति छ ।

पार्टी समितिहरू र जनसंगठनमा संगठनात्मक एकता र समायोजनका लागि विभिन्न तहमा कार्यदल गठन गरिने भएको छ । पार्टीको तहगत कार्यकारी समितिहरूमा केन्द्र, भौगोलिक र गैरभौगोलिक प्रदेश, जिल्ला, पालिका र वडा कार्यकारी हुनेछन् । संघ र प्रदेश निर्वाचन क्षेत्रमा समन्वय समिति हुने र टोल तथा प्रारम्भिकस्तरका समितिहरू संगठन समितिको रूपमा रहनेछन् । माओवादीको राष्ट्रिय महाधिवेशन आयोजक समितिको बैठकले एकता सहमतिलाई अनुमोदन गरेको छ । बैठकमा प्रचण्डले एकता सहमतिबारे जानकारी गराएका थिए ।

जनार्दन शर्माले थाले नयाँ अभियान

काठमाडौं / माओवादीको राष्ट्रिय महाधिवेशन आयोजक समितिले एकीकृत समाजवादीलगायतका दल-समूहसँग एकता गर्ने सहमति अनुमोदन गरेकै दिन पार्टीका पूर्वउपमहासचिव एवं सचिवालय सदस्य जनार्दन शर्मा भने बाहिरिएका छन् । माओवादी बैठक चलिरहेको वेला शर्माले ललितपुरमा पत्रकार सम्मेलन गरेर 'प्रगतिशील अभियान नेपाल' घोषणा गरेका छन् । पत्रकार सम्मेलनमा माओवादी नेताहरू राम कार्की र अञ्जना बिसंखेलगायतका नेता सहभागी थिए ।

शर्माले माओवादी आन्दोलनका बाँकी रहेका कार्यभार पूरा गर्दै वाम आन्दोलनलाई नयाँ ढंगले पुनर्गठन गर्ने दाबी गरे । देशभर 'प्रगतिशील अभियान नेपाल' सञ्चालन गरेर क्षमतावान् र योग्य युवा नेतृत्वलाई राजनीतिमा ल्याउन योगदान गर्ने आगामी कार्यभार रहेको उनले बताए । उनले जेन-जी आन्दोलनको भावनाअनुसार पार्टी पुनर्गठन गर्ने प्रक्रिया थाले पनि बिचमै त्यसलाई छाडेर एकीकृत समाजवादीलगायतका दल र समूहसँग एकता प्रक्रिया थालेकोमा असहमति रहेको बताए ।

'पार्टीलाई रूपान्तरण गर्ने, पारदर्शी बनाउने, सुशासनको पक्षमा जवाफदेही बनाउने, पार्टीभित्र विधिपद्धति लागू गर्ने र पार्टीलाई समग्र रूपले पुनर्गठन र पुनर्संरचना गरेर अगाडि बढ्ने बहस गरिरहेका छौं । तर, भ्रष्टाचार र सुशासनको जगमा भएको जेन-जी विद्रोहअनुसार पार्टीलाई रूपान्तरण गर्ने हाम्रा कोसिसहरू पार्टीभित्र छलफल भएनन्,' पार्टी परित्यागको कारण बताउँदै शर्माले भने, 'आज भन्न भद्रगोल र विधिविहीन बनाएर, एक वा दुई नेताहरूको हातमा सम्पूर्ण शक्ति केन्द्रित गर्ने अभिप्रायका साथ नाटक गरिएको छ । जेन-जी आन्दोलनले उठाएको भ्रष्टाचार नियन्त्रण र सुशासनको मागविपरीत एकता गर्ने काम भइरहेको छ, यसमा सहमत हुन सकेनौं ।'

उनले माओवादीसहित आठ दल र समूहको एकता प्रक्रिया अहिलेको परिस्थितिसँग सुहाउँदो नभएको पनि बताए । 'प्रचण्डले पार्टी पुनर्गठन गर्नुपर्छ भनेर अगाडि बढ्नुभएको थियो, तर अहिले फेरि जेन-जी आन्दोलनको मर्मविपरीत एकताको कुरा गर्नुभएको छ । यसले राजनीति र देशका संरचनालाई कुनै योगदान गर्न सक्दैन,' उनले भने । उनले एकताका नाममा माओवादी पार्टीप्रति जनता र मतदातामा घृणा फैलाउने काम भइरहेकोसमेत आरोप लगाए । माओवादी अध्यक्ष प्रचण्डले एकता प्रक्रियामा सहभागी हुन गरेको अपिलतर्फ संकेत गर्दै उनले तत्काल सम्भावना नरहेको पनि बताए । 'प्रचण्ड र माधव नेपालको एकतालाई जनताले अस्वीकार गरिसकेका छन् । यस्तो अभियानमा हामी सहभागी हुन सकेनौं,' उनले भने ।

०७४ को निर्वाचनअघि एमाले र माओवादीको एकता प्रक्रिया अघि बढाउन शर्मा माओवादीतर्फबाट खटिएका थिए । त्यतिवेला पार्टीको नाम र चुनाव चिह्न नै त्याग गर्न तयार रहेका शर्माले अहिलेको एकता प्रक्रियामा असन्तुष्टि जनाउनुको अर्थ नरहेको भन्दै माओवादी नेता तथा कार्यकर्ताले विरोध पनि गरिरहेका छन् । त्यसप्रति पनि शर्माले जवाफ दिए, 'नेकपा बनाउन हस्ताक्षर गरेको विषयसँग अहिलेको कुनै साइनो र तुक छैन । त्यतिवेला बृहत् वामपन्थी एकता गरेर राजनीतिक अस्थिरतालाई समाप्त गर्न खोजिएको थियो । समाजवादको सपना पूरा गर्ने, वामपन्थीको ध्रुवीकरण गर्ने र देशलाई समृद्धिको दिशामा अगाडि बढाउने उद्देश्य थियो । त्यसले परिणाम पनि दियो । जनताले झन्डै दुईतिहाइ मत दिए । तर, नेताहरूले त्यो उपलब्धिलाई स्वीकार गर्न सकेनन् र कुर्सी स्वार्थका लागि वाम ध्रुवीकरणलाई विघटन गरिएको थियो ।'

युवा पुस्तामा राजनीतिक नेतृत्व अभियान चलाउने

शर्माले खासगरी युवालाई राजनीतिक नेतृत्वमा ल्याउने गरी देशभर प्रगतिशील अभियान चलाउने जनाएका छन् । 'राष्ट्रलाई माया गर्ने, देशलाई समृद्ध गर्न चाहने, सुशासन कायम गर्न चाहने, पारदर्शितालाई आत्मसाथ गर्ने, उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग, समुदायका समस्याप्रति प्रतिबद्ध भएको अभियान सञ्चालन गर्न गइरहेका छौं,' उनले भने ।

अभियानबाट नयाँ पुस्ताको अगुवाइमा सहभागितामूलक संरचना निर्माण हुने र आफू पर्दापछाडि बसेर योगदान मात्रै गर्ने उनले जानकारी दिए । 'देशव्यापी अभियानबाट नयाँ पुस्ताको अगुवाइमा नयाँ अनुहार र समावेशितालाई आत्मसाथ गरी जनताप्रति उत्तरदायित्व हुने गरी सहभागितामूलक संरचना निर्माण हुनेछ,' उनले भने, 'यसका लागि हामीले मद्दत गर्नेछौं । क्षमतावान् र योग्य नयाँ पुस्तामार्फत जानुपर्छ भन्ने प्रतिबद्धता हो । यही अभियान देशभर लैजानेछौं ।'

राम कार्कीले भने- दर्ज्यांनी चिह्न मिल्काएर समाजवादको अभियानमा जुटौं

शर्मासँगै पत्रकार सम्मेलनमा उपस्थित माओवादी नेता राम कार्कीले पनि युवालाई नेतृत्वमा ल्याउन मद्दत गर्ने बताए । 'हामी केही थान पार्टी गठन गर्न गइरहेका छैनौं,' उनले भने, 'हामी पहिला आफ्नो कमीकमजोरी स्वीकार गरेर कञ्चन हुन्छौं, सफा हुन्छौं । र, एकीकृत अभियान सुरु गर्छौं ।'

समाजवादीको भुसाल समूह पुनर्गठनमा, झाँक्री समूह एमाले फर्किने तयारीमा

माओवादीसँग एकता गर्ने पार्टी निर्णयमा असहमत एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले पार्टी पुनर्गठन, रूपान्तरण र ध्रुवीकरणको मोडल अघि सार्ने भएका छन् । त्यसका लागि बुधबार त्रिपुरेश्वरमा पत्रकार सम्मेलन आयोजना गरिएको एकीकृत समाजवादीका स्थायी समिति सदस्य डा. विजय पौडेलले बताए । उनका अनुसार बुधबार अभियान घोषणा हुनेछ, तर पार्टी पुनर्गठन प्रक्रिया भने केही समयपछि सुरु गरिनेछ ।

विगतको वामपन्थी आन्दोलनको समीक्षा, अबको वाम आन्दोलनको बाटो र संगठनको चरित्र बताउन विशेष पत्रकार सम्मेलन आयोजना गरिएको भुसालनिकट पोलिटब्युरो सदस्य एवं प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले बताए । यो समूह र माओवादीको जनार्दन शर्मा समूहबिच सहकार्यको गृहकार्य छ । माओवादीलगायतका शक्तिसँग एकता गर्ने पार्टी निर्णयमा असन्तुष्ट रहेको भए पनि महासचिव घनश्याम भुसाल समूहतिर नलागेको स्थायी कमिटी सदस्य रामकुमारी झाँक्री समूहले भिन्दै पत्रकार सम्मेलन बोलाएको छ । एकीकृत समाजवादीमा आबद्ध क्रान्तिकारी साथीहरूको नाममा बबरमहलस्थित होटेल बसेरामा बिहान १० बजे पत्रकार सम्मेलन आयोजना गरिएको छ ।

■ दोहामा राष्ट्रसंघीय सम्मेलनलाई राष्ट्रपति पौडेलको सम्बोधन

'निर्वाचनले राजनीतिक निकास दिन्छ, समृद्धि ल्याउँछ'

काठमाडौं / राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनमार्फत नेपालले स्थिरता कायम गर्ने र त्यसपछि समृद्धि हासिल गर्ने सन्देश अन्तर्राष्ट्रिय समुदायलाई दिएका छन् । कतारको राजधानी दोहामा सुरु भएको दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलनलाई मंगलबार सम्बोधन गर्दै उनले जेन-जी आन्दोलनपछि संविधान र लोकतान्त्रिक प्रणाली जोगाउँदै मुलुकलाई सुरक्षित अवतरण गरेको बताउँदै निर्वाचनमार्फत राजनीतिक निकास दिएर नेपाल समृद्धिको बाटोमा लाग्ने बताएका हुन् ।

'विश्वका कतिपय मुलुकमा सुशासनका पक्षमा युवा पुस्ताले ल्याएको उभारजस्तै हाम्रो मुलुकमा पनि २३ र २४ भदौमा जेन-जीका नाममा प्रदर्शन भएको थियो । संविधान र लोकतान्त्रिक प्रणाली जोगाउँदै मुलुकलाई सुरक्षित अवतरण गरेर फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा भएको छ,' उनले विश्व समुदायमाझ भने, 'यो निर्वाचनले नेपाललाई राजनीतिक निकास दिँदै सुशासन, विकास र समृद्धिको बाटोमा अगाडि बढाउने हामीलाई विश्वास छ ।'

विकासोन्मुख देशहरूका लागि स्रोतका साथै प्राविधिक ज्ञान तथा सिप आवश्यक रहेको राष्ट्रपति पौडेलको भनाइ थियो । समावेशिता र साझा समृद्धि दिगो शान्ति, उन्नति र मानवीय मर्यादाको आधारशिला भएको बताए । 'हामीले आज जे गर्छौं, त्यसैले भविष्य निर्माण गर्ने हो, तसर्थ हामी त्यस्तो भविष्यको डिजाइन गरौं, जसले सबैका लागि सामाजिक-आर्थिक विकास सुनिश्चित गरोस्,' उनले भने ।

राष्ट्रसंघीय महासचिव गुटेर्रेससँग भेटवार्ता

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले मंगलबार राष्ट्रपति पौडेलसँग दोहामा शिष्टाचार भेट गरेका छन् । 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन पुगेका राष्ट्रपति पौडेल र महासचिव गुटेर्रेसबिच भेटवार्ता भएको हो ।

राष्ट्रपतिको सचिवालयका अनुसार राष्ट्रपति पौडेलले कोपनहेगन प्रतिबद्धतालाई कार्यान्वयन गर्न र सामाजिक विकासलाई तीव्रता दिन संयुक्त राष्ट्रसंघका महासचिवले निर्वाह गरेको भूमिकाको प्रशंसा गरे । नेपाल शान्ति, सामाजिक न्याय र दिगो विकासका साझा लक्ष्य प्राप्तिका लागि राष्ट्रसंघसँग निकट रही काम गर्न नेपाल तयार रहेको राष्ट्रपतिको भनाइ थियो । नेपालको पछिल्लो आन्दोलनको पनि राष्ट्रपतिले चर्चा गरेको उनको सचिवालयले जनाएको छ ।

महाधिवेशनबारे...

पृष्ठ १ बाट क्रमशः

महाधिवेशनको अलग-अलग मिति र कार्यतालिका प्रस्ताव गरेका छन् । बैठकमा महामन्त्री गगन थापाले आगामी १६ देखि १९ पुसमा १५ औं महाधिवेशन गर्ने गरी प्रस्ताव पेस गरेका छन् । जबकि संस्थापन पक्षबाट सहमहामन्त्री महेन्द्र यादवले २७ देखि ३० वैशाख ०८३ मा महाधिवेशन आयोजना गर्ने कार्यतालिका पेस गरेका छन् । कांग्रेस केन्द्रीय कार्यसमितिको चारवर्षे कार्यकाल आगामी मंसिरमा सकिने भए पनि विधानअनुसार एक वर्ष लम्ब्याउन सम्भव हुन्छ ।

बैठकमा प्रस्तावहरू महामन्त्रीले पेस गर्ने अभ्यास रहे पनि कार्यवाहक सभापति पूर्णबहादुर खड्काले थापाले पेस गरेको प्रस्तावलाई औपचारिक एजेन्डा बनाएका छैनन् । उनले थापा र यादव दुवैलाई महाधिवेशनका सम्बन्धमा धारणाका रूपमा अलग-अलग कार्यतालिका पेस गर्न अनुमति दिएका हुन् । कांग्रेस केन्द्रीय कार्यालयको विज्ञप्तिमा बैठकमा कुन एजेन्डामा छलफल भयो भन्ने खुलाइएको छैन, धारणा राख्ने नेताको मात्र नाम उल्लेख छ ।

कांग्रेसमा संस्थापन पक्ष वैशाख र महामन्त्री थापा र विश्वप्रकाश शर्मा तथा शेखर कोइराला पक्ष पुसभित्रै महाधिवेशन गर्नुपर्ने पक्षमा छन् । दुवै समूहबिच अलग-अलग र केन्द्रीय कार्यसम्पादन समितिमा समेत सहमति नजुटेपछि कार्यवाहक सभापति
खड्काले बहुमत-अल्पमत विधिबाट महाधिवेशनको मिति टुंगो लगाउने गरी छलफल अगाडि बढाएका छन् । संस्थापन पक्ष केन्द्रीय समितिमा बहुमतको बलमा इतर समूहलाई गलाउने रणनीतिमा छ । इतर पक्षले विशेष महाधिवेशनका लागि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले बुझाएको हस्ताक्षरलाई दबाबको हतियार बनाएको छ । तैपनि दुवै पक्ष सहमतितिर उन्मुख छैनन् ।

बैठकपछि कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले महामन्त्री थापा र सहमहामन्त्री यादवले व्यक्तिगत रूपमा महाधिवेशनको कार्यतालिका पेस गरेको बताए । उनका अनुसार कार्यवाहक सभापति पूर्णबहादुर खड्काले एजेन्डाबारे केही बताएका छैनन् । 'कार्यवाहक सभापतिले महामन्त्री र सहमहामन्त्री दुवैलाई व्यक्तिगत धारणाका रूपमा महाधिवेशनको कार्यतालिका राख्न दिनुभएको हो, पार्टीका तर्फबाट कहिले महाधिवेशन गर्ने सवालमा औपचारिक एजेन्डा प्रस्तुत भएको होइन,' नेता सिटौलाले भने, 'कार्यवाहक सभापतिले केही पनि बोल्नुभएको छैन, अहिलेलाई छलफल प्रक्रिया मात्र अगाडि बढेको छ ।'

महाधिवेशनलाई आत्मसमीक्षा र पुनर्जन्मको अवसरका रूपमा अर्थ्याउँदै महामन्त्री थापाले १६ पुसमा नियमित महाधिवेशन नगर्ने हो भने विशेष महाधिवेशनको विकल्प नहुने बताए । 'राष्ट्रिय राजनीतिमा आएको उथलपुथलपछि हुन लागेको महाधिवेशनलाई साधारण अधिवेशनजस्तो केवल आन्तरिक प्रक्रिया ठान्न मिल्दैन । यो नै हाम्रो नैतिक पुनर्जन्मको अवसर हो,' थापाले प्रस्ताव राख्दै भनेका छन्, 'त्यही मञ्चबाट हामी देशलाई भन्न सक्छौं-हामीले गल्ती गरेका थियौं, हामीले जनआवाज सुनेका छौं, अब हामी सुधार गर्न तयार छौं । र, यो अधिवेशनमार्फत कांग्रेसले सन्देश दिन सक्छ- अब पार्टीभित्र भ्रष्टाचार र स्वार्थको कुनै स्थान छैन, पारदर्शिता र जवाफदेहिता अनिवार्य हुनेछ, नेतृत्वको हस्तान्तरण र पुस्तान्तरण नियमित र स्वाभाविक हुनेछ ।'

प्रतिनिधिसभा निर्वाचनअगावै महाधिवेशन गर्नुपर्नाका कारण खुलाउँदै थापाले मतदाता कहिले कांग्रेसको उम्मेदवार भोट माग्न आउँछन् भनेर पर्खेर नबस्ने बताए । साथै उनले दुई महामन्त्रीले भाग नलिने सर्तमा भए पनि महाधिवेशन आयोजना गर्नुपर्ने भन्दै चुनौतीको भाषा प्रयोग गरेका थिए । 'यदि तिमीहरू दुईजनाले यसपटकको महाधिवेशनको रेसमा भाग लिन पाउँदैनौ भनेर महाधिवेशनतिर लैजाने हो भने पनि हामी तयार छौं । त्यो कुराले गाँठो खुल्छ भनेर वाचाबन्धन गरेर जाऊँ,' बैठकमा उनले भनेका थिए ।

थापालगत्तै संस्थापनका तर्फबाट सहमहामन्त्री यादवले महाधिवेशनको काउन्टर कार्यतालिका प्रस्ताव प्रस्तुत गर्दै अहिलेको अवस्थामा पार्टी चुनावमा होमिनुको विकल्प नभएको बताए । लगत्तै उनको प्रस्तावलाई नेता सिटौलाले समर्थन जनाउँदै आफ्ना धारणा प्रस्तुत गरेका थिए । सरकारले चुनाव घोषणा गरिसकेको अवस्थामा सम्पूर्ण तयारीका साथ कांग्रेसजस्तो पार्टी नहोमिँदा देशमा चुनावको वातावरण नै नबन्ने सिटौलाको भनाइ थियो ।

नेता सिटौलाले अहिलेलाई महाधिवेशनको एजेन्डा स्थगित गरी चुनावलाई मात्र एजेन्डा बनाएर छलफल गर्न प्रस्ताव गरेका थिए । 'निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका फटाफट अगाडि बढिरहेको छ, अब केही समयमै समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूची बुझाउने वेला आउँछ, त्यसवेला महाधिवेशन गर्ने कि उम्मेदवारहरूबारे छलफल चलाउने ? निर्वाचनमा जानका लागि पार्टीले घोषणापत्र बनाउनुपर्छ, कार्यक्रम तय गर्नुपर्छ, देशमा भएको यत्रो घटनाको समीक्षा गरेर जनतामा जानुपर्छ,' सिटौलाले भने, 'कांग्रेसजस्तो ठुलो दल नै चुनावमा नहोमिएर महाधिवेशनका नाममा आन्तरिक झगडा र प्रतिस्पर्धामा लाग्ने हो भने देशमा कसरी चुनावी वातावरण बन्छ ? अनि झगडा गरेर चुनावमा जाँदा कांग्रेसको हालत के हुन्छ ? त्यसैले अहिलेको एजेन्डा महाधिवेशन होइन, पार्टीलाई माथिदेखि तलसम्म एकताबद्ध बनाएर चुनावमा होमिने हो ।'

त्यस्तै, सिटौलाले महामन्त्री थापाले पार्टीलाई कमजोर बनाएर आफू मात्र पपुलिस्ट बन्न सामाजिक सञ्जालमा विभिन्न अभियान चलाउने गरेको र अरू नेताहरूको मानमर्दन गर्ने गरेको आरोपसमेत लगाएका थिए ।

मंगलबार बैठकमा महामन्त्री थापा र सहमहामन्त्री यादवले अलग-अलग कार्यतालिका पेस गरेपछि कोषाध्यक्ष उमेश श्रेष्ठ, नेता कृष्णप्रसाद सिटौलासहित डा. चन्द्रकान्त भण्डारी, कर्णबहादुर बुढा, डा. रणबहादुर रावल, दिलमान पाख्रिन, कुन्दनराज काफ्ले, राधा घले र शारदा पौडेलले धारणा राखेका थिए । बैठक बुधबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए ।

थापानिकट केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले बैठकमा महामन्त्रीले प्रस्ताव राख्ने कांग्रेस परम्परा रहेको बताए । 'महामन्त्रीले राख्ने प्रस्ताव पार्टीको प्रस्ताव हो, व्यक्तिको होइन, अरूले महामन्त्रीले राखेको प्रस्तावमाथि छलफलमा भाग लिने हो, त्यसैले अरू कसैले प्रस्ताव भन्दै दाबी गरेको छ भनेचाहिँ बरु व्यक्तिगत धारणा हो,' उनले भने ।

'यलुङ री...

पृष्ठ १ बाट क्रमशः

भौगोलिक परिस्थितिबिच दुई नेपाली पथप्रदर्शकको शव निकालेको छ । सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका- ५ का मेरे काकी र दोलखा गौरीशंकर गाउँपालिका- ९ का पदम तामाङको शव फेला परेको हो ।

'हिमपहिरोमा परेकाहरूको पहिचान खुलेको छ, दुईजना नेपालीको शव निकालिएको छ,' उनले भने, 'बाँकी विदेशी आरोहीहरूको खोजीकार्य जारी छ ।'

हिमपहिरोमा बेपत्ता विदेशी आरोहीमा इटालीका पाउलो कोको र मार्कस किचर्लर, जर्मनीका ज्याकोब श्राइवर, फ्रान्सका क्रिस्चियन आन्द्रे मनफ्रेडी र क्यानडाका मार्को डी मार्सेलो रहेको डिएसपी महतोले बताए । हिमपहिरो गएको क्षेत्रमा उनीहरूको शव खोजी भइरहेको प्रहरीले जनाएको छ ।

हिमपहिरोमा परी गम्भीर घाइते अवस्थामा फेला परेका चारजनाको मंगलबार बिहान उद्धार गरिएको डिएसपी महतोले बताए । उनका अनुसार गम्भीर घाइते अवस्थामा यलुङ री बेसक्याम्पमा रहेका दुई फ्रान्सेली आरोहीहरू इस्वेल्ली सोलंगे र डिडिअर अरमन ब्रेटनको उद्धार गरिएको हो । युलङ री बेसक्याम्पबाटै नेपाली पथप्रदर्शक सोलुखुम्बु सल्लेरीका लाक्पा शेर्पा र गोरखा धार्चेका सुनबहादुर गुरुङलाई पनि गम्भीर अवस्थामा उद्धार गरिएको छ । विदेशी आरोहीहरूको एरा अस्पताल र नेपाली पथप्रदर्शकको ह्याम्स अस्पतालमा उपचार भइरहेको छ ।

अन्य सामान्य घाइते तीन फ्रान्सेली र तीन नेपालीको ना गाउँबाट उद्धार गरिएको डिएसपी महतोले बताए । सबैको अवस्था सामान्य छ । महतोका अनुसार तीन विदेशी आरोहीमा दुई महिला र एकजना पुरुष छन् । जसमा फ्रान्सका क्यारोल फुचस र थावन इश्वेली सोलुंगे तथा डिडिआर अरमन्ड बेटिअर छन् । त्यस्तै, उद्धार गरिएका नेपालीमा बाराका छुल्ठिम डोल्मा गुरुङ, ठेगाना नखुलेका निमा ग्याल्जेन शेर्पा र स्याङ्जाका राज गुरुङ छन् ।

ड्रिम्स डेस्टिनेसन ट्रेक्स एन्ड एक्सपिडिसन कम्पनीको व्यवस्थापनमा रहेको आरोहण टोली सोमबार बिहान हिमपहिरोमा परेको थियो । ५६३० मिटर अग्लो यलुङ री आरोहणका लागि सोमबार बिहान आठ विदेशी आरोही र सात नेपाली पथप्रदर्शक त्यसतर्फ गएका थिए ।

बेपत्ता भएका भनिएका कीर्तिमानी आरोही फुर्वा तेन्जिङ सुरक्षित

'यलुङ री' हिमालको हिमपहिरोमा बेपत्ता भनिएका कीर्तिमानी आरोही फुर्वा तेन्जिङ भने सुरक्षित छन् । दाजु पेम्बाका अनुसार फुर्वा तेन्जिङसहितको टोली पहिल्यै आरोहण सकेर फर्किसकेको थियो ।

नारायणी अस्पतालले...

पृष्ठ १ बाट क्रमशः

प्रयोगमा नल्याएर राज्यकोषको दुरुपयोग गरिएको बताए । नारायणी अस्पतालमा अक्सिजन प्लान्ट तीनवटा छन् । तर, लिक्विड बेस अक्सिजन प्लान्ट मात्र सञ्चालनमा छ । प्रेसर स्विङ एडसप्सन प्लान्ट बन्द छ भने कोभिड-१९ मा किनिएको प्रेसर स्विङ एडसप्सन प्लान्ट जडान नगरी राखिएको छ । अस्पतालका अनुसार सञ्चालनमा रहेको लिक्विड बेस प्लान्ट अमेरिकी सहयोगमा नेपाल सरकारमार्फत प्राप्त भई जडान गरिएको हो । यो प्लान्टको टावर एकपटक भरिँदा अस्पताललाई तीन महिनालाई चाहिने अक्सिजन प्राप्त हुन्छ । तत्कालीन संघीय सांसद विमल श्रीवास्तवको संसदीय कोषबाट जडान गरिएको प्रेसर स्विङ एडसप्सन प्लान्टले भने एक दिनमा एक सय ठुला सिलिन्डर अक्सिजन उत्पादन गर्न सक्छ । अस्पतालको मागभन्दा बढी अक्सिजन उत्पादन गर्ने, विद्युत् अत्यधिक खपत गर्ने र मर्मतसम्भार खर्च पनि बढी भएकाले हाललाई यो प्लान्ट सञ्चालन नगरी बन्द गरेको चिकित्सकहरू बताउँछन् ।

स्वास्थ्य मन्त्रालयबाट प्राप्त ससर्त अनुदानको तेस्रो प्लान्ट (कोभिड- १९ को महामारीमा किनिएको) पनि प्रेसर स्विङ एडसप्सन प्लान्ट नै हो । यसअघि नै दुईवटा प्लान्ट जडान भइसकेको र एउटैले अस्पतालको माग धानिरहेको अवस्थामा तेस्रो प्लान्ट जडान गरेर त्यसको पनि उपयोग नहुने अवस्था देखिएपछि त्यो प्लान्ट जडान नै नगरी राखिएको नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले बताए ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं ।

विद्युतीय बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०८२/०७/१९ (नोभेम्बर ०५, २०२५)

यस कार्यालयको तपसिल बमोजिमको खरिद कार्य विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट रितपूर्वक बोलपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मा हेर्नु हुनसमेत सूचित गरिन्छ ।

ठेक्का नं.	खरिदसम्बन्धी विवरण	फाराम दस्तुर (रू.)	जमानत रकम (रू.)	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय	लागत अनुमान रू. (VAT र PS बाहेक)
17/SQ/TM/W/2082-83	Mangal Tol Sadak Pakki Garne Karya, Ward 9	१,०००	३३,०००.००	७५ दिन	मंसिर ५, २०८२ (Nov-२१, २०२५) मध्यान्ह १२ बजे	मंसिर ५, २०८२ (Nov-२१, २०२५) दिउँसो ०१ बजे	११,७३,५७६.५१
18/SQ/TM/W/2082-83	Badhi Prakop Nyunikaranko Lagi Retaining Wall ko Uchai Badhaune Karya, Ward-9	१,०००	३६,०००.००				१२,६३,१७९.२७

प्रमुख प्रशासकीय अधिकृत

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र आह्वान सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८२/०७/१५

यस नगरपालिकाबाट संचालन हुने तपशिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट रितपूर्वक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सो को विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिने छ ।

तपसिल :

S.N.	Contract Identification No.	Name of Project	Estimate Amount (Including VAT and Contingencies) NRs.	Bid security Amount NRs.	Bid document fee (Non-refundable) NRs.
1	Satghatte Adhikari Gaun Manichud Road/W/NCB/02/2082-83	Construction of Satghatte-Adhikari Gaun-Manichud Road	-	6,05,000.00	5,000.00
2	Bagh Dhara Road/W/NCB/03/2082-83	Construction of Baghdhara Khatri Pokhari Road	69,99,968.13	1,75,000.00	3,000.00
3	Mahadev Khola/W/NCB/04/2082-83	River Training Works in Mahadev Khola along Miteri Road at Kageshwori Manohara Ward no 3.	24,98,559.41	62,500.00	3,000.00
4	Road Upgradation Manohara /W/NCB/05/2082-83	Construction and Upgradation of Telecom -Manohara River Road at Ward no 4.	69,99,525.12	1,75,000.00	3,000.00
5	Kabhre Katuwa Road/W/NCB/06/2082-83	Upgrading Work of Kageshwori Manohara Ward 2 Kabhre to Katuwa Road	39,99,482.05	1,00,000.00	3,000.00
6	OmBinayToleRoad/W/NCB/07/2082-83	Construction and upgrading of road at Ombinay Tole of Kageshwori Manohara Municipality ward 7 and 8	34,99,384.65	87,500.00	3,000.00
7	Thapadanda Krishna Chaur Road/W/NCB/08/2082-83	Upgrading Works of Telecom-Thapadanda-Krishna Chaur-Addapati Road	69,99,704.93	1,75,000.00	3,000.00

प्रमुख प्रशासकीय अधिकृत

जेन–जी आन्दोलनको आडमा आपराधिक गतिविधिमा संलग्न ३७५ जना पक्राउ, १४१ मुद्दा दर्ता

आनन्द काफ्ले, प्रवक्ता, गृह मन्त्रालय



पक्राउ परेकाउपर आपराधिक उपद्रव, कर्तव्य ज्यान, चोरी, अभद्र व्यवहार र हातहतियार तथा खरखजाना मुद्दामा अनुसन्धान भइरहेको छ। प्रहरीको हतियार लुट्न तथा अन्य आपराधिक गतिविधिमा संलग्नविरुद्ध कारबाहीलाई प्रहरीले तीव्रता दिएको छ।



टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका आडमा हत्या, लुटपाट तथा आगजनीमा संलग्न ३७५ जना पक्राउ परेका छन्। २४ भदौको आन्दोलनको आडमा आपराधिक गतिविधिमा संलग्नमाथिको कारबाहीलाई प्रहरीले तीव्रता दिएको हो।

गृह मन्त्रालयका अनुसार १४१ वटा मुद्दा दर्ता भइसकेको छ। जसमा संलग्न ३७५ जना पक्राउ परिसकेका छन्। प्रहरीको हत्यामा संलग्न मात्र १२ जना पक्राउ परेका छन्। आन्दोलनमा तीन प्रहरीको हत्या भएको थियो। सरकारी तथा निजी सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाटमा संलग्न ३६३ जना पक्राउ परेका छन्।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार आन्दोलनका नाममा आपराधिक गतिविधिमा संलग्नमाथिको कारबाहीलाई प्रहरीले तीव्रता दिएको छ। 'पक्राउ परेकाउपर आपराधिक उपद्रव, कर्तव्य ज्यान, चोरी, अभद्र व्यवहार र हातहतियार तथा खरखजाना मुद्दामा अनुसन्धान भइरहेको छ,' उनले भने, 'प्रहरीको हतियार लुट्न तथा अन्य आपराधिक गतिविधिमा संलग्नविरुद्ध कारबाहीलाई प्रहरीले तीव्रता दिएको छ।'

काठमाडौं उपत्यकामा मात्र २१९ जना पक्राउ परिसकेका छन्। कोशी प्रदेशमा ३०, मधेशमा २१, बागमती (उपत्यकाबाहेक)मा ३३, गण्डकीमा ३२, लुम्बिनीमा २९, कर्णालीमा चार र सुदूरपश्चिममा आठजना पक्राउ परिसकेका छन्।

आन्दोलनमा कतिपय नियोजित रूपमा आगजनी र लुटपाट गरेको प्रहरी अनुसन्धानले देखाएको छ। विशुद्ध आन्दोलनमा संलग्नलाई कारबाही नगर्न र आन्दोलनको आडमा अपराधमा संलग्नलाई नछाड्न गृह मन्त्रालयले प्रहरीलाई निर्देशन दिएको छ। आन्दोलनमा ठुलो संख्यामा प्रहरीका हतियारसमेत लुटिएका थिए। त्यसविरुद्ध पनि प्रहरीले अप्रेसन चलाई कतिपयलाई पक्राउ गरिसकेको छ।

कहाँ कति पक्राउ ?

क्षेत्र	मुद्दा	पक्राउ
काठमाडौं उपत्यका	९६	२१८
कोशी	४	३०
मधेश	६	२१
बागमती	११	३३
गण्डकी	७	३२
लुम्बिनी	११	२९
कर्णाली	३	४
सुदूरपश्चिम	३	८
जम्मा	*१४१*	*३७५*

अख्तियारले पनि दियो प्रहरीमा जाहेरी

जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीबाट २४ करोडबराबरको क्षति भएको भन्दै छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरीमा जाहेरी दिएको छ। मंगलबार जिल्ला प्रहरी परिसर, काठमाडौंमा क्षतिको दाबीसहित आयोगले जाहेरी दर्ता गरेको हो।

२४ भदौमा भएको घटनाका क्रममा अख्तियारमा आगजनी, तोडफोड र चोरी भएका थिए। कार्यालयमा भएको क्षतिको मूल्यांकन गरेर अख्तियारले प्रहरीमा जाहेरीसमेत हालेको छ। यो क्षति अख्तियारको केन्द्रीय कार्यालय काठमाडौंस्थित टंगालको मात्र हो। आन्दोलनकारीले अख्तियारको केन्द्रीय कार्यालयभित्र छिरेर आगजनी, तोडफोड र चोरी गरेका थिए। त्यसमा संलग्नबाट सो बिगो भराउने मागसहित आयोगले जाहेरी दिएको हो। आन्दोलनकारीले अख्तियारको मुख्य भवन, सवारीसाधन र कम्प्युटरलगायत सामानमा आगजनी र तोडफोड गरेका थिए। अख्तियारका काठमाडौंबाहिरका आठवटा कार्यालयमध्ये आधा संख्याका कार्यालयमा पनि क्षति पुगेको छ। अख्तियारका इटहरी, हेटौंडा, पोखरा र बुटवल कार्यालयमा पनि आन्दोलनकारीले क्षति पुऱ्याएका छन्। यसको क्षति मूल्यांकन भइरहेको अख्तियारले जनाएको छ।

आठजनाले गरे आत्मसमर्पण

आन्दोलनका क्रममा प्रहरी कार्यालय जलाउने आठजनाले आत्मसमर्पण गरेका छन्। प्रहरी वृत्त जगाती जलाउने आठजना सोमबार आर्फै प्रहरीमा उपस्थित भएका हुन्। आत्मसमर्पण गर्नेमा काभ्रेपलाञ्चोक भुम्लुका रामशरण परियार, बनेपाका रूपक परियार, नमोबुद्धका अमृत सुनुवार र विकास तामाङ, सर्लाही लालबन्दीका होमबहादुर खत्री र सरोज बम्जन, महोत्तरी सोनामका प्रह्लादकुमार ठाकुर, भक्तपुरका राजन माक छन्।

दमनमा संलग्नको बयान लिने तयारी

आन्दोलनमा गोली चलाउने र गोली चलाउन आदेश दिनेसँग जाँचबुझ आयोगले बयान लिने तयारी गरेको छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र गृह मन्त्रालयका केही अधिकारीसँग बयान लिने तयारी गरेको हो।

आयोगले सुरुमा २३ भदौको आन्दोलनमा दमन गर्नेमाथि बयान लिन लागेको छ। जसमा सुरुमा फिल्डमा खटिने सुरक्षाकर्मी, उनीहरूका कमान्ड र तत्कालीन गृहमन्त्री रमेश लेखक तथा प्रधानमन्त्री केपी ओलीसँग बयान लिने तयारी गरेको छ। आन्दोलनमा दमन गर्ने र आन्दोलनका आडमा अपराध गर्ने दुवै पक्षलाई कानुनी दायरामा ल्याउन माग भएको छ। दमन गर्नेमाथि भने जाँचबुझ आयोगको प्रतिवेदनपछि मात्र कारबाही अघि बढाउने गृह मन्त्रालयको तयारी छ।

प्रहरीले थाल्यो सर्वोच्च र काठमाडौं जिल्ला अदालत आगजनीको अनुसन्धान

नयाँ पत्रिका

प्रहरीले सर्वोच्च अदालत र जिल्ला अदालत काठमाडौंमा भएको तोडफोड र आगजनी सम्बन्धमा अनुसन्धान थालेको छ। दुवै अदालतको जाहेरीपछि जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान प्रक्रिया अघि बढाएको हो।

सर्वोच्च र जिल्ला अदालतले गत १३ कात्तिकमा घटनाको अनुसन्धान गर्न भन्दै काठमाडौं परिसरमा जाहेरी दिएको थियो। सोही जाहेरीपछि प्रहरीले अनुसन्धान प्रक्रिया अघि बढाएको हो। दुवै अदालतको जाहेरीमा व्यक्ति किटान भने गरिएको छैन। तर, भौतिक सम्पत्तिमा भएका क्षतिको विवरण र घटना सम्बन्धमा भने जाहेरीमा उल्लेख गरिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी रमेश थापाले सर्वोच्च र जिल्ला अदालतमा गरिएको तोडफोड र आगजनीका सम्बन्धमा अनुसन्धान प्रक्रिया अघि बढेको बताए। 'गत २३ र २४ भदौको जेन-जी आन्दोलनमा सर्वोच्च र काठमाडौं जिल्ला अदालत आगजनी गरियो। घटनाको अनुसन्धान गर्न भन्दै जाहेरी परेको छ। प्रहरीले घटना सम्बन्धमा अनुसन्धान प्रक्रिया अघि बढाइसकेको छ। अहिले सूचना संकलन भइरहेका छन्। अनुसन्धानका क्रममा आवश्यक सबै प्रक्रिया प्रहरीले पूरा गर्नेछ,' उनले भने।



काठमाडौं परिसरका अनुसार अहिले घटनासँग सम्बन्धित सिसिटिभी फुटेज, अन्य भिडियो र फोटो संकलनका काम भइरहेका छन्। नागरिकबाट आएका भिडियो र फोटो पनि प्रहरीले विश्लेषण गरिरहेको छ। तोडफोड र आगजनीमा प्रत्यक्ष जोडिएका अभियुक्त लगभग पहिचान भइसकेका छन्। उनीहरूको लोकेसन खुल्नासाथ पक्राउ गर्ने रणनीतिमा प्रहरी जुटेको छ। 'हामीसँग भएका र नागरिकबाट आएका भिडियो र फोटो विश्लेषण हुँदै छ। अनुसन्धानका सबै प्रक्रिया पूरा गरेर घटनामा संलग्न हुनेलाई पक्राउ गरिनेछ,' एसएसपी थापाले भने।

प्रदर्शनका क्रममा सर्वोच्चको भवन जलेर पूर्ण तवरले नष्ट भएको छ। यसक्रममा सवारीसाधन र जिन्सी जलेर नष्ट भएका छन्। सबैगरी सर्वोच्चको मात्रै एक अर्ब २१ करोड २१ लाख ९१ हजार मूल्यबराबरको सम्पत्ति नष्ट भएको जाहेरी प्रतिवेदनमा उल्लेख छ। सर्वोच्चका अनुसार मूल भवन मात्रै ५० करोड रुपैयाँ मूल्यबराबरको क्षति भएको छ। ४० करोड १९ लाख ५ हजार ७०८ रुपैयाँ मूल्यबराबरको सवारीसाधन (पूर्ण क्षति), २८ करोड ७३ लाख १५ हजार ९३० रुपैयाँ मूल्यको जिन्सी (खर्च भएर जाने), २४ लाख १९ हजार ४१३ मूल्यको जिन्सी (खर्च भएर नजाने) र दुई करोड पाँच लाख ५० हजार मूल्यको सवारीसाधन (आंशिक) गरी कुल एक अर्ब २१ करोड २१ लाख ९१ हजार ५१ रुपैयाँ मूल्यको भौतिक सम्पत्ति नष्ट भएका छन्।

तथ्यांकअनुसार सर्वोच्चको मात्रै ४३ चारपांग्रे, ७१ मोटरसाइकल, ३८ स्कुटर गरी १५२ सवारी जलेका छन्। जसमध्ये १६ चारपांग्रे सवारीसाधन भने मर्मतपछि प्रयोग गर्न मिल्ने अवस्थामा छन्। सर्वोच्चका अनुसार चालू अवस्थाका २० हजार ३४ मिसिल जलेर नष्ट भएका छन्। सर्वोच्चमा चालू अवस्थाका मात्रै सबैगरी २४ हजार २३४ मिसिल थिए। त्यस्तै, अभिलेखमा राखिएका एक लाख ९७ हजार मिसिल जलेर नष्ट भएका छन्।

त्यस्तै, काठमाडौं जिल्ला अदालतमा मात्रै ५५ करोड ५० लाख २५ हजार मूल्यबराबरको भौतिक सम्पत्ति जलेर नष्ट भएका छन्। जाहेरीमा उल्लेख भएअनुसार अदालत मूल भवन जलेर ५२ करोड २७ लाख मूल्यबराबरको क्षति हुन पुगेको छ। आगजनीपछि भवन प्रयोग गर्न नमिल्ने भएको छ। त्यसबाहेक २३ लाख २५ हजार रुपैयाँ मूल्यबराबरको सवारीसाधान र तीन करोड मूल्यको फर्निचर जलेर नष्ट भएका छन्।

प्रदर्शनका क्रममा सर्वोच्चसहित २३ अदालतमा तोडफोड र आगजनी गरिएका छन्। जसबाट दुई अर्ब ८० करोड ७८ लाख १९ हजार ६६३ रुपैयाँ मूल्यबराबरको भौतिक सम्पत्तिमा क्षति पुगेको छ। सर्वोच्चका अनुसार तोडफोड र आगजनीबाट भवन मात्रै एक अर्ब ६५ करोड ४१ लाख ६६ हजार ९५८ रुपैयाँ मूल्यबराबरको क्षति भएको छ। त्यसबाहेक सवारीसाधन ६१ करोड ५१ लाख ४२ हजार ९६० रुपैयाँ र फर्निचर, इलेक्ट्रोनिक्स तथा अन्य सामग्री ५३ करोड ८५ लाख नौ हजार ७४८ रुपैयाँ मूल्यबराबरको जलेर नष्ट भएका छन्। सर्वोच्चको तथ्यांकअनुसार जेन-जी आन्दोलनमा उच्च अदालतमध्ये हेटौंडा, बुटवल, मोरङ, कास्की, बाँके र दाङमा प्रदर्शनका क्रममा तोडफोड र आगजनी भएका छन्। यसक्रममा अदालतको मात्रै ५० करोड ९१ लाख ७५ हजार १८३ रुपैयाँ मूल्यबराबरको भौतिक सम्पत्ति जलेका छन्। काठमाडौं जिल्ला अदालतसहित मुलुकभरका १३ जिल्ला अदालतमा तोडफोड र आगजनी भए। अदालतको मात्रै एक अर्ब ९० लाख ९८ हजार ४२८ रुपैयाँ मूल्यबराबरको भौतिक सम्पत्ति जलेर नष्ट भएका छन्।

संक्षेप

राहदानी अभाव हुन नदिन प्रधानमन्त्रीको निर्देशन



काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले राहदानी वितरणको अवस्थाबारे परराष्ट्र मन्त्रालय र राहदानी विभागका अधिकारीसँग जानकारी लिएकी छिन्। मन्त्रालय र विभागका अधिकारीलाई आज सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बोलाएर राहदानी वितरणका विषयमा जानकारी माग गरेकी हुन्। प्रधानमन्त्री कार्कीले परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याललगायत अधिकारीलाई राहदानीमा कुनै समस्या नहुने गरी काम गर्न निर्देशन पनि दिएकी छिन्। राहदानी अभाव हुने अवस्था आउन नदिन तत्काल विभिन्न वैकल्पिक योजनासहित अघि बढ्न उनको निर्देशन थियो।

लगाउन ठिक्क परेको भ्याक्सिन 'डेट एक्सपायर्ड'

रौतहट/ चन्द्रपुर नगरपालिकाले बालबालिकाका लागि लगाउन वितरण गरेको खोपको म्याद गुज्रिएको (डेट एक्सपायर्ड) पाइएको छ। चन्द्रपुर नगरपालिकाले वडा नम्बर ९ मा पठाएको जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोपको म्याद गुज्रिएको पाइएको हो। १२ महिनादेखि २३ महिनासम्मका बालबालिकालाई लगाइने खोपको म्याद सकिएको पाइएको वडा नम्बर ९ का अध्यक्ष नवराज देवकोटाले बताए। मंगलबार बालबालिकालाई लगाउन ठिक्क पारिएको खोपको म्याद गुज्रिएको पाइएपछि आफूले तत्काल रोकेको उनको भनाइ छ। मंगलबार डुमरियालगायत स्वास्थ्य चौकीमा यो भ्याक्सिन लगाउन बन्द गरिएको हो। हरेक महिनाको १८ देखि २२ गतेसम्म बालबालिकालाई यो खोप लगाइँदै आइएको छ। चन्द्रपुर नगरपालिकाका अन्य वडामा समेत म्याद गुज्रिएको भ्याक्सिन पुगेको हुन सक्ने आशंकामा आफूले तत्काल भ्याक्सिन नलगाउन निर्देशन दिएको चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले बताए। नगरका विभिन्न वडामा रहेका स्वास्थ्य चौकीमा म्याद गुज्रिएको भ्याक्सिन पठाउने कर्मचारीमाथि कारबाही प्रक्रिया अगाडि बढाउने नगर काफ्लेले बताए। नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेशकुमार ठाकुरले आफ्नै कमजोरीका कारण स्वास्थ्य चौकीमा म्याद गुज्रिएको भ्याक्सिन पुगेको स्विकारे। यस्तो गम्भीर विषयमा हेलचेक्र्याइँ गरेकाले स्वास्थ्य शाखा प्रमुख ठाकुरमाथि पनि कारबाहीको प्रक्रिया अघि बढाउने नगर प्रमुख काफ्लेले प्रस्ट पारे।

डुबेर बालकको मृत्यु

बर्दिया/ बर्दियामा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ। ठाकुरबाबा नगरपालिका- ७ बठनपुरका १३ वर्षीय अभिषेक बुढाको औहरी खोलामा डुबेर मृत्यु भएको हो। बुढा दिउँसो ठाकुरबाबा नगरपालिकाले आयोजना गरेको नगरस्तरीय आठौं राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उद्घाटनमा जान भनी घरबाट हिँडे पनि प्रतियोगितामा नगएर खोलामा पौडी खेल्न पुगेका थिए। घरदेखि तीन किलोमिटर टाढा रहेको औहरी खोलामा पौडी खेल्न गएका वेला डुबेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक देवेन्द्रकुमार मल्लले बताए। 'मंगलबार दिउँसो ३ बजे नदीमा पौडी खेल्न गएका बालक बेपत्ता भएको खबर आयो। लगत्तै प्रहरी घटनास्थलमा पुगेको थियो। प्रहरी, नेपाली सेना र स्थानीय मिलेर खोजी गर्ने क्रममा करिब ५ बजे बालकको शव फेला परेको थियो,' उनले भने। बालकको शब पोस्टमार्टमका लागि बर्दिया अस्पताल गुलरियामा राखिएको छ।

लिखतसम्बन्धी कसुरमा चार वर्ष कैदी जीवन बिताएपछि निर्दोष साबित

वीरगन्जमा **तिवारी यादव**

पर्सामा लिखतसम्बन्धी कसुरमा करिब चार वर्ष पुर्पक्षमा कारागार जीवन बिताएका एकजना निर्दोष साबित भएका छन्। पर्सा जिल्ला अदालतले मोरङको साबिक रंगेली गाविस- २ स्थायी घर भई चितवनको भरतपुर महानगरपालिका- ७ का ४६ वर्षीय सुरज भुसाललाई निर्दोष रहेको १७ कात्तिकमा गरेको अन्तिम फैसलामा उल्लेख छ।

पर्सा जिल्ला अदालतका न्यायाधीश रुद्रप्रसाद सुवेदीले भुसाल निर्दोष रहेको फैसला गरेका हुन्। भुसालको मुद्दामा अधिवक्ता निरुजा चापागाईंले १३ कात्तिकमा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्। सर्वोच्चले एक हप्ताभित्र मुद्दाको किनारा लगाउन पत्राचार गरेपछि उनी १६ कात्तिकमा निर्दोष साबित भएको पर्सा जिल्ला अदालतले जनाएको छ।

भुसाललाई पर्सा प्रहरीले लिखतसम्बन्धी कसुरमा अनुसन्धान गरेर तत्कालीन समयमा सरकारी वकिल कार्यालयमार्फत अभियोजन गरेर मुद्दा दर्ता गरेको अदालतको तथ्यांकमा देखिन्छ। उनलाई १४ माघ ०७८ मा थुनछेक गर्दै एक लाख



धरौटी माग भएको पर्सा जिल्ला अदालत इजलास नम्बर ११ का नायब सुब्बा प्रकाश पुडासैनीले बताए। उनका अनुसार लिखतसम्बन्धी कसुरमा अन्तिम फैसलामा निर्दोष साबित भएका भुसालले तत्कालीन न्यायाधीश राजेशकुमार कटुवालको इजलासले माग गरेको धरौटी तिर्न नसकेपछि वीरगन्ज कारागारमा कैदी जीवन बिताउँदै आएका थिए।

धरौटी बुझाउन नसक्दा सोही समयमा कारागार गएका भुसालको मुद्दामा विभिन्न समयमा आठवटा पेसी परे पनि केही हेर्न नभ्याइने सूचीमा परेको उनले बताए। अदालतबाट निर्दोष साबित भएका भुसाल बा.९२प ७८२५ नम्बरको मोटरसाइकलको ब्लुबुक किर्ते गरेको आरोपमा पक्राउ परेको नायब सुब्बा पुडासैनीले बताए। त्यसअघि उनी सोही नम्बरको मोटरसाइकल चोरी गरेको आरोपमा पक्राउ परेर ललितपुर जिल्ला अदालतबाट सफाइ पनि पाइसकेको उनको भनाइ छ।

अदालतले पनि किर्ते गरेको ब्लुबुक विधि विज्ञान प्रयोगशालामा परीक्षण गराउँदा किर्ते नभएको प्रमाणका आधारमा मुद्दामा अन्तिम फैसला भएको हो। 'निर्दोष साबित भएका भुसालले पहिले सोही मोटरसाइकल चोरी गरेको कसुरमा सफाइ पाइसकेका छन्,' उनले भने, 'पछि पर्सामा ब्लुबुक किर्ते गरेको भन्दै मुद्दा दायर भएपछि कानुनी कारबाहीमा परेका हुन्।'

१६ कात्तिकमा पेसी परेपछि वैतनिक कानुन व्यवसायी अधिवक्ता लीलाबहादुर रिजाल र विद्यादेवी कटुवालले भुसालको तर्फबाट बहस गरेका थिए। पर्साका कानुनी व्यवसायी रामनारायण कुर्मीले प्रहरीबाट दर्ता हुने सरकारी मुद्दामा समयमै विभिन्न प्रमाण जुटाउन नसक्दा अनाहकमा मुद्दा लम्बिने गरेको बताए। कानुनअनुसार करिब चार वर्ष अनाहकमा जेलजीवन बिताएका भुसालले क्षतिपूर्तिको माग गरे राज्यले उपलब्ध गराउने व्यवस्था रहेको अधिवक्ता कुर्मीले बताए।

महाकाली अस्पतालका स्वास्थ्यकर्मी आन्दोलित

कञ्चनपुर/ सेवा-सुविधाको माग अघि सार्दै महाकाली अस्पतालका स्वास्थ्यकर्मी आन्दोलित भएका छन्। 'श्रम शोषण गर्न पाइँदैन' भन्दै मंगलबार दिउँसोदेखि उनीहरूले कामकाज छाडेर प्लेकार्डसहित अस्पताल भवनअगाडि प्रदर्शन गरे। दसैं भत्ता, महँगी भत्ता र अतिरिक्त काम गरेबापत भत्ताको माग राखेर आन्दोलनमा उत्रिएको उनीहरूको भनाइ छ।

अस्पतालकी नर्स सविना पडाल भट्टले काम गरे पनि ज्याला नपाएपछि आन्दोलनमा उत्रिएको बताइन्। उनले दुई वर्षदेखि दसैं भत्ता नपाएको जानकारी दिइन्। स्टाफ नर्स ममता सिंहले आफूमाथि श्रम शोषण भएको दुखेसो पोखिन्। उनले काम गरे पनि समयमै राज्यले तोकेको सेवा-सुविधा नपाएको गुनासो पोखिन्। कर्मचारी मनीष टेरले स्थायीसरह काम गरे पनि अन्तिममा आएर सेवा-सुविधा नपाएको दुखेसो पोखे। डा. कुमेश गामीले काम गरेबापत अतिरिक्त भत्ता नपाएको बताए। अस्पतालमा झन्डै डेढ सय करारका कर्मचारी कार्यरत छन्। माग पूरा नहुँदासम्म आन्दोलन जारी राख्ने उनीहरूले चेतावनी दिएका छन्। महाकाली अस्पतालमा निमित्त मेसु डा. अर्जुनकुमार भट्टले करार सेवाका कर्मचारीको हकमा सामाजिक विकास मन्त्रालयमा माग गरेको बताए।

■ भ्रष्टाचारी नेतालाई कारबाही गर्न दबाब बढाउँदै जेन-जी

गगनदेखि नारायणकाजीसम्मको समर्थन

नयाँ पत्रिका

जेन-जी अगुवाहरूले भ्रष्टाचारमा मुछिएका नेतामाथि कारबाही प्रक्रिया अगाडि बढाउन सरकार र दलका दोस्रो र तेस्रो तहका नेतामाथि दबाब बढाएका छन्। 'जेन-जी मुभमेन्ट अलायन्स'को छाताभित्र एकत्रित भएका युवाहरूले दोस्रो र तेस्रो तहका नेतालाई चरणबद्ध छलफलमा बोलाएर भ्रष्टाचारविरुद्धको कारबाहीमा ऐक्यबद्धता खोजेका हुन्।

भ्रष्टाचारमा मुछिएको पार्टीको शीर्ष नेतालाई कानुनी कारबाहीको दायरामा ल्याउन सहयोग गर्नुहुन्छ कि हुँदैन भनेर उनीहरूले छलफलमा बोलाएर सोधेका थिए। यसअघि अलायन्सका प्रतिनिधिले प्रधानमन्त्री सुशीला कार्कीलाई २३ भदौको घटनाको दोषीलाई कारबाही गर्न, भ्रष्टाचारमा मुछिएका दलका शीर्ष नेतृत्वलाई कानुनी कारबाहीको दायरामा ल्याउन र सम्पत्ति छानबिन गर्न ध्यानाकर्षण गराएका थिए।

जेन-जी आन्दोलनपछि अलायन्सले सोमबार तेस्रो चरणमा कांग्रेस, एमाले, माओवादीलगायत दलका दोस्रो तहका नेतासँग छलफल गरेको छ। छलफलमा नेताहरूले भ्रष्टाचारविरुद्ध कानुनबमोजिम हुने कारबाहीमा पूर्ण साथ समर्थन हुने प्रतिबद्धता जनाएका छन्। साथै, दलभित्र पुस्तान्तरणका लागि लडिरहेको जानकारी उनीहरूले गराएका छन्। उनीहरूले चुनावको विकल्प नभएको तर वातावरण बनाउन जेन-जीले पनि भूमिका खेल्नुपर्नेमा जोड दिए।

जेन-जी मुभमेन्ट अलायन्सका अगुवा अमित खनालका अनुसार तेस्रो चरणमा कांग्रेस महामन्त्री गगन थापा, नेता मीनेन्द्र रिजाल, एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे, केन्द्रीय सदस्य उषाकिरण तिम्सेना, माओवादी उपाध्यक्ष



नारायणकाजी श्रेष्ठ, जसपाकी सुशीला श्रेष्ठ, विवेकशील साझाबाट रञ्जु दर्शना, पूर्वमन्त्री विश्वेन्द्र पासवान, विश्लेषक खगेन्द्र संग्रौलालगायत सहभागी थिए। छलफलमा अलायन्सका तर्फबाट मोनिका निरौला, रिजन रानामगर, सामना लावती, अनुषा खनाल, प्रभात लाभ, विकास कामी, आशुतोष झा, लुज महर्जन, सुदीप सेठ, कमल थापामगर, राजु मण्डलले प्रश्नहरू राखेका थिए।

उनीहरूले आन्दोलनको मर्मलाई दलहरूले कसरी बोकेका छन्, दलका लागि के अर्थ राख्छ भनेर सोधेका थिए। दलहरूले आन्तरिक लोकतन्त्र सुधार गर्न के-कस्ता कदम चलाइरहेका छन्, नेतृत्वको पुस्तान्तरणका निम्ति कस्ता अभ्यास भइरहेका छन्, दलको रूपान्तरण कसरी सुरु गर्नुभएको छ भन्ने प्रश्न पनि दोस्रो र तेस्रो तहका नेतासामु राखेका थिए।

'जेन-जी आन्दोलनपछि नेताहरूको सोचाइ के छ, परिवर्तनलाई आत्मसात् गर्नुभएको छ कि छैन, पुरानालाई नेतालाई बिदा गर्न खोज्नुभएको छ कि छैन, सुशासन र भ्रष्टाचार नियन्त्रणमा सहयोग गर्नुहुन्छ कि हुँदैन भन्ने कुराहरू बुझ्न र सुशासनका लागि दबाब बढाउन अलायन्सले दोस्रो र तेस्रो तहका नेताहरूसँग छलफल गरिरहेको छ। तेस्रो चरणको छलफलसम्म आइपुग्दा उहाँहरूको सकारात्मक धारणाबाट उत्साहित छौं,' अगुवा खनालले भने।

काग्रेस महामन्त्री थापाले सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि आफ्नो र पार्टीको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाए। थापाले भ्रष्टाचार गर्ने कसैको पनि मुख हेर्न नहुनेमा जोड दिए। उनले पुस्तान्तरण जरुरी रहेको र लडिरहेको पनि बताए। 'हामी पुस्तान्तरणका लागि पार्टीभित्र लडिरहेका छौं। समयमा महाधिवेशन गराउन र चुनावको तयारीका लागि पनि आवाज उठाइरहेका छौं। तर, हामीलाई पनि पार्टीभित्र गाह्रो छ, आफ्नै मान्छेसँग लड्नुपरेको छ। मैले म साधारण सदस्य रहेर बस्छु, तर पुस्तान्तरण हुनुपर्छ भनेको छु,' थापाले भने।

नेता मीनेन्द्र रिजालले पुस्तान्तरण जरुरी रहेको बताए। 'पुस्तान्तरणमा उमेर भन्ने कुरा हुँदैन। विचारमा युवा हुनुपर्छ,' उनले भने। जेन-जीहरूले उमेरको अन्तरले नयाँ पुस्तालाई बुझ्न नसकिने भन्दै प्रतिवाद गरेका थिए।

एमालेका सुरेन्द्र पाण्डेले सुशासनका लागि पूर्ण साथ सहयोग रहने बताए। केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले पुस्तान्तरणका लागि आवाज उठाउँदा कारबाही भान्नुपरेको सुनाइन्। माओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सुशासनका लागि आफ्नो दलले पूर्ण साथ दिने बताए। आफूहरू चुनावमा केन्द्रित भइसकेको जानकारी गराउँदै उनले समयमै हुनुपर्ने धारणा राखे।

अलायन्सका अगुवा खनालले भ्रष्टाचारका कुरामा सरकारले छानबिन प्रक्रिया अगाडि बढाउँदा दलहरूले कसरी सहयोग गर्ने प्रश्न स्पष्ट जवाफ नआएको बताए। 'शीर्ष नेता भ्रष्टाचारमा मुछिएको कुरामा छानबिन गर्ने के गर्नुहुन्छ भन्ने कुरामा खासै जवाफ आएन। यसले चुनावबाट स्वच्छ मान्छे कसरी आउला भन्ने प्रश्न रह्यो,' उनले भने, 'भ्रष्टाचार मुछिएका ठुला नेतालाई कानुनी दायरामा ल्याएर चुनावमा लड्न बन्देज लगाउने र भ्रष्टाचारी नेता रोक्न सकिने कुराहरू हाम्रो सरोकार हो।'

विवेकशीलकी रञ्जु दर्शनाले सुशासनकै एजेन्डामा जेन-जी आन्दोलन भएकाले यसलाई संस्थागत गर्न सरकार भ्रष्टाचारविरुद्ध निर्मम हुनुपर्ने र दलहरूले पनि साथ दिनुपर्ने बताइन्। अलायन्सले यसअघि पूर्वमन्त्री सुमना श्रेष्ठ, माओवादी नेता सुदन किराँती, नेपाल समाजवादी पार्टीका मानुषी यमी, दुर्गा सोबलगायतसँग छलफल गरिसकेको छ।

जेन–जी विद्रोह कि अपराध ?

२३ गतेको शान्तिपूर्ण आन्दोलनमाथि तत्कालीन सरकारले गरेको बर्बर दमनका कारण २४ गतेको घटना भएको हुनाले यसलाई अपराधीकरण गर्न मिल्दैन



● राजेश विद्रोही

अग्रलेख



नेपालको इतिहासमा विद्रोह र आन्दोलन नौलो होइन । तर, जब यसलाई अपराधीकरण गरिन्छ, त्यसपछि इतिहासको पुनरावृत्ति हुने खतरा हुन्छ । २००७ सालको प्रजातान्त्रिक क्रान्तिबाट सुरु भएको राजनीतिक यात्राले २०४६ सालको जनआन्दोलन, २०५२-०६२ को जनयुद्ध र ०६२/६३ को दोस्रो जनआन्दोलन पार गर्दै अहिलेको जेन-जी आन्दोलनसम्म आइपुगदा परिवर्तनका हरेक चरणमा युवाकै प्रमुख भूमिका, योगदान र बलिदान छ । तर, अहिलेको जेन-जी पुस्ताले गरेको विद्रोह भने केही फरक छ । यो दलविहीन, स्वस्फूर्त र डिजिटल चेतनासँग जोडिएको आजको युगको आन्दोलन हो । यही कारणले पुराना सत्ता संरचनालाई यसले मात्र दुई दिनमै हल्लाइदियो । तर, विडम्बना के भने परिवर्तनको ऊर्जा बन्न सक्ने यो आन्दोलनलाई अहिले केही दल र नेताबाट अपराधीकरण गरिँदै छ । यतिसम्म कि जेन-जी आन्दोलनको बलमा बनेको सरकार र कार्की आयोगसमेत आन्दोलनकारीप्रति कडा देखिँदै छन् । यतिखेर २३ भदौको आन्दोलनलाई शान्तिपूर्ण र २४ गतेको आन्दोलनलाई अपराधीकरण गर्न खोजिँदै छ । यो पुराना दल र नेताहरूकै भाषा हो । जबकि, २३ गतेको शान्तिपूर्ण आन्दोलनमाथि तत्कालीन सरकारले गरेको बर्बर दमनका कारण २४ गतेको घटना घटेको हुनाले यसलाई अपराधीकरण गर्न मिल्दैन । तर, अहिले फेरि विगतमा जस्तै गलत व्याख्या, विश्लेषण र तर्क गरिँदै छ । यदि यसपटकको सचेत जेन-जी आन्दोलनलाई अपराधीकरण गरिन्छ भने विगतमा कांग्रेस, एमाले, माओवादी र मधेशवादीलगायत आन्दोलनलाई पनि अपराधीकरण गरिनुपर्दैन र ?

पछिल्लो चरणमा जेन-जी आन्दोलन जति शिथिल, निष्क्रिय र अवसरमुखी हुँदै गएको छ, त्यति नै यसलाई हेर्ने, बुझ्ने र दमन तथा प्रतिशोध गर्ने शैली बदलिँदै गएको छ । २४ गतेको आन्दोलनलाई जसरी अपराधीकरण गर्ने निर्णय भइरहेको छ, यसले राज्य र राजनीतिक दलहरूले विद्रोहलाई बुझ्ने होइन, दबाउने बाटो रोजिरहेको देखिन्छ । अझ ठुलो विरोधाभास त के छ भने कार्की आयोगलगायतले २३ गतेको आन्दोलनलाई शान्तिपूर्ण र २४ गतेको आन्दोलनलाई आपराधिक हो भनेजसरी भाष्य निर्माण गर्दै छन्, यसले परिवर्तनलाई भन्दा यथास्थितिलाई नै निरन्तरता दिने संकेत गर्छ, जुन परम्परागत दलले कोरेको भ्रमको बाटो हो । तर, यथार्थ के हो भने २३ गतेकै आन्दोलनमा सरकारले विद्यार्थी र युवामाथि सीधै गोली चलाएको थियो- टाउको, छाती र खुट्टामा । त्यस घटनामा २१ जनाको मृत्यु भयो, सयौँ घाइते भए । यो राज्यको खुला अपराध थियो । जसको प्रतिक्रियास्वरूप २४ गतेको आन्दोलन अझ उग्र बन्यो । तर, राज्यले अपराधी पहिचान गर्न खोज्दा खास अपराधी जेलबाहिरै छन्, कोही सत्ता र सरकारमा बसेर संरक्षण गर्दै छन्, निष्पक्ष असली विद्रोहीलाई भने जेलमा कोचिँदै छ ।

अहिलेसम्म सरकारले २४६ जनालाई पक्राउ गरिसकेको समाचारमार्फत सार्वजनिक भएको छ भने अझ धेरैलाई नियन्त्रणमा लिने तयारी भइरहेको जनाएको छ । प्रहरीका अनुसार परिस्थितिको नाडी छाम्दै धरपकड जारी छ । तर, तीमध्ये अधिकांश युवा हुन्, जसले असमानता, भ्रष्टाचार र अवसरहीनताविरुद्ध आवाज उठाएका थिए । उनीहरूको राजनीतिक पृष्ठभूमि छैन, संगठनात्मक हैसियत छैन । तर, न्यायप्रतिको तृष्णा छ । यता दशकौँदेखि देशलाई आपराधिक बाटोमा डोऱ्याउने कांग्रेस, एमाले, माओवादीलगायत दलका नेता भने आफ्नै संगठनको सुरक्षा घेराभित्र छन् । राज्यको न्याय प्रणाली शक्तिशालीमाथि मौनता र दुर्बलमाथि कति कठोर छ, यसले पुष्टि गर्छ । यही दोहोरो चरित्र नै विद्रोहको मुख्य कारण बनेको हो ।

जेन-जी आन्दोलन कुनै दल वा नेताको आह्वानमा सुरु भएको थिएन । यो स्वस्फूर्त विस्फोट हो, लामो समयदेखि सञ्चित पीडा र निराशाको परिणाम हो । सन् १९९७ देखि २०१२ बिच जन्मेका युवा, जो बाल्यकालदेखि नै राजनीतिक अस्थिरता, बेरोजगारी, भ्रष्टाचार र अवसरको असमानता देख्दै हुर्केका छन् । तर, अब उनीहरू ती दृश्य हेर्दै मौन बस्न तयार छैनन् । तिनले सोधेका छन्- हामीलाई पढाउने शिक्षाको अर्थ के हो, यदि रोजगारी छैन भने ? लोकतन्त्र कागजमा मात्र किन बाँकी छ ? यदि लोकतन्त्र छ भने । राज्य किन जनताको आवाज सुन्न डराउँछ ? यदि राज्य छ भने । यिनै प्रश्नले जेन-जी पुस्ताको चेतनालाई आन्दोलनमा परिणत गऱ्यो । यो आन्दोलन केवल सडकमा होइन, डिजिटल प्लेटफर्ममा पनि फैलिएको छ । फेसबुक, टिकटक, इन्स्टाग्राम र एक्स (ट्विटर) यस पुस्ताका प्रतिरोधका हतियार बने । तर, राज्यले यही प्रवृत्तिलाई आपराधिक प्रवृत्ति भनेर निगरानी बढायो । सयौँ युवाको सामाजिक सञ्जाल खाता ट्र्याकिङमा राखियो । केहीलाई अफवाह फैलाएको भन्दै पक्राउ र नियन्त्रण गरियो । नागरिक स्वतन्त्रता मात्र होइन, डिजिटल स्वतन्त्रतासमेत सीमित पारियो । जसले प्रस्ट देखायो- राज्यलाई असहमति होइन, नियन्त्रण मन पर्छ ।

नेपालमा हरेक आन्दोलनलाई राज्यले सुरक्षा समस्याका रूपमा व्याख्या गर्ने परम्परा छ । २०४६ सालमा पनि आन्दोलनकारीलाई राज्यविरोधी अराष्ट्रिय तत्त्व भनिन्थ्यो । ०६२/६३ मा अराजक तत्त्व भनेर गोली चलाइयो । र, अहिले जेन-जी आन्दोलनका युवालाई अपराधी ठहर गर्दै जेल पठाइँदै छ । प्रहरीले दिएको तथ्यांकअनुसार उपत्यकाका तीन जिल्लाबाट १३२ जना पक्राउ परेका छन् । तीमध्ये ९८ जना काठमाडौँबाट मात्र छन् । उनीहरूविरुद्ध कर्तव्य ज्यान, आगजनी, आपराधिक उपद्रवजस्ता गम्भीर मुद्दा दर्ता गरिएका छन् । तर, प्रश्न उठ्छ- के ती सबै साँच्चै अपराधी हुन् ? कि तिनीहरू तिनै नागरिक हुन्, जसले राज्यको असंवेदनशीलता, बेरोजगारी र बेथितिविरुद्ध आवाज उठाएका थिए ? राज्यले आन्दोलनलाई राजनीतिक असन्तोष होइन, सुरक्षा चुनौतीका रूपमा बुझ्यो । त्यसैले प्रहरीको बल प्रयोग, धरपकड र मुद्दा दर्ता बढ्दै छ । अदालतले पनि धेरै युवालाई पुर्पक्षका लागि कारागार चलान गर्दै छन् । तर, सत्ताका मठाधीश, जसका कारण आन्दोलन जन्मियो, उनीहरू अझै निर्दोषझैं हिँडिरहेका छन् । र, देशको शासक मालिक फेरि पनि बन्ने सपना देखिरहेका छन् ।

> जेन-जी पुस्ताले अब आँखा चिम्लेर समर्थन गर्दैनन् । तिनीहरू सीधै प्रश्न गर्छन्, तर्क गर्छन् र उत्तर खोज्छन् । त्यसैले राज्यले उनीहरूलाई अपराधी होइन, आलोचक र सुधारक नागरिकका रूपमा स्वीकार गर्नुपर्छ ।

जेन-जी आन्दोलनमाथिको दमन केवल कानुनी प्रश्न मात्र होइन- यो वैचारिक र परिवर्तनमुखी संघर्ष पनि हो । राज्य आफ्नो वैधता बलपूर्वक कायम राख्न खोज्दै छ । तर, युवाहरू त्यो वैधताको पुनः परिभाषा गर्न खोजिरहेका छन् । राज्यको दृष्टिमा यो विद्रोह सत्ता अस्थिरताको संकेत हो । तर, युवाको दृष्टिमा यो अस्तित्व र अस्मिताको लडाइँ हो । यसैले यो संघर्ष केवल सडकमा होइन, चेतनामा भइरहेको छ । राज्यको भय र युवाको आत्मबलबिचको संघर्ष, नियन्त्रण र स्वतन्त्रताबिचको द्वन्द्व यही हो, आजको नेपालको वास्तविक द्वन्द्व र परिवर्तन । संविधानले प्रत्येक नागरिकलाई शान्तिपूर्ण सभा र अभिव्यक्तिको स्वतन्त्रता दिएको छ । तर, व्यवहारमा त्यो अधिकार खोसिँदै गएको छ । जेन-जी आन्दोलनका सन्दर्भमा सरकारले जुन कठोरता देखायो, त्यो लोकतान्त्रिक मूल्य र मान्यताको अपमान हो । लोकतन्त्रको आत्मा भनेकै असहमतिलाई सम्मान गर्नु हो । तर, अहिले असहमतिलाई अपराध ठहर गर्ने प्रवृत्ति बढ्दै छ । राज्यले आलोचक नागरिकलाई राज्यविरोधी भनिरहेको छ । यस्तो वातावरणमा लोकतन्त्र केवल कागजी शब्द रहन्छ र नागरिक स्वतन्त्रता केवल नारा ।

मानव अधिकार आयोग, नागरिक अभियन्ता र स्वतन्त्र मिडियाले पटक-पटक चेतावनी दिएका छन्- जेन-जी आन्दोलनमाथिको दमनले नागरिक स्वतन्त्रता खतरामा पारेको छ । तर, राजनीतिक नेतृत्व मौन छ । र, आफ्ना उग्र भाषण र अभिव्यक्ति दिँदै हिँडेको छ । किनभने, यो आन्दोलन कुनै पार्टीको नियन्त्रणमा छैन । न त यसको लाभ उनीहरूलाई पुग्छ । त्यसैले, उनीहरू मौन रहन्छन्- मौनता नै उनीहरूको सुरक्षा कवच बनेको छ । तर, यो मौनता देशको भविष्यका लागि खतरनाक संकेत हो । जब सत्ता नागरिकको पीडाप्रति संवेदनहीन बन्छ, त्यो व्यवस्थाको पतन नजिक हुन्छ । नेपालको इतिहासले प्रमाणित गरेको छ, जुन विद्रोहलाई राज्यले अपराध ठानेको छ, त्यो विद्रोह नै अन्ततः परिवर्तनको बिउ बनेको छ ।

२००७ सालमा राणाविरोधी आन्दोलनलाई राज्यद्रोह भनियो । २०४६ सालमा जनआन्दोलनकारीलाई अराष्ट्रिय तत्त्व भनियो । ०६२/६३ मा युवामाथि अराजकको आरोप लगाइयो । तर, ती सबै आन्दोलनले अन्ततः व्यवस्था परिवर्तन गरे । आज फेरि राज्यले उही गल्ती दोहोऱ्याइरहेको छ । जेन-जी आन्दोलनलाई अपराध ठहर गर्दै राज्यले भविष्यकै नेतृत्वलाई जेलमा धकेल्दै छ । तर, इतिहासले देखाएको छ- गोलीले शरीर ढाल्छ तर चेतना होइन । आजिततालले डर होइन, आत्मबल दिन्छ । राज्यले अब बुझ्नुपर्ने समय आएको छ, युवालाई डर देखाएर शासन सम्भव छैन । युवाको असन्तोषलाई नियन्त्रण होइन, संवादद्वारा सम्बोधन गर्नुपर्छ । यदि उनीहरूको आक्रोशलाई नीति निर्माणमा रुपान्तरण गर्न सकियो भने त्यो आन्दोलन सुधारमा परिणत हुन्छ । तर, दमनद्वारा दबाइयो भने त्यो क्रान्ति, आन्दोलन र विद्रोहमा परिणत हुन्छ । जेन-जी पुस्ताले अब आँखा चिम्लेर समर्थन गर्दैनन् । तिनीहरू सीधै प्रश्न गर्छन्, तर्क गर्छन् र उत्तर खोज्छन् । त्यसैले राज्यले उनीहरूलाई अपराधी होइन, आलोचक र सुधारक नागरिकका रूपमा स्वीकार गर्नुपर्छ ।

अन्त्यमा, अपराध होइन, परिवर्तनको आह्वान हो जेन-जी विद्रोह । कुनै आकस्मिक घटना होइन । यो दीर्घकालीन अन्याय, असमानता र अवसरहीनताको परिणाम हो । राज्यले यसलाई अपराध ठान्यो भने त्यो विद्रोह अझ फैलिनेछ । तर, यसलाई सुनेर, बुझेर र संवाद गरेर सम्बोधन गऱ्यो भने यो आन्दोलन लोकतन्त्रको पुनर्जन्मको अवसर बन्न सक्छ । सत्ताका दलहरूले सोच्नुपर्छ, युवालाई डर देखाएर शासन चलाउन सकिँदैन । उनीहरूलाई परिवर्तनका साझेदार बनाउनु नै अबको आवश्यकता हो । नत्र, आजका जेलभित्रका युवा नै भोलिका इतिहास निर्माता बन्नेछन् । त्यसैले, जेन-जी विद्रोह हो, अपराध होइन । परिवर्तन हो, पलायन होइन । यदि असमानता, भ्रष्टाचार र अन्यायविरुद्ध बोल्नु अपराध हो भने बुझ्नुस्, त्यो परिवर्तनका लागि एक अपराध नै हो । त्यसैले, सरकारले जेन-जी विद्रोहले खोजेको परिवर्तनमुखी काम गर्न जरुरी छ । काम यथास्थितिवादी दलको विचारका पक्षमा होइन, विगतमा जस्तै बदलाभावले प्रेरित भएको सरकारी कामकाज होइन, साँच्चै नयाँ गर्नलाई नयाँ बनेर कामकाज व्यवहारमा उतार्न जरुरी छ । नत्र, इतिहास अर्को झुटो साबित हुनेछ ।

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



यतिखेर कम्युनिस्ट पार्टीहरू जुटिरहेका हुन् कि फुटिरहेका हुन् ?

भदौरे चट्याङपछि दलहरू अस्तित्वको आत्मसमीक्षा गर्नुपर्ने तहमा पुगेका छन् । सोही चट्याङको परकम्पका रूपमा सम्पूर्ण दलहरूभित्र अन्तरविरोध सुरु भएको छ । आफूलाई संस्थापन भन्ने समूह र पार्टीभित्र आफूलाई संस्थापनइतर धार मान्ने समूहबीच घर्षण सुरु भएको छ । सोही परकम्प र घर्षणका कारण दलपतिहरूले एकताको तुरुप फ्याँकेका हुन् । दलपतिहरूले दलभित्र आन्तरिक लोकतन्त्र कायम गर्न चाहिरहेका छैनन् । जब दलभित्र आन्तरिक लोकतन्त्र, कार्यकर्ताको उचित मूल्यांकन, पारदर्शिता, स्रोत र अवसरमा समान सहभागिताको अभाव हुन्छ, तब यस्तो जुट र फुट चलिरहन्छ ।

कम्युनिस्ट पार्टीहरू जुट्ने क्रममा किन छिन्नभिन्न हुन्छन् ?

कम्युनिस्ट पार्टी, तिनका नेता र कार्यकर्ता गर्भमै फुटको बीज बोकेर जन्मिन्छन् । यो टुटफुट वामपन्थी राजनीतिकै गम्भीर रोग हो । सबैले आफूलाई शुद्ध कम्युनिस्ट र अरूलाई गद्दार देख्नु पनि कम्युनिस्ट राजनीतिकै रोग हो । त्यसैले, यिनीहरू जहिल्यै अभिवाजस्तो भित्रभित्रै आफैँ खिइँदै गइरहेका हुन्छन् । वेलावेलामा एकताको राग अलाप्न नछाडे पनि यथार्थमा यिनीहरू एकतामा भन्दा फुटमा बढ्ता रमाइरहेका देखिन्छन् ।

यो जुट र फुटले कम्युनिस्ट आन्दोलनलाई कति बल देला ?

जुट र फुट कम्युनिस्टको सार्वभौम चरित्र नै हो । जबजब आफ्नो अस्तित्वमा संकट मडारिन थाल्छ, यिनीहरू एकताका लागि ज्यान फालेर लाग्छन् । तर, अलि बलियो हुनासाथ अरूले छाडेर गइदिए हुन्थ्योजस्तो गर्न थाल्छन् । त्यसैले, उनीहरू जब दुई कदम अघि बढ्छन्, तब एक कदम पछि हट्छन् । सिसिफसको नियति बाँच्नु नै कम्युनिस्टहरूको चरित्र हो । तर, यसले गर्दा समाजवादको स्थापना र सर्वहाराको वर्चस्व स्थापना गर्ने कार्यभार जहिल्यै अपूरो बन्दै आएको छ ।

प्रेरक प्रसंग

बुद्ध र अबोध बालिका

एकपटक भगवान् बुद्ध भारतबाट नेपालतर्फको यात्रामा थिए । उनी भारतीय सीमाबाट हाल नेपालको सिमानामा पर्ने भूभागतर्फको यात्रामा थिए । संयोगले त्यतिखेर उनी एक्लै थिए । तराईको चर्को गर्मीले उनलाई सास फेर्न पनि कठिन हुँदै गएको थियो । उनको साथमा पानी थिएन । पानीको खोजीमा यताउता भौंतारिँदा भौंतारिँदा उनले एक सात-आठ वर्षकी बालिकाले इनारबाट पानी निकालिरहेको देखे ।



बुद्ध हतारिँदै त्यहीं पुगे । उनले बालिकालाई सम्बोधन गर्दै भने- बालिका, मलाई अलिकति पानी देऊ न । पानी पिउन नपाएर म त मर्ने लागिसकेँ । बालिकाले बुद्धलाई हेरिन् । बुद्धको गेरु वस्त्र र मुखमण्डलमा एक अलगै आभा उनले प्रस्टै महसुस गरिन् । तिर्खाएका बुद्ध दुवै हात जोडेर अँजुली बनाएर पानी थापिरहेका थिए । उनको अँजुलीमा पानी खन्याइदिनै लाग्दा ती बालिका एकाएक रोकिइन् । उनले मनमनै सोचिन्- यिनी त हाम्रो गाउँका पण्डितजी जस्तै देखिन्छन् । पण्डितजीले त हामीले छोएको पानी पिउँदैनन् । मेरो जात थाहा पाए भने पक्कै यिनले पनि पानी पिउने छैनन् । पानी पिइसकेपछि मेरो जात थाहा पाएर यिनलाई दुःखी हुन दिनुभन्दा त पहिल्यै यसबारे बताइदिनु ठिक हुन्छ । बालिकाले पानी दिन आनाकानी गरेकाले बुद्धले पुनः याचना गरे- बालिका, मलाई पानी दिन्नौ ? म त तिर्खाले मर्ने लागिसकेँ । बालिकाले बुद्धतिर पुलुक्क हेर्दै भनिन्- म पानी त दिन्छु, तर हजुरलाई पछि मेरो जात थाहा पाएर पछुतो नहोस् भनेर मात्र म रोकिएकी हुँ । म एक दलित परिवारकी बालिका हुँ । तपाईं कसरी मेरो हातबाट पानी पिउन सक्नुहुन्छ ?

बालिकाको निर्दोष भनाइ सुनेर बुद्ध गम्भीर भए । उनले मुसुक्क मुस्कुराउँदै भने- बालिका, मैले त तिमीसित पानी मागेको हुँ, जात सोधेको होइन । त्यसैले, मलाई पानी देऊ, तिमीलाई धर्म हुनेछ । बालिकाले बुद्धलाई पानी दिइन् । बुद्धले धित मरुन्जेल पानी पिए र बालिकालाई धन्यवाद दिएर अघि बढे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पार्टी किन फुट्दै छन् ?

के नेपालका सबै दलका सबै नेतालाई आफैँ सर्वोच्च कमान्डर हुनुपरेको हो ? नत्र यतिखेर कैयौँ दल जुट्ने कसरतमा रहेका वेला यसरी किन धमाधम नेताले दल छाडिरहेका छन् ? के यिनले फुटमा भन्दा एकतामा बढी शक्ति हुन्छ भन्ने बुझेका छैनन् ? के यिनलाई आफूबाहेक अर्को कोही नेता भएको सह्य हुँदैन ? नत्र, एकता प्रक्रियाबाट अधिकांश दलका नेता किन भागिरहेका छन् ? आखिर फुटेर नेपालमा कुनचाहिँ दल या नेता शक्तिशाली भएका छन् र ? के यिनलाई त्यत्ति पनि हेक्का छैन हो ?

● **केशव पुरी**, नारायणस्थान, काठमाडौं

चुनावमा ध्यान केन्द्रित गर

यतिखेर देश अप्ठ्यारो अवस्थामा छ । घोषित २१ फागुनमा निर्वाचन हुन सकेन भने देश कता जान्छ र दलका नेता को कता पुग्छन्, त्यसको कुनै अत्तोपत्तो छैन । त्यसैले, यतिखेर घोषित मितिमा निर्वाचन गराएर आफूहरूले पनि भाग लिएर देशलाई संवैधानिक लिकमा ल्याउनु दलहरूको पनि दायित्व हो । तर, दलहरू यतिखेर कोही निर्वाचन बहिष्कारको नारामा रमाइरहेका छन् भने कोही आन्तरिक कलहमा नराम्ररी अल्झिएका छन् ।

● **वन्दना परियार**, काठमाडौं

महाधिवेशनको डर किन ?

कांग्रेसमा यतिखेर नियमित कि विशेष महाधिवेशन र चुनावअघि कि पछि भन्नेमा रडाको मच्चिरहेको छ । यतिखेर कांग्रेसका आफूलाई संस्थापन भन्ने गुटका नेताहरू जसरी भए पनि निर्वाचनमा आफैँले टिकट बाँडेर आफ्नो गुटका मान्छेलाई जिताई संसदीय दल कब्जा गर्ने ध्याउन्नमा देखिन्छन् । तर, कांग्रेस अहिलेकै अवस्थामा निर्वाचनमा गयो भने जनताले बढार्ने निश्चित छ । आखिर लोकतान्त्रिक दल कांग्रेसका नेता महाधिवेशनबाट किन डराउँदै छन् हँ ?

● **रोहित पराजुली**, सिन्धुली

मजदुरको जिम्मा कसले लिने ?

विद्युत् लाइन काटिएका चारवटा उद्योगले प्राधिकरणको महसुलको पहिलो किस्ता बुझाएका छन् । पहिलो किस्ता बुझाउने कम्पनीको प्राधिकरणले लाइन जोडेको छ । अब बाँकी सबै उद्योगले महसुल बुझाउन विलम्ब गर्न भएन । आफूले प्रयोग गरेको बिजुलीको पैसा तिर्दिनँ, जे गर्छस् गर् भन्नु सरासर गलत हो । ट्रंक तथा डेडिकेटेड लाइनको महसुल विवाद नसुल्झिएपछि विद्युत् प्राधिकरणले १८ उद्योगको लाइन काटेको छ, जसका कारण हजारौंको रोजगारी खोसिएको छ, यसले राज्यमा थप समस्या थपेको छ । हेर्दा सामान्य लाग्न सक्छ । तर, यो सामान्य घटना होइन । उद्योगी र सरकारको इगोको मारमा मजदुर परेका छन्, यो कदापि ठिक होइन । देशमा उद्योगधन्दा चलाउने अनि विद्युत् महसुल बुझाउँदिन भन्न कसरी पाइन्छ ? गल्ती कसको छ, त्यो हामीलाई थाहा भएन । तर, उद्योगले विद्युत् उपभोग गरेपछि पैसा तिर्नुपऱ्यो, सर्वसाधारणले बुझेको यत्ति हो ।

केपी ओलीको सरकार छँदा यही विवादका कारण कार्यकारी निर्देशकबाट कुलमानलाई हटाइयो । अहिलेको अन्तरिम सरकारमा उनै कुलमान ऊर्जामन्त्री भएर फेरि विद्युत् बक्यौता उठाउन ताकेता दिए । तर, उद्योगीले पैसा तिर्दिनौँ, उल्टो उद्योगको साँचो नै सरकारलाई बुझाउन तयार छौं भन्दै आएका छन् । यो सरासर गलत हो । उनीहरूले उपभोग गरेको बिजुलीको पैसा कसले तिर्छ त ? विद्युत् उपभोग गर्ने अनि पैसा तिर्ने वेला तिर्दिनँ भन्न पाइन्छ ? उद्योगको लाइन काट्दिँदा सरकार र उद्योगीलाई फरक नपर्ला । तर, ती दैनिक कमाएर आफनो परिवार पाल्ने मजदुरलाई त असर पऱ्यो नि ! तिनको जिम्मेवारी कसले लिने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

ब्राजिलमा गिरोहविरुद्धका कारबाही किन हुन्छन् घातक ?

ब्राजिलमा आपराधिक संगठनविरुद्धका प्रहरी छापा असामान्य छैनन्, ती प्रायः घातक हुन्छन्



देश/विदेश

● अलेक्स कोजुल राइट

ब्राजिलमा एउटा प्रमुख लागुऔषध तस्कर गिरोहलाई लक्षित गर्दै यसै साता राज्य प्रहरीको कारबाहीमा रियो दि जेनेरियोको न्यून आय भएका १३२ जनाको मृत्यु भयो । यो देशको इतिहासकै सबैभन्दा घातक छापा थियो । फाभेलासमा त्यो संख्याको आधाभन्दा कम मानिस मारिए । अत्यधिक प्रहरी बलविरुद्ध विरोध प्रदर्शन सुरु भएका छन् भने स्थानीयले त्यसलाई 'हत्या' भनेका छन् । अभियन्ताले रियोका गभर्नरलाई राजीनामा दिन आह्वान गरिरहेका छन् ।

राज्य प्रहरीले मंगलबार गरेको कारबाही महिनौँदेखिको योजनाबद्ध रहेको बतायो । कारबाहीको उद्देश्य संदिग्धलाई जंगली पहाडी भेगमा धपाउनु थियो, जहाँ विशेष अप्रेसन एकाइले उनीहरूलाई आक्रमण गर्न पर्खिरहेको थियो । भोलिपल्ट एक स्थानमा दर्जनौँ शव सडकमा राखेको केही घण्टापछि दर्जनौँ फाभेला बासिन्दा 'हत्याराहरू !' भन्दै राज्य सरकारको मुख्यालयअगाडि भेला भए । मृत्यु हुनेको संख्याप्रति स्तब्ध हुनेमा राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा पनि थिए । ब्राजिलका न्यायमन्त्रीका अनुसार संघीय सरकारलाई यस अप्रेसनबारे पहिले नै जानकारी नदिइएको वा सहयोग गर्न आग्रह नगरिएकोमा लुला 'आश्चर्यचकित' भए ।

■ आपराधिक गिरोहलक्षित हमला

पैदल र बख्तरबन्द कारमा आइपुगेपछि प्रहरीले रियोको उत्तरी छिमेक पेन्हा कम्प्लेक्स र अलेमाओ कम्प्लेक्समा ब्राजिलको सबैभन्दा पुरानो आपराधिक संगठनमध्ये एक कमान्डो भर्मेलो गिरोहलाई लक्षित गर्दै छापा मारेको थियो । सन् १९७० को दशकमा रियोको जेलबाट सुरु भएको यो गिरोह पछिल्ला वर्षमा देशका धेरै भागमा विस्तार भएको छ । गिरोहले अहिले अमेजनसहित ब्राजिलका कतिपय क्षेत्र नियन्त्रण गर्छ । गिरोहको आपराधिक गतिविधिमा लागुपदार्थ, हतियारको तस्करी र सुरक्षा ठगी छन् । मंगलबारको आक्रमणमा २५ सय प्रहरी र सैनिक संलग्न थिए । सुरक्षाकर्मीले जंगली क्षेत्रमा अधिकांशको हत्या गरेको थियो । रेड कमान्डले सरकारी सेनामाथि जवाफी गोलीबारी गऱ्यो । प्रभावित क्षेत्रका स्कुल बन्द थिए । आक्रमणकै कारण स्थानीय विश्वविद्यालयले आफ्ना कक्षा रद्द गरे र धेरै सडक अवरुद्ध थिए ।

■ कतिजना मारिए ?

पूर्वराष्ट्रपति जैर बोल्सोनारोका अति दक्षिणपन्थी सहयोगी तथा रियो राज्यका गभर्नर क्लाउडियो क्यास्ट्रोले फोरेन्सिक काम अझै भइरहेको बताए । उनका अनुसार आधिकारिक मृत्यु हुनेको संख्या ५८ पुगेको छ, जसमा चार प्रहरी अधिकारी छन् । तर, मृतकको संख्या १३२ नाघेको गरिबहरूलाई कानुनी सहायता प्रदान गर्ने सार्वजनिक रक्षकको कार्यालयले रिपोर्ट गरेको छ । छापा मार्ने क्रममा राज्य सरकारले ११८ हतियार र एक टनभन्दा बढी लागुऔषध बरामद गरेको छ । गभर्नर क्यास्ट्रोले उक्त अप्रेसनलाई 'सफल' भने । उनले सामाजिक सञ्जाल एक्समा एक भिडियोमा बोल्दै छापा मार्ने क्रममा 'रियो दि जेनेरियोमा अपराधविरुद्धको लडाइँ ऐतिहासिक दिन' भएको बताए । सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले क्यास्ट्रोलाई प्रहरी अप्रेसनबारे जानकारी प्रदान गर्न आदेश दिएका छन् ।

■ ब्राजिलमा छापा मार्ने इतिहास

ब्राजिलमा आपराधिक संगठनविरुद्ध प्रहरी छापा मार्ने कार्य असामान्य होइन । ती छापा प्रायः घातक हुन्छन् । तीमध्ये धेरैजसो रियोमा भएका छन् । यसअघि सहरको



सबैभन्दा घातक प्रहरी छापा २०२१ मा भएको थियो, जतिवेला ज्याकोरेजिन्हो क्षेत्रमा २९ जना मारिएका थिए । २०२२ मा एलेमाओ कम्प्लेक्समा हेलिकोप्टर र बख्तरबन्द सवारीसाधन परिचालन गरेर चार सय अधिकारीले गरेको अर्को छापामा १९ जना मारिए । त्यस्तै, १९९२ मा साओपाउलोमा प्रहरीले विद्रोह दबाउन कारन्डिरु जेलमा आक्रमण गर्दा १११ कैदी मारिए ।

■ सरकारको प्रतिक्रिया के छ ?

न्यायमन्त्री रिकार्डो लेवान्डोब्स्कीले छापा मार्ने कार्यलाई 'धेरै रक्तपातपूर्ण' बताउँदै मारिएका 'निर्दोष मानिस'का परिवारप्रति समवेदना व्यक्त गरे । राष्ट्रपति लुला मृत्युको परिमाणबाट 'त्रसित' भएको उनको भनाइ छ । तर, सरकारले जनताले कसरी प्रतिक्रिया दिन्छन् भन्ने कुराको पनि निगरानी गर्नेछ । अर्को वर्ष हुने राष्ट्रिय चुनावअघि राष्ट्रिय हिंसा एक प्रमुख मुद्दा हुनेछ । राष्ट्रिय सर्वेक्षणकर्ता पराना पेस्क्विसासले गरेको सर्वेक्षणअनुसार लगभग ५० प्रतिशत ब्राजिलियनले लुलाको नेतृत्वमा देशको सुरक्षा अवस्था बिग्रिएको मान्छन् ।

सामाजिक सञ्जालमा आफ्नो धारणा व्यक्त गर्दै राष्ट्रपति लुलाले ब्राजिलमा संगठित अपराधले 'परिवारलाई क्षतविक्षत् पार्ने, बासिन्दाहरूलाई दमन गर्ने र सहरमा लागुपदार्थ र हिंसा फैलाउने काम जारी राखेको' बताए । त्यसअघि विपक्षी सांसदले राष्ट्रपतिले आपराधिक समूहलाई संरक्षण गरेको आरोप लगाएका थिए । 'तस्करका राष्ट्रपति निराश हुनुपर्छ । उनले रियोमा मतदाता गुमाए,' गिल्भान दा फेडरलले रियो दि जेनेरियो अप्रेसनमा मारिएका गिरोह सदस्यलाई उल्लेख गर्दै संसद्मा भने ।

■ राष्ट्र संघको प्रतिक्रिया कस्तो ?

यस हप्ताको छापाको क्रूरताप्रति संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयकी प्रवक्ता मार्टा हुर्टाडोनले निन्दा गरिन । 'हामी रेड कमान्डजस्ता हिंसात्मक र सुव्यवस्थित समूहसँग डिल गर्दा हुने चुनौती पूर्ण रूपमा बुझ्छौं,' उनले भनिन् । उनले ब्राजिललाई 'चरम क्रूरताको यो चक्र तोड्न र कानुन प्रवर्तन कार्यले बल प्रयोगको सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्ने कुरा सुनिश्चित गर्न' आह्वान गरिन् । ब्राजिलमा मानव अधिकार वाचका निर्देशक सेजर मुनोजले मृत्युलाई 'त्रासदी' भने ।

राइट अलजजिराकी स्तम्भकार हुन् ।
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युक्रेन युद्धमा रुसको नयाँ रणनीति

रुसी सेनाले चिसो मौसम सुरु हुनेबित्तिकै युक्रेनको पावर ग्रिड र ग्यास आपूर्तिलाई कमजोर बनाउने लक्ष्य राख्दै देशको महत्त्वपूर्ण पूर्वाधारमा प्रहार गरिरहेको छ



जाडो मौसम नजिकिँदै जाँदा रुसी युद्धको चपेटमा परेको युक्रेनमा धेरै चिन्ता छ। गत महिना फ्रान्स र बेलायतको नेतृत्वमा युक्रेनका सहयोगीहरूको तथाकथित समूह 'कोलियसन अफ द विलिङ'ले ठुला सहरी क्षेत्रमा बिजुली र केन्द्रीय तापको आपूर्ति कायम राखेर किभलाई मद्दत गर्न महत्त्वपूर्ण स्रोत परिचालन गर्न सहमति जनायो। यो वर्ष जाडो सिजन सामान्यभन्दा केही ढिलो सुरु भएकाले यो प्रयासले केही प्रभाव पारेको देखिन्छ।

यद्यपि, यसले आगामी महिनामा युक्रेनी घरहरू न्यानो हुनेछन् भन्ने कुरामा थोरै मात्र आश्वासन दिन्छ। रुसी सेनाले चिसो मौसम सुरु हुनेबित्तिकै युक्रेनको पावर ग्रिड र ग्यास आपूर्तिलाई कमजोर बनाउने लक्ष्य राख्दै देशको महत्त्वपूर्ण पूर्वाधारमा प्रहार गरिरहेको छ। नेपोलियन र हिटलरविरुद्ध रुसको बफादार सहयोगी 'जनरल विन्टर'ले यस युद्धमा पनि सहयोग गरिरहेको छ - युक्रेनविरुद्ध मात्र होइन, पूरै युरोपविरुद्ध।



● सर्गेई मैदुकोभ

युक्रेनी लेखक मैदुकोभको 'लाइफ अन द रनः वान फेमिलिज सर्च फर पिस इन वार-टर्न युक्रेन' पुस्तक प्रकाशित छ।

युद्धभूमिमा विजय हासिल गर्न वा अल्टिमेटममार्फत किभलाई कब्जा गर्न असफल भएपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युद्धको लक्ष्यमा युक्रेनको ऊर्जा र रसद प्रणालीलाई राखेका छन्। पहिलो नजरमा यो विगतको जाडोको पुनरावृत्तिजस्तो देखिन्छ, तर रणनीति विकसित भएको छ। सन् २०२२ र २०२३ मा रुसले युक्रेनीलाई आत्मसमर्पणको प्रयास गऱ्यो। तर, केही समयपछि यो असफल भयो। राष्ट्रिय भावना कायम रह्यो र बत्ती पुनः बल्न थाल्यो। अब पुटिनको गणना अलि फरक छ। यसपटक उनको उद्देश्य केवल युक्रेनलाई दण्डित गर्नु मात्र होइन, बरु चिसो र अन्धकारको मानवीय समस्यामार्फत युरोपलाई अझै अस्थिर बनाउनु पनि हो।

सन् २०२२ को फेब्रुअरीको अन्त्यतिर रुसको पूर्णस्तरीय आक्रमण सुरु हुँदा लाखौँ युक्रेनी रेल, कार र कतिपय पैदलै हिँडेर पश्चिमतर्फ भागे, जसले दोस्रो विश्वयुद्धपछि शरणार्थीको सबैभन्दा ठुलो लहर सिर्जना गऱ्यो। यदि ऊर्जा प्रणाली ध्वस्त भयो भने उक्त लहर विनाशकारी शक्तिका साथ फर्कन सक्छ। यो क्रेमलिनको सबैभन्दा निन्दनीय डिजाइन हो, जाडोलाई हतियार बनाउने। पश्चिममा युक्रेनसँगको सबै ऐक्यबद्धताका बाबजुद अर्को शरणार्थी लहर अत्यधिक अस्थिर हुनेछ। सहायता बजेट घट्दै जाँदा युरोपले आर्थिक बोझ मात्र होइन, नैतिक परीक्षाको सामना गर्नेछ। यसले सिमाना बन्द गर्ने, हतास नागरिकहरू चिसोबाट भाग्ने र घरमा बढ्दो सार्वजनिक असन्तुष्टिलाई सम्बोधन गर्ने अवस्थाबिच निर्णय गर्नुपर्नेछ।

आज, लगभग ५० लाख युक्रेनी शरणार्थी युरोपमा नै छन्। जर्मनी र पोल्यान्डमा क्रमशः १२ लाख र नौ लाख जनसंख्या भएको सबैभन्दा ठुलो जनसंख्या छ। दुवैले युक्रेनी शरणार्थीलाई धेरै स्वागत गर्दै आएका छन्, तर युद्धको थकानले ठाउँ लिइरहेको छ र सार्वजनिक मनोवृत्ति परिवर्तन हुँदै छ।

यस वर्षको सुरुमा किभले युवा पुरुषका लागि सीमा निकास नियम खुकुलो पारेपछि लगभग एक लाख युक्रेनी पुरुष पोल्यान्ड प्रवेश गरे, धेरैले जर्मनी जाने क्रम जारी राखे। यसले सार्वजनिक असन्तुष्टि निम्त्यायो। ६२ प्रतिशत जर्मन सैन्य उमेरका युक्रेनी पुरुषलाई फिर्ता पठाउने पक्षमा रहेका र ६६ प्रतिशत युक्रेनीले खासै लाभ प्राप्त गर्न नचाहेको अक्टोबरमा गरिएको एक सर्वेक्षणले पत्ता लगाएको थियो। युक्रेनी शरणार्थीका लागि सामाजिक समर्थन कायम राख्न गत वर्ष बर्लिनलाई ६ अर्ब युरो (६.९ अर्ब डलर) खर्च भयो र नयाँ रुढिवादी जर्मन सरकारले बजेटमा कडाइ गर्ने कुरा गरिरहन्छ।

> जाडो नजिकिएसँगै युक्रेनी पावर प्लान्ट, ग्यास भण्डारण र रेलमार्गका 'जक्सन'लाई निसाना बनाउनुको उद्देश्य ऊर्जा पूर्वाधार नष्ट गर्नु मात्र नभएर युक्रेनी नागरिकलाई पश्चिम युरोपतिर धकेलेर शरणार्थी संकट सिर्जना गर्नु रहेको देखिन्छ।

पोल्यान्डमा पनि देश छाडेर भाग्ने युवा युक्रेनी पुरुषको आगमनको लहरबारे सार्वजनिक आक्रोश देखिन्थ्यो। गत वर्षको अन्त्यमा गरिएको एक सर्वेक्षणले २५ प्रतिशत पोल्यान्डवासीले युक्रेनी शरणार्थीलाई सकारात्मक, ३० प्रतिशतले नकारात्मक र ४१ प्रतिशत तटस्थ देखिएको पत्ता लगाएको छ। ५१ प्रतिशत उनीहरूलाई सरकारी सहयोग बढी भएको विश्वास गर्छन्। एक वर्षपछि पनि यो नकारात्मक भावन सम्भवतः कायमै छ। युक्रेनी शरणार्थी जनसंख्या कम भएका अन्य देशमा पनि नकारात्मक मनोवृत्ति बढ्दै गएको छ। चेक गणतन्त्रमा लगभग भन्डै चार लाख युक्रेनीले बसोवास गरेका छन्। चेक गणतन्त्रले व्यवस्थापन गर्न सक्नेभन्दा बढी शरणार्थीलाई स्वीकार गरेको त्यहाँका ६० प्रतिशत नागरिकको विश्वास छ। यसले पनि आप्रावासीलाई युरोपमा समस्याका रूपमा लिन थालेको बुझ्न सकिन्छ।

जुन महिनामा युरोपेली आयोगले युक्रेनीका लागि सन् २०२७ को मार्चसम्म अस्थायी सुरक्षा उपाय विस्तार गऱ्यो, तर शरणार्थीहरूको अर्को लहरको चिन्ता सम्पूर्ण ब्लकभरि (युरोपभर) प्रस्ट देखिन्छ। विगत दुई वर्षमा इयु राष्ट्रहरूले समग्रमा शरणार्थीका लागि कठोर नीति अवलम्बन गरेका छन्। जर्मनीले छिमेकी सेन्जेन देशसँग सीमा नियन्त्रण पुनः लागू गरेको छ। त्यस्तै, पोल्यान्डले बेलारुससँगको आफ्नो सिमानामा शरण आवेदनहरूलाई अनुमति दिन बन्द गरेको छ। पुटिन र उनका सहयोगी बेलारुसी राष्ट्रपति अलेक्ज्यान्डर लुकासेन्कोलाई थाहा छ कि हतास मानिसलाई इयुको सिमानामा धकेल्ने रणनीतिले काम गर्छ। उनीहरूले २०२१ मा यस प्रकारको हाइब्रिड युद्धको प्रयोग गरे, जतिवेला बेलारुसले मध्यपूर्व र एसियाबाट शरणार्थीलाई पोल्यान्डको सीमातिर धकेल्यो।

त्यतिवेला ती सीमामा हजारौँ मानिस थिए, जसका कारण मानवीय संकट र मृत्यु भयो। यस जाडोमा यदि युक्रेनको ऊर्जा क्षेत्र ध्वस्त भयो भने लाखौँ मानिस पश्चिममा पोल्यान्डतिर वा दक्षिणमा रोमानिया र हंगेरीतिर जानेछन्। सीमामा उत्तेजकहरूको घुसपैठ वा ड्रोन गतिविधिले स्थिति सजिलै बिग्रन सक्छ।

युक्रेनलाई सहयोग गर्न युरोप तयार छ ?

गत महिना पोल्यान्डका विदेशमन्त्री राडोस्लाव सिकोर्स्कीले भनेका थिए कि उनको देशले युक्रेनलाई जेनेरेटर र अतिरिक्त बिजुली आपूर्तिमा मद्दत गर्नेछ। तर, चिसो मौसममा घरभित्रै बस्न बाध्य तीन करोडभन्दा बढी युक्रेनीलाई जेनेरेटरले कसरी न्यानो राख्न सक्ला ? सम्भवतः पुटिनलाई यस प्रश्नको जवाफ थाहा छ। त्यसैले, रुसी सेनाले पावर प्लान्ट, ग्यास भण्डारण र रेलमार्गका 'जक्सन' बम विस्फोट गरिरहन्छ, मस्कोले पूर्वाधार नष्ट गर्न मात्र होइन, बरु नागरिकलाई पश्चिमतिर धकेल्न पनि यस्तो निन्दनीय कार्य गर्छ। आतंक आफैँमा हतियार बनेको छ। यस जाडोमा युक्रेनले आफ्ना 'इच्छुक' सहयोगीको एकताको सीमा पत्ता लगाउन सक्छ।

अलजजिराबाट

'आतंकवादविरोधी युद्ध'को आर्किटेक्ट अमेरिकी पूर्वउपराष्ट्रपति डिक चेनीको निधन

वासिंटन डिसी/ अमेरिकी पूर्वउपराष्ट्रपति डिक चेनीको ८४ वर्षको उमेरमा निधन भएको छ। ह्वाइट हाउसका चिफ अफ स्टाफ, कंग्रेसका सदस्य, रक्षामन्त्री पदसमेत सम्हालेका चेनीलाई अमेरिकी इतिहासकै सबैभन्दा शक्तिशाली उपराष्ट्रपति मानिन्छ। विशेषतः राजनीतिमा न्यून अनुभव भएका जर्ज डब्लु बुसका उपराष्ट्रपति रहेका चेनीले उनीमाथि ठुलो प्रभाव पारेर आफूले चाहेको नीति कार्यान्वयन गर्ने गरेको चर्चा हुने गर्छ।



चेनीको परिवारले सोमबार जारी गरेको विज्ञप्तिमा निमोनिया, मुटु र रक्तनली रोगको जटिलताका कारण उनको निधन भएको उल्लेख गरेको छ। सन् १९७८ देखि २०१० सम्म उनलाई पाँचपटक हृदयघात भएको थियो भने उनले २००१ देखि आफ्नो मुटुको धड्कनलाई नियमित गर्न मुटुमा विशेष उपकरण लगाएका थिए। तथापि, उनको स्वास्थ्य समस्याले उपराष्ट्रपतिको रूपमा उनको कार्यसम्पादनमा कुनै असर भने पारेको देखिएन। सन् २०१२ मा अवकाश लिएको तीन वर्षपछि उनले सफल मुटु प्रत्यारोपण गराएका थिए।

११ सेप्टेम्बर २००१ मा न्युयोर्क र वासिंटनमा भएको आतंकवादी आक्रमणको समयमा चेनीले पद सम्हालेको एक वर्ष पनि पुगेको थिएन। त्यसपछि उनले राष्ट्रपति बुस र रक्षामन्त्री डोनाल्ड रम्सफेल्डसँग 'आतंकवादविरोधी युद्ध (वार अन टेरर)'को घोषणा गरे र लगत्तै अफगानिस्तानमाथि आक्रमण गरे।

धेरैले अमेरिकाले सन् २००३ मा इराकमाथि गरेको आक्रमणमा चेनीको मुख्य भूमिका रहेको बताउँछन्। उसो त सन् १९९० र १९९१ मा सद्दाम हुसेनविरुद्ध पिता बुस (जर्ज एच डब्लु बुस)को शासनमा अमेरिकाले सञ्चालन गरेको पहिलो खाडी युद्धको समयमा चेनी अमेरिकी रक्षामन्त्री थिए।

दोस्रोपटक छोरा बुस (जर्ज डब्लु बुस)को शासनमा उनले पुनः इराकमाथि आक्रमण सुरु गरे। चेनी र बुसको इराकमाथि आक्रमण गर्नका लागि सद्दाम हुसेनको अल-कायदासँग सम्बन्ध रहेको र त्यसैले सेप्टेम्बर ११ को आक्रमणमा अप्रत्यक्ष संलग्न भएको बताएका थिए।

यिनै कारणसहित मार्च २००३ सम्ममा अमेरिकाले आफ्ना केही पश्चिमी गठबन्धन सेनाहरूको नेतृत्वमा इराकमाथि आक्रमण गऱ्यो। आक्रमणपछि सद्दाम हुसेनको शासनमाथि लगाइएका दुवै आरोपको कुनै प्रमाण फेला परेन। अर्थात्, झुटो आरोपमा इराकमाथि आक्रमण गरेको देखियो। त्यसपछि पनि चेनीले इराकमाथिको आक्रमणलाई 'अमेरिकाको रक्षाका लागि उठाउनैपर्ने कदम'को रूपमा व्याख्या गरे।

इराक युद्ध पछिल्लो समय भएको युद्धमध्ये निकै धेरैको मृत्यु भएको युद्ध मानिन्छ। ब्राउन विश्वविद्यालयको 'वाट्सन स्कुल अफ इन्टरनेसनल एन्ड पब्लिक अफेयर्स'का अनुसार बुस-चेनी प्रशासनले सन् २००१ देखि अफगानिस्तान, इराक, सिरिया, यमनमाथि गरेको आक्रमणमा कम्तीमा आठ लाख मारिए।

इतिहासमा आज



नोभेम्बर ५

सन् २००६ : इराकका राष्ट्रपति सद्दाम हुसेनलाई सन् १९८२ मा १४८ सिया मुस्लिमको नरसंहारमा संलग्न भएको आरोपमा मृत्युदण्ड सुनाइयो।

सन् १५५६ : दोस्रो पानीपथ युद्धमा अकबर नेतृत्वको मुगल फौजले दिल्लीका हिन्दु शासक हेमुलाई पराजित गर्दै त्यस भेगमा मुगल शासनलाई मजबुत बनाए।

सन् १६०५ : क्थाथोलिक सम्प्रदायप्रति कठोर भएको भन्दै ब्रिटिस राजा जेम्स प्रथमले संसद्मा सम्बोधन गर्न आउने समय पारेर संसद् ध्वस्त पार्ने योजना अन्तिम समयमा रोकियो। मध्यराति गाय फोक्स नामक व्यक्ति संसद्मुनि विशाल परिणामको विस्फोटक पदार्थसहित पक्राउ परे। यस घटनालाई 'गनपाउडर प्लट'ले चिनिन्छ।

सन् १९४० : फ्र्यांकलिन डी रुजबेल्ट तेस्रोपटक अमेरिकी राष्ट्रपति पदमा निर्वाचित भए। कुल चारपटक राष्ट्रपति निर्वाचित भएका रुजबेल्ट हालसम्मका दुईपटकभन्दा बढी निर्वाचित हुने एक मात्र अमेरिकी राष्ट्रपति हुन्।

सन् २००० : इथोपियामा सन् १९७५ मा तत्कालीन कम्युनिस्ट शासकबाट मारिएर बेपत्ता पारिएका सम्राट् हेली सेलासीको अवशेषलाई इथोपियन अर्थोडक्स चर्चले विशाल समारोहबिच धार्मिक विधिले गाड्यो। समारोहका लागि इथोपिया सरकारसँग सहयोग मागिए पनि सम्राट्को पालामा भएका दमन तथा क्रूरतालाई देखाउँदै राज्यले त्यसमा सहयोग तथा संलग्न हुन अस्वीकार गरेको थियो।

सन् २००१ : चीनले चन्द्रमा पठाएको पहिलो भूउपग्रह यसै दिन चन्द्रमाको कक्षमा सफलतापूर्वक प्रवेश गऱ्यो।

सन् २०१८ : 'भोयाजर द्वितीय' हाम्रो सौर्यमण्डलबाट बाहिरियो। सन् १९७७ मा प्रक्षेपण गरिएको सो अन्तरिक्षयान सौर्यमण्डलबाट बाहिरिने दोस्रो मानवनिर्मित वस्तु बन्यो। सन् २०१२ मा भोयाजर प्रथमले पहिलोपटक सौर्यमण्डलबाट बाहिरिएको थियो।

रिलायन्स फाइनान्स लिमिटेडका
कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२।०७।१९

तपाई तपसिलका ऋणी/ऋणीहरूले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको सर्त बमोजिम तोकिए अनुसार बुझाउनुपर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको सर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवं लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नुपर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तीय संस्थालाई तिर्नु, बुझाउनुपर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण बापत लेखी दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएका अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सोबाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिस गरी पठाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपशिल:

शाखा कार्यालय : मणिग्राम, रुपन्देही

ऋणिको विवरण	व्यक्तिगत धनजमानी दिनेको विवरण	
नाम : अपन रिसोर्ट **ठेगाना :** रुपन्देही जिल्ला, तिलोत्तमा १६ **दर्ता नं. :** १०९९/०७६/०७७ **दर्ता मिति :** २०७६/११/२३ **स्थाई लेखा नम्बर :** ६१३२०४१५६ **मिति :** २०७६।११।२९ **कर्जा शिर्षक :** एस.एम.ई -व्यापारकर्जा	**नाम : मोहनी चौधरी थारु** **ठेगाना :** मकहर-०४, रुपन्देही **हालको ठेगाना :** तिलोत्तमा-११, रुपन्देही **श्रीमान :** गणेश प्रसाद थारु **ससुरा :** राम दुलारे थारु	**नाम : जमुवान्त्री थारु** **ठेगाना :** मधवलिया ०५, रुपन्देही **हालको ठेगाना :** तिलोत्तमा-१६, रुपन्देही **श्रीमान :** हरि राम चौधरी **ससुरा :** मेख बहादुर चौधरी
	नाम : मनिस थारु **ठेगाना :** तिलोत्तमा-१४, रुपन्देही **हालको ठेगाना :** तिलोत्तमा-११, रुपन्देही **बुबा :** गणेश प्रसाद थारु **बाजे :** राम दुलारे थारु	**नाम : कल्पना चौधरी** **ठेगाना :** पड्सरी-०९ ,रुपन्देही **हालको ठेगाना :** ओमसतिया-०१, रुपन्देही **श्रीमान :** गोरख चौधरी **ससुरा :** भिखु थारु
धितोको विवरण मोहनी चौधरी थारुको नाममा दर्ता रहेको साविक रुपन्देही जिल्ला मकहर-०४ हाल, रुपन्देही जिल्ला तिलोत्तमा-११ स्थित कित्ता नं.२०७ को क्षेत्रफल ०-५-१० (बि.क.धु) घर, जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**नाम : जमुना थारु** **ठेगाना :** तिलोत्तमा-११, रुपन्देही **श्रीमान :** मनिस थारु **ससुरा :** गणेश प्रसाद थारु	**नाम : हरि रामचौधरी** **ठेगाना :** मधवलिया ०५, रुपन्देही **हालको ठेगाना :** तिलोत्तमा-१६, रुपन्देही **बुबा :** मेख बहादुर चौधरी **बाजे :** धन राज चौधरी
	नाम : गोरख चौधरी **ठेगाना :** पड्सरी-०९, रुपन्देही **हालको ठेगाना :** ओमसतिया-०१, रुपन्देही **बुबा :** भिखु थारु **बाजे :** तुल्सी थारु	

Reliance Finance Limited
रिलायन्स फाइनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

Head Office : Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www. reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

NIMB
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०७/१९)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४९२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय(समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैकसंग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैकबिच भए गरेका शर्त सम्झौता, बैकको नियम, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैकको नियम तथा अन्य प्रचलित कानूनले बैकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/सचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : शोभा राना (धितो कर्जा) -शाखा कार्यालय कुश्मा**, (ना.प्र.न.४८१८४, मिति २०६१/१२/१८ मा जि.प्र.का.पर्वतबाट जारी भएको), ठेगाना : त्रिवेणी ०८, पर्वत हाल कुश्मा ०६, पर्वत बाबु : हर्क बहादुर राना, पति : शिव बहादुर थापा, ससुरा : विष्णु थापा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. शिव बहादुर थापा -जमानीकर्ता** (ना.प्र.न.४०१३९, मिति २०६०/०३/३१ मा जि.प्र.का पर्वतबाट जारी भएको), बाबु: विष्णु (बहादुर) थापा, बाजे: पहल सिह थापा **२. विष्णु थापा -जमानीकर्ता** (ना.प्र.न.६९६/०४७, मिति २०४७/१०/०२ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), बाबु : पहल सिह थापा, बाजे : दल बहादुर	५.	**ऋणी : अर्जुन पाल्पाली (धितो कर्जा) -शाखा कार्यालय मन्थली,** (ना.प्र.न. २०४७९/२९१०३५/९८४९, मिति २०४८/१२/२६ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : गेलु ०५, रामेछाप बाबु : रण बहादुर पाल्पाली, बाजे : माधवर सि पाल्पाली **व्यक्तिगत जमानीकर्ता :** **मनुका खड्का -जमानीकर्ता** (ना.प्र.न.३३७९, मिति २०४६/०३/२६ मा जि.प्र.का. रामेछापबाट जारी भएको), पति : अर्जुन पाल्पाली, ससुरा : रण बहादुर पाल्पाली
२.	**ऋणी : महा लक्ष्मी चुरा सेन्टर (आवधिक कर्जा) -शाखा कार्यालय नर्यां बानेश्वर**, प्रा.फ.र.न : १५१९९६०/०७६/७७, ठेगाना : का.म.न.पा. ०७, काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मिना देवी साह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.न.१५६६, मिति २०५२/०७/१० मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) पति : अर्जुन प्रसाद साह, ससुरा : राम रतन साह **२. अर्जुन प्रसाद साह -जमानीकर्ता** (ना.प्र.न.७६०८१०६७, मिति २०४६/१२/२८ मा जि.प्र.का. सप्तरीबाट जारी भएको), बाबु: राम रतन साह, बाजे : लक्ष्मी साह	६.	**ऋणीहरु :** **क) ए.वन फेन्सी एण्ड सु.सेन्टर (विविध कर्जा) -शाखा कार्यालय कुश्मा,** प्रा.फ.न.: २२९६/०७५/०७६, ठेगाना : मोदी गा.पा. ०५, पर्वत **ख) सेभेन स्टार किराना पसल (आवधिक कर्जा) -शाखा कार्यालय कुश्मा,** प्रा.फ.न.: २८५५/०७७/०७८, ठेगाना : मोदी गा.पा. ०५, पर्वत **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सपना पौडेल क्षेत्री -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.न. ५११०३१/६५७, मिति २०६८/०२/१३ मा जि.प्र.का. पर्वतबाट जारी भएको) पति : खड्क बहादुर पौडेल क्षेत्री, ससुरा : बम बहादुर पौडेल **२. खड्क बहादुर पौडेल क्षेत्री -जमानीकर्ता** (ना.प्र.न.१५८०४, मिति २०५३/०९/०८ मा जि.प्र.का पर्वतबाट जारी भएको), बाबु: बम बहादुर पौडेल, बाजे: क्षेत्र बहादुर पौडेल **३. बम बहादुर पौडेल -जमानीकर्ता** (ना.प्र.न. ५०४, मिति २०३५/११/०२ मा जि.प्र.का.पर्वतबाट जारी भएको), बाबु: क्षेत्र बहादुर पौडेल, बाजे : श्री कृष्ण पौडेल
३.	**ऋणी : भैरहवा सञ्चार गृह प्रा.लि (विविध कर्जा) -शाखा कार्यालय भैरहवा** दर्ता.न : १५५०६८/०७३/०७४, ठेगाना : सिद्धार्थनगर ०८, रुपन्देही **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. पुष्पा पौडेल -जमानीकर्ता** (ना.प्र.न.१६२०१, मिति २०६१/०४/२४ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु: जिव नाथ पौडेल, पति: हेम बहादुर पछाई, ससुरा: रुद्र बहादुर पछाई **२. पुस्पा खनाल -शेयरधनी/जमानीकर्ता** (ना.प्र.न.११३१६/२८४०, मिति २०५०/११/०५ मा जि.प्र.का.अर्घाखाँचीबाट जारी भएको) बाबु : दुर्गा प्रसाद खनाल, बाजे : हरि प्रसाद खनाल **३. हेम बहादुर पछाई -शेयरधनी/जमानीकर्ता** (ना.प्र.न.३७-०१-७३-०५०४८, मिति २०७३/०५/१२ मा जि.प्र.का.रुपन्देहीबाट जारी भएको) बाबु : रुद्र बहादुर पछाई, बाजे : भिम बहादुर पछाई	७.	**ऋणी : नम्रता सिंह थापा (धितो कर्जा) -शाखा कार्यालय भैरहवा,** (ना.प्र.न.१६०६४, मिति २०५८/१०/२२ मा जि.प्र.का.रुपन्देहीबाट जारी भएको), ठेगाना : सिद्धार्थनगर १३, रुपन्देही, पति : राजन बहादुर थापा क्षेत्री, ससुरा : कृष्ण बहादुर थापा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. राजन बहादुर थापा क्षेत्री -जमानीकर्ता** (ना.प्र.न.८/६१, मिति २०४४/१२/१० मा जि.प्र.का रुपन्देहीबाट जारी भएको) बाबु : कृष्ण बहादुर थापा, बाजे : लोक बहादुर थापा क्षेत्री **२. उत्कृष्ट थापा क्षेत्री -जमानीकर्ता** (ना.प्र.न. ३७-०१-७६-०८८७७, मिति २०७६/०७/१४ मा जि.प्र.का रुपन्देहीबाट जारी भएको) बाबु : राजन बहादुर थापा क्षेत्री, बाजे : कृष्ण बहादुर थापा
४.	**ऋणी : पञ्चमुखी अल्मुनियम (आवधिक कर्जा) -शाखा कार्यालय विराटनगर,** प्रा.फ.न.घ.उ.मो : २३४४४/०७९/०८०, ठेगाना: विराटनगर म.न.पा. १२, मोरङ **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. शिवरात्री कुमारी विश्वास -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.न. ०५१०२२-५८, मिति २०६६/१०/२८ मा जि.प्र.का.मोरङबाट जारी भएको) पति : अशोक राजवंशी, ससुरा : हरि प्रसाद राजवंशी **२. हरि प्रसाद राजवंशी -जमानीकर्ता** (ना.प्र.न.११२९९/६३०, मिति २०३४/१०/२६ मा जि.प्र.का.सुनसरीबाट जारी भएको), बाबु: रतिलाल राजवंशी, बाजे: खुबलाल राजवंशी **३. अशोक राजवंशी -जमानीकर्ता** (ना.प्र.न.८८०७४, मिति २०६५/०३/१६ मा जि.प्र.का.मोरङबाट जारी भएको), बाबु: हरि प्रसाद राजवंशी, बाजे: रतिलाल राजवंशी		

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १९ कार्तिक ०८२

गण्डकीले दुई अर्ब ५० करोड बजेट कटौती गर्ने

१५ शीर्षकमा २० देखि शतप्रतिशतसम्म बजेट कटौती

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ मा विनियोजन गरेको कुल बजेटमा दुई अर्ब ५० करोड कटौती गर्ने भएको छ। २३ र २४ भदौको जेन-जी प्रदर्शनका क्रममा भएको तोडफोड र आगजनीपछि सिर्जना भएको अवस्थाका कारण संघ सरकारले २० प्रतिशत बजेट कटौती गर्ने निर्णय गरेपछि प्रदेशले समेत सोहीअनुसार बजेट कटौती गर्ने निर्णय गरेको हो।



गण्डकीले चालू आर्थिक वर्षका लागि चालूतर्फ १२ अर्ब ६३ करोड ६६ लाख अर्थात् कुल बजेटको ३९.५ प्रतिशत, पुँजीगततर्फ १९ अर्ब नौ करोड ३३ लाख २४ हजार अर्थात् कुल बजेटको ५९.७ प्रतिशत बजेट विनियोजन गरेको थियो। त्यस्तै, वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात् कुल बजेटको ०.८ प्रतिशत गरी ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट सार्वजनिक गरेको थियो। सोही बजेटबाट दुई अर्ब ५० करोड कटौती गर्ने तयारी भएको गण्डकीका आर्थिक मामिलामन्त्री डा. टकराज गुरुङले जानकारी दिए।

गण्डकीका आर्थिक मामिला मन्त्रालयका सचिव इन्द्रप्रसाद बस्यालका अनुसार चालू खर्चमा मात्र कटौती गरेको, तर पुँजीगततर्फको बजेट भने चलाइएको छैन। संघ र प्रदेश दुवै सरकारको राजस्व अनुमान गरिएअनुसार उठ्न सक्ने अवस्था नरहेको र जेन-जीको प्रदर्शनका क्रममा भएका क्षतिको पुनर्निर्माणसमेत गर्नुपर्ने भएकाले बजेट कटौती गर्ने निर्णय गरिएको उनले जानकारी दिए।

कुन-कुन शीर्षकमा गरियो बजेट कटौती ?

गण्डकी सरकारले विभिन्न १५ शीर्षकमा २० देखि शतप्रतिशतसम्म बजेट कटौती गर्ने निर्णय गरेको छ। जसअनुसार सवारीसाधन खरिद, मेसिनरी औजार खरिद (स्वास्थ्य सामग्रीबाहेक) क्षति नभएका कार्यालयहरूको, फर्निचर (क्षति नभएका कार्यालयहरूको) र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि बिदा पर्यटन कार्यक्रमको गरी चार शीर्षकको बजेट शतप्रतिशत र सफ्टवेयर खरिदमा ८० प्रतिशत बजेट कटौती हुने भएको छ।

यसैगरी, मेसिनरी औजार (क्षति नभएका कार्यालयहरूको), निर्मित सार्वजनिक सम्पत्ति मर्मत (क्षति नभएका कार्यालयहरूको), चालू कार्यक्रम (अध्ययन-अनुसन्धान, जनचेतनामूलक तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, भ्रमण, सूचना, प्रकाशनको), अनुगमन मूल्यांकन, भ्रमण खर्च र पत्रपत्रिकामा सूचना छपाइ गरी ६ शीर्षकको ५० प्रतिशत बजेट कटौती गरिएको छ।

■ विद्युत् बक्यौताको किस्तामा उद्योगी र प्राधिकरणको फरक-फरक बुझाइ

उद्योगी भन्छन्- पहिलो किस्ता नै धरौटी, प्राधिकरण भन्छ- किस्ता मात्रै बुझेका हौं

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सोमबार प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा प्रधानमन्त्री कार्यालयमा भएको सहमतिअनुसार उद्योगीहरू विद्युत्को प्रिमियम बक्यौता तिर्न सहमत भएका छन्। तर, उद्योगी र नेपाल विद्युत् प्राधिकरणबिच पहिलो किस्ताको विषयमा फरक-फरक बुझाइ रहेको पाइएको छ। सोमबारको छलफलमा उद्योगीले २८ किस्तामा पहिलो किस्ताबराबरको रकम तिरेपछि काटिएको लाइन जोड्ने भद्र सहमति भएको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले बताए। मंगलबार महासंघको नेतृत्वमा आयोजित पत्रकार सम्मेलनमा सहमतिअनुसार उद्योगीले धरौटीका रूपमा पहिलो किस्ता बुझाउन तयार भएको भन्दै कार्यान्वयन गर्न अध्यक्ष ढकाललेसम्बन्धित निकायलाई आग्रह पनि गरेका छन्। पहिलो किस्ताबराबरको रकम तिरेपछि मात्रै लाइन जोड्ने र त्यसपछि न्यायिक प्रक्रियामा जान पाउने सहमति भएको महासंघका अध्यक्ष ढकालले बताए। पहिलो किस्तालाई 'किस्ता' नभएर धरौटीका रुपमा स्वीकार गरेर थप न्यायिक प्रक्रिया अघि बढ्ने सहमति भएको उनले प्रस्टयाए। 'छलफलमा उद्योगीले पहिलो किस्ताबराबरको रकम धरौटीका रूपमा तिर्ने अर्थात् प्राधिकरणले त्यसरी स्वीकार गर्ने र लाइन जोड्ने सहमति भयो। साथै, उद्योगीलाई न्यायिक प्रक्रियामा पनि अघि बढ्न बाटो खुला गर्ने सहमति भयो। यसले विवाद समाधान गर्छ भन्ने विश्वास छ,' उनले भने। त्यो लिखित नभए पनि प्रधानमन्त्रीको उपस्थितिमा भएको भद्र सहमति भएका कारण कार्यान्वयन हुनेमा आशावादी भएको उनको भनाइ छ।

त्यस्तै, नेपाल सिमेन्ट उत्पादक संघका निवर्तमान अध्यक्ष ध्रुव थापाले यस सहमतिले दीर्घकालीन रूपमा समाधान निकाल्ने विश्वास व्यक्त गरे। 'अन्तिम विकल्प नै यही होइन। तर, आजको जटिल अवस्थामा यो नै उपयुक्त विकल्प हो,' उनले भने, 'हामी उद्योगी धरौटीका रूपमा एउटा किस्ता तिर्न चेक काटेर बसेका छौं। तर, यो सहमति कार्यान्वयन गर्नुपर्छ। तसर्थ, सरकारले यसअनुसार काम गर्न तत्काल प्राधिकरणलाई निर्देशन तथा परिपत्र गर्नुपर्छ।'

न्यायिक प्रक्रियामा प्राधिकरणको निर्णय चित्त नबुझेमा अदालत जान सकिने उनको भनाइ छ। 'हामीले पहिलो किस्ता धरौटीका रूपमा बुझाउँछौं। त्यसपछि न्यायिक प्रक्रियामा पनि सहभागी हुन्छौं। त्यस क्रममा आउने निर्णय चित्तबुझ्दो भयो भने त्यहीअनुसार अघि बढ्छौं। चित्त बुझ्ने देखिएन भने अदालती प्रक्रियामा पनि जान सकिन्छ,' उनले भने।

सिमेन्ट उत्पादक संघका अध्यक्ष रघु नन्दन मारुले पनि साढे ६ वर्षदेखिको विवाद बिरामको बिन्दुमा पुगेको बताए। 'यो पूर्णविराम नै त होइन। तर, विरामको बिन्दुमा आएका छौं,' उनले भने, 'महासंघको पहलमा भएको उच्चस्तरीय छलफलमा भएको सहमतिअनुसार अघि बढ्न तयार छौं। सहमति कार्यान्वयन भने हुनुपर्छ।'

भद्र सहमतिपछि सात उद्योगले पहिलो किस्ताबराबरको रकम भुक्तानी गरेका छन्। तर, त्यो धरौटी नभएर किस्ताकै रूपमा स्वीकार गरिएको प्राधिकरणका अधिकारीहरू बताउँछन्। प्राधिकरणका प्रवक्ता राजन ढकालले किस्ताकै रूपमा उद्योगीको रकम स्वीकार गरेको बताए। 'प्रधानमन्त्री कार्यालयमा भएको सहमतिबारे हामीलाई केही पनि लिखित जानकारी आएको अवस्था छैन। लिखित निर्देशन आएको अवस्थामा त्यहीअनुसार हुन्छ। अहिले हामीले नियमित प्रक्रियामै काम गरिरहेका छौं,' उनले भने, 'हामीले किस्ताकै रूपमा बक्यौता स्वीकार गरेका छौं। महिना सकिएपछि दोस्रो किस्ताका लागि-उद्योगीलाई ताकेता गर्छौं।' प्राधिकरणले यसलाई धरौटीका रूपमा स्वीकार गरेर न्यायिक प्रक्रिया अघि बढाएमा त्यसको निर्णय नआएसम्म थप किस्ता असुल नगर्न पनि सक्छ।

विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकाल भन्छन्-



प्रधानमन्त्री कार्यालयमा भएको सहमतिबारे हामीलाई केही पनि लिखित जानकारी आएको छैन। लिखित निर्देशन आएको अवस्थामा त्यहीअनुसार हुन्छ। अहिले हामीले नियमित प्रक्रियामै काम गरिरहेका छौं। हामीले किस्ताकै रूपमा बक्यौता स्वीकार गरेका छौं। महिना सकिएपछि दोस्रो किस्ताका लागि उद्योगीलाई ताकेता गर्छौं।

उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल भन्छन्-



पहिलो किस्तालाई 'किस्ता' नभएर धरौटीका रूपमा स्वीकार गरेर थप न्यायिक प्रक्रिया अघि बढ्ने सहमति भएको छ। प्रधानमन्त्रीसँग भएको छलफलमा उद्योगीले पहिलो किस्ताबराबरको रकम धरौटीका रूपमा तिर्ने अर्थात् प्राधिकरणले त्यसरी नै स्वीकार गर्ने र लाइन जोड्ने सहमति भयो।

किस्ताका रूपमा स्वीकार गरेमा महिना सकिएपछि पुनः अर्को मासिक किस्ता असुल गर्नुपर्छ।

सहमतिपछि सात उद्योगले तिरे बक्यौता

प्रधानमन्त्री कार्यालयमा भएको सहमतिपछि सात उद्योगले बक्यौताको पहिलो किस्ता तिरेका छन्। २४ लाख ६३ हजार बक्यौता भएको पञ्चकन्या प्लास्टिक, ५२ लाख १९ हजार बक्यौता भएको पञ्जकन्या स्टिल, एक करोड ८३ लाख बक्यौता भएको सिद्धार्थ पेटप्लास्ट र ४९ लाख १० हजार बक्यौता भएको श्याम प्लास्टिकले सोमबार पहिलो किस्ता तिरेका छन्। यस्तै, मंगलबार थप तीन उद्योगले पहिलो किस्ता बुझाएका छन्। ४० लाख बक्यौता रहेको भलबारीमा स्वचालित चामल उद्योग, एक करोड ४८ लाख बक्यौता रहेको एसआर फुड्स र १६ लाख बक्यौता रहेको एसआर स्टिलले पहिलो किस्ता बुझाएका छन्। अहिले १६ उद्योगमा लाइन काटिएकै अवस्था छ। अदालतबाट अन्तरिम आदेश पाएका ६ उद्योगसहित २२ उद्योग प्रक्रियामा आउन बाँकी छ।

यस्ता छन् अबका द्विविधा

उद्योगीले पहिलो किस्ता धरौटीका रूपमा बुझाउँदा त्यसले कानुनी रूपमा पुनरावलोकनको मान्यता भने पाउने देखिन्न। प्राधिकरणले जारी गरेका बिलमा चित्त नबुझे ग्राहकले पहिलो चरणमा प्राधिकरणकै 'प्रशासनिक पुनरावलोकन' प्रक्रियामा या विद्युत् नियमन आयोगमा उजुरी दिनुपर्ने हुन्छ। दुवै निकायलाई यस्तो विवादमा जिल्ला अदालतसरह अर्थात् अर्धन्यायिक निकायका रूपमा काम गर्न पाउने अधिकार छ। यो निकायको निर्णय चित्त नबुझेमा मात्रै उच्च अदालतमा पुनरावलोकनको आवेदन दिन पाइन्छ।

प्राधिकरणको हकमा बिल जारी भएको ३५ दिनभित्र प्रशासनिक पुनरावलोकन प्रक्रियामा जानुपर्छ। त्यसको ३५ दिनभित्र प्राधिकरणले निर्णय दिनुपर्छ। प्राधिकरणको निर्णय चित्त नबुझेमा उच्च अदालत जान सकिन्छ। प्राधिकरणको प्रसानिक पुनरावलोकन प्रक्रियामा पाँच प्रतिशत धरौटी राख्नुपर्छ, जुन मुद्दा जितेमा फिर्ता हुन्छ भने हारेमा जफत हुन्छ। विद्युत् नियमन आयोगमा भने निवेदन दिने सममसीमा तोकिएको छैन। तर, आयोगले इजलासमा मुद्दा दर्ता भएको ९० दिनभित्र निर्णय दिनुपर्छ। आयोगको निर्णय चित्त नबुझेमा उच्च अदालत पाटनमा पुनरावेदन गर्न पाइन्छ। आयोगमा पाँच प्रतिशत सेवा शुल्क नै तिर्नुपर्छ, जुन फिर्ता हुँदैन।

०७६ मै जारी भएको बक्यौताको बिलमा उद्योगीको आपत्ति भए पनि प्रशासनिक पुनरावलोकन प्रक्रियामा गएका छैनन्। पहिला यस्तो प्रक्रियामा आउन २५ प्रतिशत धरौटी राख्नुपर्ने प्रावधान थियो। धरौटी जफत हुने डरमा उद्योगीहरू प्रक्रियामा आउन चाहेनन्।

पछिल्लोपटक प्राधिकरणले २९ चैतमा उद्योगीलाई पुनरावलोकनको मौका दिने निर्णय गरेको थियो। यद्यपि, तत्कालीन सरकारले त्यसमै टेकेर बक्यौता घटाउन खोजेको थियो। त्यसवेला विद्युत् वितरण विनियमावली, २०७८ संशोधन गर्दै धरौटीबापत राख्नुपर्ने रकम २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमा सीमित गरियो। साथै, उद्योगीलाई जेठ मसान्तसम्म पुनरावलोकन प्रक्रियामा आउन भनियो। त्यसमा ४६ उद्योग प्रक्रियामा आएका थिए। तर, ऊर्जामन्त्री घिसिङ बनेसँगै प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र शाक्यको स्थानमा मनोज सिलवाललाई नियुक्त गरियो। त्यसपछि प्राधिकरणको १० असोजमा सम्पन्न बोर्ड बैठकले पुनरावलोकन प्रक्रिया नै खारेज गरेर सोझै बक्यौता उठाउने निर्णय गऱ्यो। बक्यौता तिर्न उद्योगीलाई २ कात्तिकसम्मको समय दिइएको थियो। तर, अब यस विवादमा कसरी न्यायिक प्रक्रिया अघि बढाउने भन्ने विषयमा उद्योगी र सरकारबिच ठोस सहमति भएको छैन।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

SY Panel Nepal Limited

एसवाई प्यानल नेपाल लिमिटेड

SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डो, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

एसवाई प्यानल नेपाल लिमिटेडले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् रु.५२,३२,५४,८००/- (बाउन्न करोड बत्तिस लाख चौवन्न हजार आठ सय) रकम बराबर रु.१००/अंकित दरका ५२,३२,५४८ (बाउन्न लाख बत्तिस पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर मध्ये २% अर्थात २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि, ३८% अर्थात ४९,७०,९२१ कित्ता साधारण शेयरका १०% अर्थात ४,९७,०९२ कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, ३% अर्थात १,४९,१२७ कित्ता साधारण शेयर कम्पनिका कर्मचारीहरुका लागि र ५% अर्थात २,४८,५४६ कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरेको शेयर निष्कासन तथा बाँडफाँड गरे पश्चात बाँकी रहेको ४०,७६,१५६ (चालिस लाख छयत्तर हजार एक सय छपन्न) कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८२ कार्त्तिक १९ गते बुधबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ०१-५९७०२००
२.	श्री एसवाई प्यानल नेपाल लिमिटेड, तिनकुने, काठमाण्डौं वेवसाइट :www.synepal.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np
	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
४.	सर्वसाधारण शेयरधनीहरुको हकमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु : नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति :	२०८२/०७/१५
निष्काशन बन्द हुने मिति (घ्रिटोमा) :	२०८२/०७/२३ (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०८/०३ (बैंकिङ्ग समय पश्चात)

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७८/७५	२०७५/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	३.०७	४.८७	५.३५	८.८१	९.२१	१०.४३	१३.५४
प्रति शेयर नेटवर्थ रु.	९६.६३	१०१.२८	१०६.६१	११५.४२	११७.४६	१२७.८०	१४१.२४
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्यूअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating double B Plus) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+ ले "Considered to have Moderate Risk of Default in the Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०५/३१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३०

लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ कार्त्तिक ११ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.synepal.com, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड

कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५५७०२००

Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

सुपथ पसलमा ३० करोडको कारोबार

काठमाडौं/ चाडपर्वलक्षित सुपथ पसलबाट २९ करोड ८० लाख रुपैयाँको खाद्य सामग्री बिक्री भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले २० करोड ६० लाख र साल्ट ट्रेडिङले नौ करोड २० लाख रुपैयाँ मूल्यबराबरको खाद्यान्न बिक्री गरेको जनाएका छन्।

३० भदौदेखि थालिएको सुपथ मूल्य पसलमा दुवै संस्थानले देशभर डेढ सयभन्दा बढी बिक्री केन्द्रबाट विभिन्न खाद्य सामग्री प्रतिकिलो पाँचदेखि १० रुपैयाँसम्म छुट दिएर बिक्री गरेका थिए। छुट मूल्यको खाद्यान्न खरिदमा उपभोक्ताको भिड बढेपछि खाद्य कम्पनीलाई आगामी २ माघसम्म सुपथ मूल्य पसल जारी राख्न निर्देशन दिएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव शिवराम पोखरेलले जानकारी दिए। 'सुपथ पसलमा छुट मूल्य पाएर खाद्यान्न खरिद गर्ने उपभोक्ताको उपस्थिति राम्रै भयो। त्यसैले खाद्य कम्पनीलाई माघ संक्रान्तिसम्म सुपथ पसल सञ्चालन जारी राख्नु भनेका छौं,' उनले भने।

खाद्य कम्पनीका बिक्री विभाग प्रमुख भीम थापाले पनि मन्त्रालयको निर्देशनपछि सुपथ पसल २ माघसम्मका लागि जारी राखेको बताए। तर, साल्ट ट्रेडिङले भने छठपछि छुट मूल्यमा खाद्यान्न बिक्री-वितरण रोकेको छ।

वीरगन्ज नाकाबाट भित्रिए आठ अर्ब ७० करोडका सवारीसाधन

वीरगन्जमा **तिवारी यादव**

चालू आर्थिक वर्षको पहिलो तीन महिनामा वीरगन्ज नाका हुँदै आठ अर्ब ७० करोडका विभिन्न प्रकारका सवारीसाधन नेपाल भित्रिएका छन्। सवारीसाधनको आयातबाट सात अर्ब ७७ करोड रुपैयाँ राजस्व संकलन गरिएको वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले जानकारी दिए।

गत आर्थिक वर्षको सोही अवधिमा ६ अर्ब १९ करोड रुपैयाँबराबरका सवारीसाधन भित्रिएका थिए। सो अवधिमा पाँच अर्ब ९५ करोड रुपैयाँ राजस्व संकलन भएको थियो। चालू वर्षमा मात्र तीन अर्ब ४१ करोड मूल्यका २४ हजार नौ सय ३९ थान अनएसेम्बल्ड मोटरसाइकल आयात भएका छन्, जसबाट तीन अर्ब २८ करोड रुपैयाँ राजस्व संकलन भएको छ।

त्यस्तै, जिप, कार र भ्यान वर्गका तीन सय ३० वटा सवारीसाधन ६२ करोड २४ लाख रुपैयाँको आयात भई एक अर्ब ७५ करोड रुपैयाँ राजस्व आएको छ। विद्युतीय सवारीसाधनको आयातमा पनि उल्लेख्य वृद्धि भएको छ। यो अवधिमा दुई सय ९९ वटा विद्युतीय जिप, कार र भ्यान ६८ करोड पाँच लाख रुपैयाँको भित्रिएका छन्। तीबाट ४५ करोड ७२ लाख रुपैयाँ राजस्व संकलन भएको छ। गत वर्षको सोही अवधिमा भने केवल ९७ वटा विद्युतीय सवारीसाधन १४ करोड ४९ लाख रुपैयाँको आयात भएका थिए।

वीरगन्जमा पछिल्लो दुई वर्षमा सातवटा इभी (इलेक्ट्रिक भेहिकल) गाडीको नयाँ सोरुम सञ्चालनमा आएका छन्। इभीको माग देशव्यापी रूपमा बढेपछि विभिन्न कम्पनीले वीरगन्जमा सोरुम खोलेका हुन्। नेपाली बजारमा चिनियाँ, भारतीय, अमेरिकन तथा युरोपियन ब्रान्डका इभीले स्थान बनाएका छन्। अहिले बिवाइडी, जगदम्बा मोटर्स, हलमार्क मोटर्स इन्भेस्टमेन्ट, नारायणी अटोकप, नोभस बोद्वर्स, द ग्रिन र सशीला मोटर्सले सोरुम सञ्चालनमा ल्याएका छन्। यस्तै, महिन्द्रा र टाटा कम्पनीले पनि आफ्ना सोरुममा इभी गाडी ल्याएका छन्। वीरगन्जको बाइपास रोडमा गत वर्षमा बिवाइडीको सोरुम सञ्चालनमा आएको छ। करिब दुई वर्षअगाडि पिपरामा द ग्रिनले डाँफेको प्यासेन्जर गाडीको सोरुम ल्याएको हो।

दुई महिना दाउन्ने सडक एकतर्फी रहने

१४ किलोमिटर सडकमध्ये तीन किलोमिटर मात्रै कालोपत्रे, बाँकी सबै खाल्टाखुल्टी

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल सडकको दाउन्ने खण्ड १५ पुससम्मका लागि एकतर्फी गरिएको छ। दाउन्ने खण्डमा बाँकी कल्भर्टहरू निर्माण गर्न र ढलान गर्न एकतर्फी गरिएको सडक विभागका प्रमुख इन्जिनियर चूडाबहादुर ढकालले बताए। दाउन्ने लगातारको जाम र सवारीसाधनको चापले काम गर्न नसकिएका कारण सडक एकतर्फी गरिएको उनको भनाइ छ। यो अवधिमा भारतबाट आउने र भारत जाने ठुला मालवाहक लरीजस्ता सवारीसाधनलाई अन्य बाटो प्रयोग गराइने उनको भनाइ छ। यो खण्डमा कल्भर्ट निर्माणको कामले चार ठाउँमा सडक एकतर्फी रहेको छ भने सडक ढलान भइरहेका ठाउँमा पनि एकतर्फी नै हुनेछ।

केही दिनअघि आकस्मिक भएको वर्षाले निर्माणाधीन नारायणघाट-बुटवल सडक खण्डको दाउन्ने क्षेत्रमा सडक चिप्लो भई यातायात आवागमनमा कठिनाइ भएको तथा आगामी दिनहरूमा पुनः बर्सात भएमा थप समस्या हुने कारण यातायात एकतर्फी गरिएको विभागको भनाइ छ। सडकको अवस्थाबारे सही तथा अद्यावधिक जानकारी प्राप्त गरेर मात्र यात्रा गर्न पनि सडक आयोजनाले आग्रह गरेको छ।

नारायणगढ-बुटवल सडखखण्डको दाउन्ने खण्डमा पानी पर्न छाडेको दुई दिन भयो। तर, अझै पनि बाटो हिलो र चिप्लो रहेको छ। सोही कारण दाउन्नेको पूर्वी र पश्चिम खण्डमा सवारीसाधनको लामो लाइन लागेको छ।



पश्चिम नेपालबाट पूर्व जाने अर्थात् बर्दघाटबाट दुम्कीबास आउने सवारीसाधन सोमबार साँझसम्म सजिलै पास भए पनि पूर्वबाट पश्चिम जाने सवारीसाधनलाई निकै सकस हुने गरेको छ।

बाटो हिलो र चिप्लोले उकालोमा सवारीसाधन उक्लन नसक्दा ठाउँ-ठाउँमा सवारीसाधन बिग्रिएर बसेका छन्। जसले गर्दा दाउन्ने सडकखण्डमा लामो लाइन लागेको जिल्ला प्रहरी कार्यालय नवलपुरले जनाएको छ। प्रहरी नायब उपरीक्षक मधु नेपालका अनुसार ठाउँ-ठाउँमा सवारीसाधन बिग्रिएका कारण सडक एकतर्फी भएको छ। अहिले दाउन्नेको १४ किलोमिटर सडक पार हुन बस तथा ठुला सवारीसाधनलाई अहिले आठदेखि १० घण्टा लाग्ने गरेको छ। दुम्कीबासका स्थानीय बासिन्दाका अनुसार अहिले दाउन्नेदेखि होड्सी सिमेन्ट गेटसम्म करिब १० किलोमिटर लामो सवारीसाधनको लाइन लागेको छ।

सडक विभागले सडक विस्तारको जिम्मा लिएको चाइना स्टेट कम्पनीलाई दसैंअगाडि नै यात्रा सहज गराउन निर्देशन दिएको भए पनि दाउन्नेमा १४ किलोमिटर सडकखण्ड मध्य-पश्चिम खण्डको तीन किलोमिटर मात्र पूर्ण रूपमा कालोपत्रे भएको छ। बाँकी अधिकांश क्षेत्र कच्ची र खाल्टाखुल्टी रहेको छ।

आइएफए २०२५ मा एलजीलाई विभिन्न श्रेणीमा उत्कृष्टताको सम्मान

काठमाडौं/ एलजी इलेक्ट्रोनिक्सले नवप्रवर्तन, डिजाइन र स्मार्ट जीवनशैलीका क्षेत्रमा आफ्नो उत्कृष्टता कायम गर्दै आइएफए २०२५ मा उत्कृष्ट सफलता हासिल गरेको छ।

विश्वकै प्रतिष्ठित आइएफए २०२५ एलजी होम अप्लाइन्स सोलुसन्सले विभिन्न श्रेणीमा उत्कृष्ट पुरस्कार प्राप्त गरेको कम्पनीले जनाएको छ। एलजीको नवप्रवर्तन र प्रयोगकर्ताकेन्द्रित सोचलाई विभिन्न श्रेणीमा उच्च सम्मान दिइएको कम्पनीले जनाएको छ।



■ एलजीले पाएका उत्कृष्ट पुरस्कार

बेस्ट मोबिलिटी : एलजी स्पिलरम, **बेस्ट एसेसिबिलिटी फोकस प्रोडक्ट** : एलजी कम्फर्ट किट
बेस्ट होम एप्लाइन्स : एआई सेन्स डिस वासर र माइक्रोप्लास्टिक फिल्टर
सम्माननीय पुरस्कार
बेस्ट डिजाइन : एलजी वासर एन्ड एम्प, टप्बर ड्रायर पियर, एजी ट्रुस्टिम डिसवासर, नेस्ट एलजी मसाज रिक्लिनर, एलजी स्टाइलर मिनी
बेस्ट होम एप्लाइन्स : एलजी वासटावर, एजी वासर एन्ड एम्प, ड्रायर विथ हिट पम्प, एलजी रोबोट भ्याकुम विथ विल्ट इन सिच्वेसन, एलजी वेट एन्ड ड्राई स्टिक भ्याकुम क्लिनर
बेस्ट स्मार्ट होम : एलजी रोबोट भ्याकुम विथ अब्जेक्ट स्टेसन

स्ट्यान्डर्ड चार्टर्ड बैंक एनपिएस र नेपाल पेमा आबद्ध

काठमाडौं/ स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल र एनसिएचएलबिच एनपिएस तथा नेपाल पे कार्डको प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत तथा हेड अफ कभरेज, नेपाल गोरख राणा तथा एनसिएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका छन्।

एनपिएस-एनसिएसको पूर्वाधारको तयारीपश्चात् व्यावसायिक सञ्चालन गर्ने तयारीमा रहेको एनसिएचएलले बैंक वित्तीय संस्थाहरूलाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम नेपाल पे कार्ड इस्युइङ र अक्वायरिङका लागि स्विच इन्टिग्रेट गर्न आवश्यक समन्वय र सहयोग गर्दै आएको छ। नेपाल पे पूर्वाधारको कर्मार्सियल रोलआउटपश्चात् स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले ग्राहकका लागि उक्त कार्ड अक्वायर र इस्यु गर्न सक्नेछन्।



पुनर्निर्माण कोषमा नेसनल लाइफ इन्स्योरेन्सको एक करोड

काठमाडौं/ जेन-जी प्रदर्शन र आन्दोलनका क्रममा सार्वजनिक भौतिक संरचनामा भएको क्षतिको पुनर्निर्माण, आर्थिक पुनरुत्थान तथा राहतलगायत कार्यका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा नेसनल लाइफ इन्स्योरेन्सले एक करोड आर्थिक सहयोग गरेको छ। उक्त रकमबराबरको चेक कम्पनीको प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्री र नायब महाप्रबन्धक प्रज्वल सायमीले मंगलबार अर्थमन्त्री रामेश्वर खनाललाई हस्तारन्तरण गरेका छन्।



प्रमुख कार्यकारी अधिकृत खत्रीले उक्त अवसरमा कम्पनीले विगतमा शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन एवं वातावरण संरक्षणलगायत क्षेत्रमा आर्थिक सहयोग उपलब्ध गर्दै आएको उल्लेख गर्दै भविष्यमा पनि यस प्रकारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे। कम्पनीले यस प्रयोजनका लागि नियामक निकायबाट जारी निर्देशनअनुसार प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको एक प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्दै आएको छ।

एनएलजी इन्स्योरेन्सद्वारा पूर्वाधार पुनर्निर्माण कोषमा २५ लाख सहयोग



काठमाडौं/ सरकारद्वारा स्थापित भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले २५ लाख रुपैयाँ सहयोग गरेको छ।

मंगलबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा एनएलजी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत सुनीलबल्लभ पन्तले २५ लाख रुपैयाँको चेक अर्थमन्त्री रामेश्वर खनाललाई हस्तान्तरण गरेका हुन्। सरकारले स्थापना गरेको उक्त कोषमा आज प्राप्त रकमसहित हालसम्म जम्मा सात करोड ५१ लाख ६० हजार चार सय ३९ रुपैयाँ संकलन भएको अर्थ मन्त्रालयले जनाएको छ।

मोटरसाइकल हरायो

मिति २०८२/०७/०५ गते अन्दाजी २४:०० देखि २४:४५ बजेको समयमा ब्.न.पा.-१०, बालुवाखानी बन फायर कर्नर सेकुवाको पार्किङ बाट मेरो निम्न व्यहोरा भएको निलो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : गोपाल पुरी
मो.सा.नं.: बा.प्र.०२-०५६ प ४०४३
चेसिस नं.: MD2A13EX6SCK80172
इन्जिन नं.: DKXCSK04923
सम्पर्क न.: 9709090770

मोटरसाइकल हरायो

मिति २०८२/०७/०१ गते अन्दाजी १८:०० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.-२८, भृकुटीमण्डप स्थित मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : दिपक श्रेष्ठ
मो.सा.नं.: बा.प्र.०२-०६१ प ५७६१
चेसिस नं.: MD2A13EX5SCD84901
इन्जिन नं.: DKXCSC29463
सम्पर्क न.: 9849216287

घर/कोठा खाली गर्ने सम्बन्धमा का.म.न.पा. वडा नं.-४ बाट जारी भएको ३५ दिने सूचना

उपरोक्त सम्बन्धमा का.जि., बूढानीलकण्ठ न.पा. वडा नं. ५ बस्ने सकुल शाहले काठमाडौं महानगरपालिका वडा नं. ४ अन्तर्गत सुकेधारास्थित श्री नाती डंगोलको घरमा सहकारी सञ्चालन गर्ने प्रयोजनका लागि मिति २०८१ साल मंसिर महिनादेखि घरको २ वटा कोठाहरू बहालमा लिई आएकोमा मिति २०८१ साल फागुन महिनादेखि घरभाडा नबुझाएको र कोठाहरूमा तालाबन्दी गरी सम्पर्कमा समेत नआएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सम्पर्कमा आई तिर्नु बुझाउनुपर्ने घरभाडा बुझाउनुहुन र उक्त घर खाली गर्नुहुन जानकारी गराइन्छ। अन्यथा कानून बमोजिम हुनेछ।

VACANCY IN HYDROPOWER PROJECT

The group of hydropower development company developing projects in Lamjung and Khotang district is looking for following positions for under-construction projects.

S. No.	Post	Nos.	Educational Qualification	Experience
1	Project Engineer/ Resident Engineer	1	Bachelors in Civil Engineering	-Min 5 yrs in construction of hydropower projects
2	Civil Sub-Engineer/ Overseer	2	Diploma in Civil Engineering	Min 3 yrs in construction of hydropower projects
3	Surveyor	2	Diploma in Geometrics /Civil Engineering	

Interested persons are requested to send their updated CV along with a cover letter to following email address within 20th November 2025.
Email: hydro.vacancy@hotmail.com or hydrovacancy2081@gmail.com
Shortlisted candidates will be called for an interview.

एन.एम.बि. सेक्युरिटीज लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/१९)

यस एन.एम.बि.सेक्युरिटीज लिमिटेडको मिति २०८२ साल कार्तिक ११ गते मंगलबार बसेको संचालक समितिको ४१औं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा कम्पनीको पाँचौं वार्षिक साधारण सभा बस्ने भएको हुदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावको जानकारी तथा उपस्तीथीका लागी यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :
मिति : बि.सं. २०८२ साल मंसिर ०५ गते शुक्रवार (तदनुसार २१ नोभेम्बर २०२५)
समय : दिउसो ०१:०० बजे
स्थान : एन.एम.बि.सेक्युरिटिज लि. रजिष्टर कार्यलय नक्साल, १ काठमाण्डौं, नेपाल।
छलफलका विषयहरू :
१. संचालक समितिको अध्यक्षबाट पेशहुने आ.व. २०८१/०८२ को संचालक समितिको प्रतिवेदनमा छलफल गरी पारीत गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने।
३. आ.व. २०८२/०८३ का लागी वाह्य लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रामिक निर्धारण गर्ने।
४. संचालकहरूको गठन सम्बन्धमा।
५. विवध।

अध्यक्षको आज्ञाले,
कम्पनी सचिव
एन.एम.बि. सेक्युरिटिज लि.

Invitation for Bids
Proposal for Supply of Four Wheel Vehicle

Date of Publication: Nov 05, 2025
Deadline for Submission: Nov 11, 2025 (within 5:00 PM)

Citizens Bank International Limited established under the Bank and Financial Institution Act 2063, having its Head Office at Narayanhiti Path, Kathmandu invites sealed Bid for "Proposal for Supply of Four Wheel Vehicle" from Nepal Registered Suppliers.

Bids will be opened in the presence of Bidder's representatives who choose to attend on 11:00 hours of Nov 12, 2025. In case of holiday on the mentioned date; the bids will be opened on the same time on the next working date. Bidders who have submitted their proposals are expected to make their presence on a date and time allocated by the Bank. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the tender process, wholly or partly; any or all at any time without assigning any reason whatsoever.

Citizens Bank
General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977-01-5970068/01-4527044
Fax 977-01-4527044, Email: gsd@ctznbank.com
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
www.ctznbank.com

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

Notice for Submission of Proposals/Applications For Listing of Additional Engineering Consultants as Bank's Approved Valuer

Nepal SBI Bank Ltd. requests for proposals/application from eligible engineering consultancy firms/companies to be enlisted as approved Valuer of the Bank for its branches located at Attariya, Bargachhi, Belbari, Beltar, Besisahar, Chandrauta, Dharmadevi, Gaumukhi, Gulmi, Janakpur, Mahendranagar, Nepalgunj, Phidim, Sindhulimadi, Tikapur, Abukhaireni and Kathmandu Valley area. The eligibility criteria for enlistment of valuer are as follows:

- The applicant should be based in/around the area where the Branch is located.
- The Firm/Company should be registered with concerned Government Office/Department and the Inland Revenue Department as well.
- The Firm/Company should have on its roll qualified engineer(s) possessing **a minimum Degree of Bachelor's in Civil Engineering from Tribhuwan University or from a University/Institution recognized by Tribhuwan University.**
- **The Engineers should have at least 5 years' experience in the related field of valuation of properties or as an engineer in any of the Government Offices/Departments in related field including at least 2 (two) years as enlisted valuer of a Commercial Bank.**
- The applicant Firm/Company should furnish, on being selected as approved valuer of the Bank, a Bank Guarantee, valid minimum for 2 years and 6 months, for Rs. 5.00 lacs in favor of the Bank or Pledge of Fixed Deposit Receipt (FDR) of Rs. 3.00 lacs (under Dhanvriddhi Scheme) minimum for 2 years 6 months with the Bank.

Interested eligible firms/companies may submit their proposals/applications in free format along with bio-data and copies of relevant documents to the Bank's Corporate office, Kamaladi, Kathmandu, within **15 days** from the date of publication of the notice. Only the short-listed applicants will be notified for further process. The Bank will have the right of the rejection of any/all applications without assigning any reason whatsoever.

Note: The existing empaneled valuers of the Bank need not to apply again.

Reliable Life INSURANCE LTD. ...Reliable Forever
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
Reliable Nepal Life Insurance Limited
प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

जग्गा खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०८२/०७/१९ गते

यस कम्पनीले तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमका शर्तहरुको अधिन भित्र रही जग्गा वा सो मा बनेको भवन खरिद गर्नु पर्ने भएको हुनाले इच्छुक धनीहरुबाट यो बोलपत्र प्रकाशित भएको मितिले (३५) पैतिस दिन भित्र शिलबन्दी प्रस्ताव आह्वान गरिन्छ।

तपशिल

१. काठमाण्डौ उपत्यका : ज्ञानेश्वर, डिल्लीबजार, पुतलिसडक, नक्साल, बानेश्वर लगायत चक्रपथ भित्र तथा चक्रपथ आसपासका उपयुक्त व्यवसायिक स्थानमा न्यूनतम १ रोपनी वा ५०९ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत।

शर्तहरु :

१. बिक्री गरिने जग्गाको (Minimum) क्षेत्रफल माथि उल्लेख गरिए बमोजिम हुने र जग्गाको मोहोडा कम्तिमा ४० फिट सडक संग जोडिएको वा मुख्य बजार क्षेत्र भन्दा ५०० मि. भित्र कम्तिमा १५ फिट फराकिलो बाटो भएको हुनुपर्ने छ।
२. बिक्री गरिने जग्गाको प्रति रोपनी/प्रति आना मुल्य स्पष्ट खुल्नेगरि अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, सो सम्बन्धमा कुनै विवाद उठेमा अक्षरमा लेखिएको मुल्यलाई मान्यता दिइनेछ।
३. प्रस्तावित जग्गाको ब्लु प्रिन्ट, ट्रेस नक्सा, फोटो सहीतको (Location Map) तथा Google Map को Link सहित।
४. प्रस्तावित जग्गाको प्रमाणित रुपमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी, जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, चालु आ.व. को तिरो (मालपोत) तिरेको रसिदको प्रतिलिपी संलग्न हुनु पर्नेछ।
५. संस्थागत जग्गाको हकमा जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामा कागजात समेत पेश गर्नु पर्ने छ।
६. प्रस्ताव पेश गर्दा खाममा "रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको लागि जग्गा बिक्री प्रस्ताव" उल्लेख गरी शिलबन्दी बोलपत्र म्याद भित्र कम्पनीको **केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौं** वा पोष्ट ब. नं. ६४३ मा पठाउनु पर्नेछ।
७. उल्लेखित जग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्दा मामिला नरहेको, मोहियानी हक नरहेको बिक्री गर्ने व्यक्तिको जग्गा हदबन्दी भन्दा बढी नभएको र सोको स्वः घोषणा जग्गाधनीले पेश गर्नु पर्नेछ।
८. बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, एवम् अन्य संस्थाको स्वामित्वमा रहेको जग्गालाई विशेष प्राथमिकता दिईनेछ।
९. प्रस्तावित जग्गा खरिदको प्रकृया अगाडि बढाउने/नबढाउने, खरिद गर्ने/नगर्ने, सर्तमा सामान्य हेरफेर गर्ने नगर्ने सम्पूर्ण अधिकार कम्पनी सँग सुरक्षीत रहनेछ।

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)
बुद्धभुमि नेपाल हाईड्रोपावर कं. लि.
का.म.न.पा. वडा नं.३, पानीपोखरी, माहाराजगंज काठमाण्डौं
फोन नं. : ०१४००३०७० फ्याक्स नं. : ०१४००३०७०
Email: lowertadi@gmail.com Website: www. buddhabhumihydro.com

शेयर रजिष्ट्रार (Registrar to the Share) सम्बन्धी सूचना

यस बुद्धभुमि नेपाल हाईड्रोपावर कं. लिमिटेडको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको धितोपत्र सम्बन्धी अभिलेख राख्ने, शेयर अभौतिकरण गर्ने, प्रमाणपत्र वितरण गर्ने, नामसारी लगायत शेयरधनीहरुको शेयर लगत अद्यावधिक गरी राख्ने सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि **श्री प्रभु क्यापिटल लिमिटेड**, कमलादी, काठमाडौंलाई शेयर रजिष्ट्रार नियुक्त गरेकोले यस कम्पनीको शेयर रजिष्ट्रार अन्तर्गतको सम्पूर्ण कार्यहरु **श्री प्रभु क्यापिटल लिमिटेड** मार्फत हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभाव लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शेयर रजिष्ट्रारको पूरा नाम र ठेगाना
prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ५५७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड
रजिष्टर्ड कार्यालय का.म.न.पा.०१ नागपोखरी, काठमाण्डो, फोन नं. :०१-५९०२३३०
ईमेलः: riverfallshydropower@gmail.com वेभसाईटः www. riverfallshydro.com.np

अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०८२/०७/२६
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०८/०३

रिभर फल्स पावर लिमिटेडको हकप्रद शेयरको लागि २०८२/०५/२३ गतेदेखि मिति २०८२/०६/२६ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा १०,३८,९२४ कित्ता शेयरको लागि आवेदन नपरेकाले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ तथा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुको दफा (ड) मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न ईच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीलाई मिति २०८२/०७/०३ गतेभित्र तल उल्लेखित संकलन केन्द्रहरुमा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

तपशिल

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः
१.	श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं।
२.	श्री प्रभु बैंक लिमिटेडका शाखा कार्यालयहरु क्रमशः (१) विराटनगर शाखा (२) पोखरा शाखा (३) वीरगंज शाखा (४) हेटौंडा शाखा (५) बुटवल शाखा (६) सुर्खेत शाखा (७) धनगढी शाखा।

शर्तहरुः

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।
२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ। एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दा भिन्दै शिलबन्दी खामभित्र आवेदन दिनु पर्नेछ। लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ। **कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ**। साथै, शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनु पर्नेछ।
३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर तथा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन।
४. बोलपत्र दाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ। साथै, शिलबन्दी खाम बाहिर **अनिवार्य रुपमा आवेदकको नाम, ठेगाना, हितग्राही खाता नं., बैंकको नाम, बैंक खाता नं. र फोन नं. उल्लेख गरिएको हुनुपर्नेछ।**
५. बोलपत्र पेश गर्दा **न्यूनतम १०० कित्ता वा सो भन्दा बढीका लागि नियमक निकायले तोकिएको प्रति व्यक्ति/संस्था सिमाको अधिनमा रहने गरी माग अनुसारको कित्ताका लागि आवेदन दिन सकिने छ। दशमलव (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।** रु. ५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (PAN) आवेदन फारममा उल्लेख गर्नुपर्नेछ।
६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदातादाले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम **मिति २०८२/०८/०३ गते दिउँसो २:०० बजेभित्र** तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरी धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संग्लन गर्नु पर्नेछ। क्लियरिङ्ग हुने चेक जम्मा गरी आवेदन दिने अन्तिम मिति भन्दा पछि खातामा रकम जम्मा भएमा सो आवेदनलाई समावेश गरिने छैन। साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा प्रभु क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque/Manager's Cheque संलग्न गर्नुपर्नेछ। सो नभएको चेकलाई मान्यता दिईने छैन। साथै Good For Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ तथा रु. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम बोलपत्र आवेदन फारमका साथ बुझाउनु पर्नेछ।

सि.नं	बैंकको नाम तथा शाखाको ठेगाना	खाताको नाम	खाता नं.
१	प्रभु बैंक लिमिटेड, कमलादी शाखा	प्रभु क्यापिटल लिमिटेड (Prabhu Capital Limited)	१११००६३१८१६००१३३

७. Swift Transfer को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer आदेशको कपी र खातामा रकम जम्मा भएको कपी संलग्न गरी आवेदन दिन सक्नेछन्। यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भइसकेको हुनुपर्नेछ।
८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ। बोलपत्र आवेदक संगठित संस्था, फर्म वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN), कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ।
९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "रिभर फल्स पावर लिमिटेडको शेयर खरिद आवेदन" उल्लेख गरीएको हुनुपर्नेछ।
१०. बोलपत्र मिति २०८२/०८/०३ गते दिउँसो २:०० बजेभित्र यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नुपर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन।
११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन।
१२. प्राप्त बोलपत्रहरु सम्पूर्ण तोकिएका संकलन केन्द्रहरुबाट निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति, समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ।
१३. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदन फारमहरु कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुने कारणवश काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।
१४. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयरभन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ।
१५. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधी भित्रमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ। साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन।
१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ।
१७. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार निष्काशन कम्पनीको सञ्चालक समितिमा रहनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Ltd.)
प्रभु क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौं, नेपाल,
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

■ 'ए' डिभिजन लिग सार्ने निर्णयले कम्तीमा साढे तीन सय खेलाडी प्रभावित

'ए' डिभिजनको सट्टा राष्ट्रिय लिग गर्ने एन्फा र १४ क्लबको सहमतिको विरोध

एन्फा र १४ क्लबको सोमबार बसेको बैठकले ०७९ देखि हुन नसकेको लिगको सट्टा राष्ट्रिय लिग गर्ने निर्णय गरेको थियो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राष्ट्रियस्तरका खेलाडीहरूले सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिता खेल्न अझै थप १४ महिना प्रतीक्षा गर्नुपरेको छ। गत वैशाखमा अखिल नेपाल फुटबल संघ (एन्फा)को साधारणसभाले आगामी ९ पुसमा होम एन्ड अवे अवधारणाअनुरूप 'ए' डिभिजन लिग हुने पारित गरेको थियो। तर, एन्फाले तयारी नपुगेको र आर्थिक अभावले लिग घोषित मितिमा गर्न नसकिने बतायो।

सहभागी १४ क्लबहरूले होम एन्ड अवे आधारमा हुने लिगमा आफूहरू सहभागी हुन नसक्ने जनाएका थिए। नवनियुक्त खेलकुदमन्त्री बब्लु गुप्ताले सहिद स्मारक 'ए' डिभिजन लिगको बारेमा चासो राखेपछि एन्फाले सोमबार १४ क्लबका पदाधिकारीसँग सहमति गर्दै यस वर्ष 'ए' डिभिजन नभएर राष्ट्रिय लिग गर्ने सहमत गऱ्यो। यसै वर्ष घोषित लिग हुनुपर्ने अडान राखेका क्लबहरूले एन्फासँग ०८३ को पुसमा 'ए' डिभिजन लिग आयोजनाका लागि सहमति जनाए।

एन्फा र क्लबबिचको सहमतिपछि अधिकांश राष्ट्रियस्तरका खेलाडीले निर्णयको विरोध गरेका छन्। 'ए' डिभिजन लिगको आशामा बसेका खेलाडी यो वर्ष राष्ट्रिय लिग मात्र हुने भएपछि मंगलबार विरोधमा उत्रिएका हुन्। राष्ट्रिय टोलीका खेलाडीहरू अनन्त तामाङ, अञ्जन विष्ट, एरिका विष्ट तथा रोहित चन्दले सोसल मिडियाबाटै पछिल्लो निर्णयप्रति सीधै विरोध गरेका छन्। यसअघि नेपाल फुटबल खेलाडी संघले मंगलबारै एन्फा र क्लबबिच भएको सहमतिको विज्ञप्ति निकालेर विरोध गरेको थियो।

तीन वर्षअघि सम्पन्न लिगमा चर्च ब्वाइजलाई आफ्नो कप्तानीमा उपाधि दिलाएका अनन्तले खेलाडीलाई जिउँदै मार्ने काम नगर्न आग्रह गरेका छन्। 'हामी खेलाडीलाई जिउँदै नमार्नुहोस्,' उनले भने, 'हामी खेलाडीको अभिभावक संस्था एन्फाले क्लबसँग मिलेर एक विज्ञप्तिमार्फत अझै १३ महिना लिग नहुने घोषणा गऱ्यो। म आफू 'ए' डिभिजन लिगको साबिक विजेता चर्च ब्वाइजका कप्तान तथा सो लिगको सर्वोत्कृष्ट खेलाडी पनि हुँ,' अनन्तले भने, 'सामान्य अवस्था हुन्थ्यो भने म त्यसपछि अझै दुई संस्करणको लिगमा उपाधि जोगाउन वा जित्न खेलिरहेको हुन्थें, तर त्यो सौभाग्य मैले पाउन सकिनँ।'

राष्ट्रिय टोलीका एट्याकिङ मिडफिल्डर रोहितले लिग नभएका कारण खेलाडीहरू बाध्य भएर विदेश पलायन भइरहेको बताए। 'ए डिभिजन लिग अझै कतिपटक सर्ने हो ? खेलाडीहरू रहरले विदेश पलायन भएका होइनन्, अव्यवस्थित र दूरदृष्टिविहीन प्रणालीका कारणले गर्दा हो,' चन्दले सोसल मिडियामा भनेका छन्, 'अब अर्को वर्ष बल्लतल्ल लिग होला, तर बी र सी डिभिजनका खेल कहिले हुन्छ ? लिगको प्रतीक्षामा रहेका अधिकांश खेलाडी अन्ततः बिदेसिन बाध्य हुने नै भए त ?




हरि खड्का र नीराजन रायमाझीसँगै राष्ट्रिय टोलीबाट कीर्तिमानी रूपमा १३ गोलका बराबरी गरेका अञ्जन विष्टले पुनः एकपटक लिग नहुने भएपछि आफूहरू दुःखी भएको बताएका छन्। यसअघि विष्टले लिग सञ्चालन हुँदा साढे दुई वर्षको प्रतीक्षा समाप्त हुने भन्दै खुसी जनाएका थिए। 'फन्डै साढे दुई वर्ष 'ए' डिभिजनविहीन भएर बसेका हामी 'ए' डिभिजन खेल्न योग्य रहेका खेलाडी मैदानमा रमाउने र आफ्ना आवश्यकता परिपूर्ति गर्ने अवसर पाउने भएका छन्,' उनले भनेका थिए, 'तर अब यो अर्को वर्ष मात्र हुने भएको छ।'

खेलाडी खेल्नबाट वञ्चित

खेलाडी संघका अध्यक्ष विक्रम लामाले लिगको साइकल पूरा नहुँदा खेलाडीहरू वार्षिक रूपमा खेल्न पाउने अधिकारबाट वञ्चित भएको बताएका छन्। लामाले विज्ञप्तिबाट एन्फा र क्लबबिचको सहमतिले खेलाडीहरू अवसरबाट वञ्चित भएको जनाए। 'एन्फाले गर्ने भनेको राष्ट्रिय लिगमा १० टोली मात्र सहभागी हुने र यसले नेपाली फुटबल वृत्तमा रहेका अधिकांश खेलाडीका लागि पर्याप्त अवसर नहुने हाम्रो बुझाइ हो,' लामाले भने, 'एन्फाले नेपालमा लिग नगर्दा यसले ए डिभिजनका १४, 'बी' डिभिजनका १४ क्लब र सी डिभिजनका १४ गरी कुल ४२ क्लबको उपस्थिति पुनः अर्को वर्ष नहुने पक्का भएको छ। यसो हुँदा हरेक क्लबबाट न्यूनतम ३० र अधिकतम ५० गर्दा १२५० देखि २१०० खेलाडी अर्को एक वर्ष खेल्नबाट वञ्चित भएका छन्।'

खेलाडीलाई जिउँदै नमार्नुहोस्

● **अनन्त तामाङ**, खेलाडी



हामी खेलाडीलाई जिउँदै नमार्नुहोस्। एन्फाले क्लबसँग मिलेर एक विज्ञप्तिमार्फत अझै १३ महिना लिग नहुने घोषणा गऱ्यो। म आफू 'ए' डिभिजन लिगको साबिक विजेता चर्च ब्वाइजका कप्तान तथा सो लिगको सर्वोत्कृष्ट खेलाडी पनि हुँ। लिग हुँदा उपाधि जोगाउन वा जित्न खेलिरहेको हुन्थें, तर त्यो सौभाग्य मैले पाउन सकिनँ।

लिग कतिपटक सर्ने हो ?

● **रोहित चन्द**, खेलाडी



ए डिभिजन लिग अझै कतिपटक सर्ने हो ? खेलाडीहरू रहरले विदेश पलायन भएका होइनन्। अव्यवस्थित र दूरदृष्टिविहीन प्रणालीका कारणले गर्दा हो। अब अर्को वर्ष बल्लतल्ल लिग होला। लिगको प्रतीक्षामा रहेका अधिकांश खेलाडी अन्ततः बिदेसिन बाध्य हुने नै भए त ?

खेलाडीले एक वर्ष प्रतीक्षा गर्नुपर्ने भयो

● **विक्रम लामा**, अध्यक्ष, खेलाडी संघ



एन्फाले गर्ने भनेको राष्ट्रिय लिगमा १० टोली मात्र सहभागी हुने र यसले अधिकांश खेलाडीका लागि पर्याप्त अवसर नहुने हाम्रो बुझाइ हो। लिग नहुँदा हरेक क्लबबाट न्यूनतम ३० र अधिकतम ५० गर्दा १२५० देखि २१०० खेलाडी अर्को एक वर्ष खेल्नबाट वञ्चित भएका छन्।

राष्ट्रिय लिगमा केन्द्रित एन्फा

एन्फाले यस वर्ष राष्ट्रिय लिग आयोजना गरेर लिगको चक्र पूरा गर्ने जनाएको छ। त्यसमा पनि ०७९ को लिगका शीर्ष ६ क्लब मात्रै प्रतिस्पर्धा गर्न पाउने छन्। बाँकी टोलीहरू हेटौंडामा आयोजना हुने एन्फा प्रेसिडेन्ट कपबाट आउनेछन्। राष्ट्रिय लिगमा रेलिगेसनको व्यवस्था छैन। चर्च ब्वाइज, मच्छिन्द्र, नेपाल पुलिस, जावलाखेल, सातदोबाटो र न्युरोड टिम (एनआरटी)जस्ता क्लब रेलिगेसनमा पर्नेछैन। हेटौडामा हुने एन्फा प्रेसिडेन्ट लिगको सेमिफाइनलमा पुग्ने चार टोली गरी १० टोलीबिच राष्ट्रिय लिग गराउने सहमति भएको थियो। राष्ट्रिय लिगमा बाँकी आठ 'ए' डिभिजन क्लबले प्रतिस्पर्धा गर्न पाउनेछैनन्। चर्च-ब्वाइजका कप्तान अनन्तले क्लबका प्रतिनिधिहरूसँग लिग आयोजनाको आग्रह गरेका छन्।

■ झापा महिला गोल्डकप

रश्मिको ह्याट्रिकमा एपिएफको सहज जित



एपिएफ क्लबले सिक्किमको सिडलिङ स्पोर्टिङ क्लबमाथि ७-० को सहज जित निकाल्दै झापा महिला गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको छ

झापामा चिरञ्जीवी घिमिरे

नेपाल एपिएफ क्लबले मंगलबार सिक्किमको सिडलिङ स्पोर्टिङ क्लबमाथि ७-० को सहज जित निकाल्दै झापा माहिला गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको छ। दुधे रंगशालामा विदेशी टोली सिडलिङ स्पोर्टिङविरुद्ध स्ट्राइकर रश्मिकुमारी घिसिङले ह्याट्रिक लगाएकी थिइन्। अब एपिएफले फाइनल प्रवेशका लागि बिहीबार त्रिभुवन आर्मी र आरएस पोखरा एफसीको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। एपिएफको जितमा कप्तान अनिता बस्नेतले दुई गोल गरिन्। सविता राना मगर र अनिता बस्नेतले समान एक गोल गरे।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीका अधिकांश खेलाडी रहेको एपिएफसामु विद्यालय र जिल्ला स्तरका खेलाडी समावेश गरेर आएको सिक्किम निरिह बन्न पुग्यो। एपिएफले पहिलो हाफमा पाँच र दोस्रो हाफमा सिक्किमको पोस्टमा दुई गोल गरेको थियो। सिक्किमविरुद्ध एपिएफले खेलको २९औं मिनेटमा १-० को अग्रता बनायो। सविता रानाले कप्तान अनिताको क्रममा पहिलो बारमा गोल गरेकी हुन्।

खेलको ३८औं मिनेटमा एपिएफकी कप्तान अनिताले २-० को अग्रता दिलाइन्। अनिता केसीले डिबक्सबाहिरबाट दिएको क्रसमा डिबक्सभित्र अनमार्क रहेकी बस्नेतले दोस्रोको कुना च्याप्दै गोल गरेकी हुन्। खेलको ४१ औं मिनेटमा रश्मि कुमारीले व्यक्तिगत पहिलो गोल गरिन्। उनले सविता रानाको पासमा गोल गरेकी हुन्। पहिलो हाफको इन्जुरी समयमा रश्मिकुमारीले टोलीलाई ४-० को अग्रता दिलाइन्। उनले यसपटक सिक्किमका दुई डिफेन्डरलाई बिट गर्दै उत्कृष्ट गोल गरिन्।

इन्जुरी समयमै कप्तान बस्नेतले व्यक्तिगत दोस्रो गोल गर्दा एपिएफ ५-० ले अघि रह्यो। एपिएफको दबाबका कारण निकै थकित देखिएको सिक्किमका खेलाडीले दोस्रो हाफमा केही सम्हालिएर खेल्यो। खेलको ७१औं मिनेटमा एपिएफकी अनिता केसीले ६-० का लागि गोल गरिन्। खेलको ८४औं मिनेटमा रश्मिकुमारीले आफ्नो ह्याट्रिक पूरा गरिन्। सिक्किमका खेलाडीले एपिएफको बलियो डिफेन्सलाई तोड्न सकेन। खेलको ८०औं मिनेटमा सिक्किमकी सुक्रिया मगरले एपिएफकी वैकल्पिक गोलरक्षक सावित्री किसानसँग वान भर्सेस वानमा गोल गर्न सकिनन्।

खेलाडीले राम्रो प्रदर्शन गरे

● **जीवेशकुमार पाण्डे**, प्रशिक्षक, एपिएफ



हामी केही अन्तर्राष्ट्रिय खेलपछि घरेलु प्रतियोगिता खेल्दै छौं। समग्रमा खेलाडीले राम्रो प्रदर्शन गरे। विपक्षी टिमजस्तो भए पनि हामीले हाम्रो रणनीतिअनुसार खेल खेल्ने हो। खेलाडीले पनि रणनीतिअनुसार खेले। हाम्रा सबै खेलाडी राम्रा छन्। बेन्च पनि राम्रो छ। हामीले घरेलु प्रतियोगिताको उपाधि जित्दै आएका छौं। यसपटक पनि यसलाई निरन्तरता दिने लक्ष्य छ। हामी यो प्रतियोगितापछि साफ क्लब च्याम्पियन्सिप खेल्दै छौं।

हामी अनुभवका लागि खेल्न आएका थियौं

● **लाकु फुटी भुटिया**, प्रशिक्षक, सिक्किम



हाम्रा लागि एपिएफ डर लाग्दो चुनौती हो। हामी विद्यालय र जिल्लास्तरमा खेल्ने खेलाडी लिएर आएका थियौं। यहाँ हामी अनुभवका लागि खेल्न आएका हौं। एपिएफमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने खेलाडी छन्। खेलाडीले सुरुमा गोल खाँदा अतालिए। दोस्रो हाफमा चाहिँ हाम्रो रणनीतिअनुसार नै खेले। दोस्रो हाफ केही राम्रो भयो। हाम्रा खेलाडीले जुन प्रदर्शन दिनुपर्ने हो त्यो दोस्रो हाफमा मात्र दिन सके।

■ विश्वकप क्रिकेट लिग २

युएईविरुद्ध जितको खोजीमा नेपाल



नयाँ पत्रिका

आइसिसी विश्वकप लिग २ अन्तर्गत दुबईमा चलिरहेको सिरिजमा नेपाली राष्ट्रिय पुरुष टोली जितविहीन छ। सिरिजमा नेपालले बुधबार घरेलु टोली युएईविरुद्ध खेल्दै छ। सुरुवाती दुई खेलमा नेपालले खराब ब्याटिङ र बलिङ प्रदर्शन गरेको थियो। तेस्रो खेलमा शीर्ष स्थानमा रहेको अमेरिकाविरुद्ध उत्कृष्ट ब्याटिङ गरे पनि फिल्डिङ र बलिङमा फितलो प्रदर्शन भएपछि हारको सामना गऱ्यो। लगातार तीन खेलमा हार सामना गरेको नेपाल कम्तीमा एक जितका साथ युएईको भ्रमण सकाउने पक्षमा देखिन्छ।

अस्ट्रेलियन प्रशिक्षक स्टुवार्ट लको प्रशिक्षणमा रहेको नेपालले यसपटक सबै क्षेत्रमा गतिलो प्रदर्शन सकिरहेको छैन। नेपाल १९ खेलमा १२ अंक जोडेर सातौं स्थानमा छ। युएईमा नेपालले आफूअनुकूल नतिजा निकाल्दा नामिबियालाई पछि पार्ने अवसर थियो। साथै, नेपालको एकदिवसीय विश्वकप छनोट यात्रा तय गर्न सिरिजका बाँकी सबै खेल महत्त्वपूर्ण रहनेछ।

> लगातार तीन खेलमा हारको सामना गरेको नेपाल चौथो खेलमा जितका साथ यात्रा सकाउने योजनामा

पावर प्ले र डेथ ओभर बलिङ समस्या

टी-२० वा एकदिवसीय खेलमा एउटै समानता छ। पावर प्ले तथा डेथ ओभरमा नेपालका अनुभवी बलरले उत्कृष्ट प्रदर्शन गर्न सकेका छैनन्। यसै दुई पक्षमा अमेरिका र युएईका ब्याट्सम्यानले फाइदा उठाए।

अमेरिकासँगको दोस्रो खेलमा नेपालले अन्तिम १० ओभरमा ७१ रन दिएको थियो। यही नै हारको प्रमुख कारण बन्यो। यसैगरी, पहिलो खेलमा पनि अमेरिकाले नेपालविरुद्ध अन्तिम १० ओभरमा ९१ रन खोसेको थियो। लक्ष्य पछ्याउँदा नेपालका ब्याट्सम्यानले फिनिसिङ टच गर्न सकेका छैनन्। नेपालका कप्तान रोहित पौडेलले अमेरिकासँगको खेलपछि खेलाडीहरू फिनिसिङमा चुकेको बताएका थिए। 'अहिले मुख्य समस्या नै फिनिसिङ नहुनु हो,' उनले भने, 'साथै डेथ ओभर पनि त्यति राम्रो भएको छैन।'

टी-२० फर्म्याटमा बढी केन्द्रित

नेपाल क्रिकेट संघ (क्यान)ले पछिल्लो चार महिना खेलाडीहरूलाई अन्तर्राष्ट्रिय क्रिकेटमा व्यस्त बनाएको थियो। यद्यपि, खेलाडी टी-२० आई र सिरिजमै केन्द्रित भए। क्यान र खेलाडीहरूको एउटै लक्ष्य थियो लगातार दोस्रोपटक र समग्रमा तेस्रोपटक आइसिसी पुरुष टी-२० विश्वकपमा छनोट हुने। तेस्रोपटक टी-२० विश्वकप खेल्ने नेपालको सपना पूरा भयो। तर, खेलाडीहरू आक्रामक रूपमा प्रस्तुत हुने टी-२० फर्म्याटमै बढीजसो समय बिताउँदा यसको असर एकदिवसीय खेलमा प्रस्ट देखियो। नेपालले पछिल्लो चार महिनादेखि ५० ओभरको कुनै खेल वा अभ्यास खेलेन। स्कटल्यान्डमा भएको लिग दुई खेलछि नेपाली टोलीले एकदिवसीय खेल नै खेलेन।

अहिले चलिरहेको सिरिजमा नेपालको प्रमुख कमजोरी नै ब्याटिङ हो। शीर्षदेखि मध्यक्रमका खेलाडीहरूले तीन वटै खेलमा गतिलो साझेदारी बनाउन सकेनन्। प्रत्येक विकेटका लागि राम्रो साझेदारी बन्दा विपक्षीलाई ठुलो चुनोती वा लक्ष्यसमेत पछ्याउन सकिन्छ। अमेरिकाले पहिलो खेलमा मध्यम योगफल दिँदा पनि नेपाली खेलाडी निर्धारित ५० ओभरसम्मै क्रिजमा टिक्न सकेनन्।

■ समृद्धि खुला महिला बास्केटबल आजदेखि

काठमाडौं/ नेपाल बास्केटबल संघको सहकार्य र एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा बुधबारदेखि समृद्धि खुला महिला बास्केटबल च्याम्पियनसिप हुँदै छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुने च्याम्पियनसिपमा सिनियर र जुनियरतर्फ समान चार टोलीको सहभागिता रहने संघका अध्यक्ष भीमसिंह गुरुङले जानकारी दिए। प्रतियोगितामा राष्ट्रिय टोलीका खेलाडी रहने उनले बताए। संघले पहिलोपटक महिलाको सिनियर र जुनियरका प्रतियोगिता एकसाथ गराउन लागेको हो। यही प्रतियोगिताको समयमा नेपालका केही टोली सिक्किममा हुने बास्केटबल प्रतियोगिता पनि खेल्न गएकाले थोरै टिम सहभागी भएको गुरुङले बताए। २४ कात्तिकसम्म हुने च्याम्पियनसिपमा सिनियरतर्फ डबल राउन्ड रोविन र जुनियरको एकल राउन्ड रोविनको आधारमा प्रतिस्पर्धा हुनेछ। सिनियर विजेताले ४० हजार र उपविजेताले २० हजार रुपैयाँ पाउनेछन्। जुनियरतर्फ भने पुरस्कारको राशि राखिएको छैन।



एभरेस्ट महिला भलिबल लिग २६ कात्तिकदेखि

कास्की/ गत भदौमा जेन-जी प्रदर्शनको कारण रोकिएको दोस्रो एभरेस्ट महिला भलिबल लिगको बाँकी खेल २६ देखि २९ कात्तिकसम्म हुने भएको छ। इन्फिनिटी ड्रिम्स प्रालिले पोखरा रंगशालास्थित बहुउद्देश्य कभर्डहलमा रोकिएको भलिबल लिग सुरु हुने जानकारी दिएको छ। जेन-जीको प्रदर्शनका कारण परिस्थिति असहज भएपछि लिग २४ भदौमा रोकिएको थियो। 'नेपाल भलिबल संघबाट स्वीकृति पाएपछि नयाँ मिति तय भएको हो,' आयोजकले भन्यो, 'लिग रोकिँदा १६ मध्ये नौ खेल सकिएको थियो अब बाँकी सात खेलको नयाँ मिति तय भएको छ।'

लिगमा पोखरा निन्जाज, काठमाडौं स्पाइकर्स, ललितपुर क्विन्स, कर्णाली यसबिस, मधेश युनाइटेड र लुम्बिनी लाभा गरी ६ फ्रेन्चाइज टोली सहभागी छन्। ६ फ्रेन्चाइज टोलीमा समान तीन विदेशी खेलाडी छन्। सबैभन्दा धेरै थाइल्यान्डका पाँचजना र नेदरल्यान्ड्सका तीन विदेशी खेलाडी आबद्ध छन्। ब्राजिल र रुसबाट समान दुई खेलाडी रहेका छन्। क्रोएसिया, अमेरिका, बुल्गेरिया, कीर्गिस्तान, रोमानिया र गिसिका समान एक जना खेलाडी पोखरा आएका थिए।

तीन खेल खेलिसक्दा अपराजित ललितपुर र कर्णालीले समान नौ अंक बनाएका छन्। सेटका आधारमा ललितपुर शीर्ष र कर्णाली दोस्रो स्थानमा रहेको छ। काठमाडौं र लुम्बिनीले समान तीन खेलमा दुईमा हार र एकमा जित निकाली तीन अंक बनाएका छन्। मधेश तेस्रो र काठमाडौं चौथो स्थानमा रहेको आयोजकले जनाएको छ।

■ दोस्रो नेपाल प्रिमियर लिग

इंग्ल्यान्डका विकेटकिपर जोहन काठमाडौंमा



इंग्ल्यान्डको चर्चित काउन्टी क्रिकेटमा ४५२ खेल खेलेका जोहन सिम्पसन पाँचौं विदेशी खेलाडीका रूपमा काठमाडौं गोर्खाजमा आबद्ध

नयाँ पत्रिका

इंग्ल्यान्डको राष्ट्रिय टोलीबाट खेलिसकेका विकेटकिपर ब्याट्सम्यान जोहन सिम्पसनले काठमाडौं गोर्खाजबाट दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिता खेल्ने भएका छन्। काठमाडौंले भित्र्याएका जोहन पाँचौं विदेशी खेलाडी हुन्। यसअघि इंग्ल्यान्डमा खेल्दै आएका दक्षिण अफ्रिकाका विकेटकिपर रिकार्डो भास्कोनेसेलोस, नामिबियाका कप्तान जेरहार्ड इरसमस, अमेरिकी ब्याट्सम्यान मिलिन्द कुमारलाई र इंग्लिस काउन्टीमा आबद्ध बेन चाल्सवर्थ काठमाडौंमा अनुबन्ध भएका थिए।

३७ वर्षे जोहनले इंग्ल्यान्डबाट तीन एकदिवसीय अन्तर्राष्ट्रिय खेलिसकेका छन्। सन् २०२१ मा पाकिस्तानले इंग्ल्यान्डमा सिरिज खेल्दा जोहनले तीनवटै एकदिवसीय खेल खेलेका थिए। लर्डस्मा पाकिस्तानविरुद्धको दोस्रो एकदिवसीय अन्तर्राष्ट्रियमा उनले १७ रन बनाउनुका साथै विकेटपछाडि पाँच क्याच लिएका थिए। 'जोहन आफ्नो नेतृत्व क्षमता, अनुभव र संयमताका साथ काठमाडौंमा आउनेछन्,' काठमाडौंका मुख्य प्रशिक्षक मोन्टी देसाईले भने, 'उनले काउन्टीमा वर्षौंदेखि राम्रो प्रदर्शन गर्दै आएका छन्।' जोहनले काउन्टी क्रिकेटमा ससेक्सको कप्तानी जिम्मेवारीमा छन्। काउन्टी क्रिकेटकै अनुभवी खेलाडी आउँदा काठमाडौंको ब्याटिङ लाइन बलियो हुने प्रशिक्षक देसाईले बताए। 'ब्रिटिस खेलाडीको आगमनले हाम्रो हाम्रो ब्याटिङ र विकेट किपिङ पक्ष थप मजबुत बनाएको छ,' उनले भने।

एनपिएलमा जोडियो एक्सपर्ट एजुकेसन

दोस्रो एनपिएलमा शैक्षिक परामर्शदाता एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेज एजुकेसनल कन्सलटेन्सी पार्टनरमा बनेको छ। नेपाल क्रिकेट संघ (क्यान) र एक्सपर्ट एजुकेसनबिच एनपिएलको आधिकारिक एजुकेसनल कन्सल्टेन्सी पार्टनरका रूपमा सम्झौतापत्रमा हस्ताक्षर भएको छ। एक्सपर्ट एजुकेनी लामो समयदेखि विभिन्न तहका क्रिकेट प्रतियोगितामा संलग्न रहँदै आएको छ। क्यानका सचिव तथा पूर्वराष्ट्रिय टोलीका कप्तान पारस खड्का सात वर्षदेखि एक्सपर्ट एजुकेसनका ब्रान्ड एम्बेसडरका रूपमा रहेका छन्।

जनकपुरको नयाँ जर्सी

साबिक विजेता जनकपुर बोल्ट्सले दोस्रो सिजनका लागि जर्सी सार्वजनिक गरेको छ। जर्सीमा प्रयोग भएको बैजनी रङले जोश, गाढा निलो रङले तागत र सेतो रङले स्पष्टताको प्रतिनिधित्व गर्दै समग्र मधेशलाई एकताको भाव झल्किने गरी जर्सी निर्माण गरिएको जनकपुरले जनाएको छ। पहिलो संस्करणको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले हराउँदै जनकपुर विजेता बनेको थियो। राष्ट्रिय टोलीका ओपनर आरिफ शेख जनकपुरका मार्की खेलाडी हुन्।

टी-१० मा १२ टोली सहभागी



काठमाडौं/ तेस्रो कर्पोरेट टी-१० क्रिकेट प्रतियोगिता २१ र २२ कात्तिकमा काठमाडौंको चुनीखेलमा हुने भएको छ। सिई कन्स्ट्रक्सनको आयोजना र चित्रा स्पोर्ट्स्को सहकार्यमा आयोजना हुने प्रतियोगितामा १२ वटा टोलीको सहभागिता रहनेछ। आयोजकले मंगलबार समूह घोषणा, ट्रफी तथा जर्सी अनावरण गरेको छ। प्रतियोगिता निर्देशक अमित पौडेलले नेपालमा क्रिकेट संस्कृति विकास गर्न कर्पोरेट क्षेत्र क्रिकेटसँग जोडिनु महत्त्वपूर्ण रहेको बताए। टेक्निकल निर्देशक रवीन्द्र गुप्ताले प्रतियोगिताको प्राविधिक पाटोबारे जानकारी गराए।

प्रतियोगितामा प्रत्येक टोलीमा १० जना खेलाडी रहनेछन्। १० ओभरको मात्र खेल हुने लिगमा सहभागी टोलीले पहिलो प्लेइङमा आठ खेलाडी राख्नुपर्ने गुप्ताले बताए। प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। उत्कृष्ट खेलाडीले १० हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट ब्याट्सम्यान, बलर र विकेटकिपरले समान पाँच हजार रुपैयाँ तथा प्रत्येक खेलको प्लेयर अफ द म्याचले पाँच सय ५० रुपैयाँ प्राप्त गर्नेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com